# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## वर्गदृष्टि साप्ताहिक र मूलबाटो डटकम प्रकाशन ११ बर्षमा प्रवेश

काठमाडौं । वर्गदृष्टि साप्ताहिक र मूलबाटो डटकम प्रकाशन दशवर्ष पूरा गरी असारको पहिलो हप्ताबाट एघारौं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा हामी हाम्रा पाठक, विज्ञापनदाता, लेखक, कर्मचारी, पत्रकार तथा प्रकाशनलाई प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनु हुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं । र, सबैमा बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं । साथै, प्रकाशनको निरन्तरता, स्तरीकरण र प्रभावकारिताका लागि आगामी दिनमा थप बाँकी ७ पेजमा


वर्ष ११ अङ्क २ पूर्णाङ्क ४७२ | २०८३ असार १५ गते सोमबार | Monday, 29 June, 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।–


# गरिब–सुकुम्बासीमाथि बालेन सरकारको अमानवीय क्रूरता



काठमाडौं । 'नेपो बेबी'को रूपमा काठमाडौंमा सरकारी जागिरे र जमिन्दार घर परिवारमा जन्मिएर पुँजीवादी सम्भ्रान्तवर्गीय पश्चिमा संस्कृति (र्‍याप कल्चर)मा हुर्किएका बालेन्द्र साहलाई गरिब र गरिबीको कुनै अनुभव र अनुभूति छैन । उनले गरिब नेपाली जनताको कुनै भावना, चाहना र आवश्यकता बुझ्न र बोध गर्न सक्दैनन् । सस्तो लोकप्रियताका लागि बनावटी र देखावटी प्रहसन गर्नु अर्कै कुरा हो । तर उनको रगतमा, उनको जिनमा, उनको दील दिमागमा गरिबप्रति वितृष्णा छ, घृणा छ । उनले किसानलाई 'फोहरी' देख्छन् । सुकुम्बासीलाई 'अपराधी' । मजदुर र विध्यार्थीलाई 'स्लिपर सेल' देख्ने बालेन्द्र साहले कम्युनिस्ट माओवादीलाई 'आतंककारी/हत्यारा' देख्छन् । समग्रमा उनी दलाल तथा नोकरशाही पुँजीपति वर्गको असली 'नोकर' वा अर्को भाषामा असली 'प्रतिनिधि' हुन्, जहाँ गरिब, सुकुम्बासी, मजदुर, किसानको कुनै अस्तित्व हुँदैन केवल उनीहरूमाथि शोषण, अन्याय, अत्याचार, विभेद र उत्पीडन मात्रै हुन्छ । बालेन्द्र साह काठमाडौंको मेयरदेखि प्रधानमन्त्री भएपछि उनले गरेका र प्राथमिकतामा राखेर गरेको कामको प्रमुख प्रहार श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायमाथि नै गरेका छन् ।

पछिल्ला दुई(तीन वर्षमा घटेका शृङ्खलाबद्ध घटनाक्रमहरूले बालेन सरकारलाई 'पपुलिजम' (लोकप्रियतावाद) को जामा पहिरिएर गरिब र सीमान्तकृत समुदायमाथि निर्मम प्रहार केन्द्रित गरेको सर्वत्र आरोप लागिरहेको छ ।

प्रधानमन्त्री बनेपछि बालेन्द्र साहले तत्कालै एकल र ठाडो निर्देशनमा काठमाडौं नदी किनारका सुकुम्बासी तथा अव्यवस्थित बस्ती खाली गराउन् भनेर सेना, सशस्त्र, जनपद र नगर प्रहरी एकसाथ परिचालन गरे । चौबिस घण्टाको पनि सुचना नदिई ६०–७० वर्षदेखि बसोबास गर्दै आएका सुकुम्बासी तथा अव्यवस्थित नागरिकहरूका घरहरू डोजर लगाएर ध्वस्त पारिदियो । र, केही नागरिकलाई होल्डिङ सेन्टरमा लगेर राखियो । दुई महिना बितिसक्दा पनि कुनै स्थायी विकल्प त्यहाँबाट लेखेट्ने उर्दी जारी गरेको छ । त्यसको विरुद्धमा अहिले चौतर्फी रूपमा व्यापक विरोध भइरहेको छ । तर सरकारले भने अमानवीय क्रूरता प्रदर्शन गरिरहेको छ ।

मध्यम र उच्च वर्गका लागि काठमाडौंका सडकहरू चौडा र सफा देखिनु, बस्ती हटाएर सौन्दर्यीकरण गर्नु नै विकास हो । बालेनले यही वर्गको सेन्टिमेन्ट (भावना)लाई सम्बोधन गर्ने भुइँमान्छेको पेटमा लात हानिरहेको छ ।

कुनै पनि सहर तब मात्र सुन्दर र जीवन्त बन्छ, जब त्यहाँ बस्ने सबैभन्दा कमजोर नागरिकले पनि सुरक्षित महसुस गर्छ । यदि सहरका चिल्ला सडक र पार्कहरू गरिब र श्रमजीवीको आँसुमाथि निर्माण हुन्छन् भने, त्यसलाई वास्तविक विकास भन्न सकिँदैन ।

कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकारको सफलताको मापन उसले समाजको सबैभन्दा तल्लो वर्गलाई कसरी व्यवहार गर्छ भन्ने कुराबाट निर्धारण हुन्छ । सहरको सौन्दर्य श्रमजीवी वर्गको लास र आँसुमाथि मात्रै निर्माण हुन सक्छ ? फुटपाथ व्यापारीमाथिको बर्बरता, सुकुम्बासी बस्तीमाथिको बल्डोजर धावा, कवाडी व्यवसायीहरूको उठीबास, र मजदुरहरूको संगठित हुन पाउने अधिकारमाथिको बन्देज जस्ता घटनाक्रमले बालेन प्रशासनको भित्री चरित्रलाई 'गरिबमारा' साबित गर्दै लगेको छ । सुरुमा काठमाडौंका सडकमा ठेलागाडा, साइकल वा डोको, नाङ्लोमा सामान बेचेर गुजारा गर्ने साना व्यापारीहरूलाई लखेटियो । सुन्धारा, रत्नपार्क, र नयाँ बानेश्वरका सडकमा महिला, अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धाहरूलाई नगर प्रहरीले घिसार्दै गरेका, रोइकरोइ बिन्ती गर्दा पनि ठेलागाडा खोसेर ट्रकमा हालेका दृश्यहरू सामाजिक सञ्जालमा भाइरल भए । अहिले अनौपचारिक अर्थतन्त्रमा आश्रित करिब ५० हजारभन्दा बढी बाँकी ७ पेजमा


## विना स्थायी विकल्प होल्डिङ सेन्टरबाट सुकुम्बासीहरुलाई हटाइए सशक्त संघर्ष गर्ने चार कम्युनिष्ट पार्टीका नेताहरुको चेतावनी




काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेकपा (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिष्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले आयोजना गरेको सुकुम्बासी विस्थापनका विरुद्ध विरोध प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै उल्लेखित चारवटै कम्युनिस्ट पार्टीका नेताहरूले विना स्थायी विकल्प जबर्जस्त होल्डिङ सेन्टरबाट सुकुम्बासीहरूलाई विस्थापित गरिए देशव्यापी रूपमा सशक्त संघर्ष गर्ने चेतावनी दिएका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय नेता प्रकाश खतिवडा, नेकपा (बहुमत)का नेता बाबुराम गजमेर, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका नेता बाँकी ७ पेजमा

# देशव्यापी सुकुम्बासीहरुको न्यायपूर्ण संघर्षमा भाग लिन पार्टीपंक्तिलाई क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्देशन

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस वक्तव्य जारी गर्दै देशव्यापी सुकुम्बासीहरूको न्यायपूर्ण संघर्षमा भाग लिन पार्टीपंक्तिलाई निर्देशन दिएको छ । पार्टी प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा सुकुम्बासीहरूमाथि डोजर लगाउने र आफैले राखेका होल्डिङ सेन्टरहरूाट विना विकल्प बलपूर्वक निकाल्ने बालेन्द्र सरकारको सूचनाप्रति गम्भीर रूपमा ध्यानाकर्षण भएको भन्दै समुचित वैकल्पिक व्यवस्था नगरिकन सुकुम्बासीहरूलाई होल्डिङ सेन्टरबाट हटाउने र सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने कार्यले सरकार फासिस्ट साबित हुँदै गएको उल्लेख गरिएको छ । बाँकी ७ पृष्ठमा



संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं ! | मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल
Revolutionary Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

मिति : ..............................

**प्रेस-वक्तव्य**

कठपुतली बालेन्द्र सरकारले थप सुकुम्बासी बस्तीहरूमाथि डोजर लगाउने र आफैले राखेका होल्डिङ सेन्टरहरूबाट सुकुम्बासी परिवारलाई पुन: बलपूर्वक लखेट्ने सुचनाले हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण गरेको छ । संघर्षरत सुकुम्बासीहरूसँग वार्ता तथा संवाद गरी वर्षौंदेखि भूमि, आवास र सम्मानजनक जीवनयापनको अधिकारबाट वञ्चित नागरिकहरुको समस्यालाई कानुनी प्रक्रिया र वैकल्पिक तथा न्यायोचित व्यवस्थापनबाट समाधान गर्नुपर्नेमा बलप्रयोग, त्रास र विस्थापन कार्यले सरकार फासिस्ट साबित हुँदै गएको प्रस्ट गर्दछ । त्यसकारण हाम्रो पार्टी समुचित वैकल्पिक व्यवस्थापन नगरिकन सुकुम्बासीलाई होल्डिङ सेन्टरबाट हटाउने र सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने कुकार्यको घोर निन्दा र भर्त्सना गर्दै देशव्यापी सुकुम्बासीहरुको न्यायपूर्ण संघर्षमा भाग लिन समग्र पार्टी पंक्तिलाई निर्देशन समेत गर्दछ ।

मिति : असार १३, २०८३

सुदर्शन
प्रवक्ता



# सुकुम्वासी समस्या समाधान गर्न तीन किसान सङ्गठनको माग

## सुकुम्बासी समस्या समाधान गर्न तीन किसान संगठनको ५ बुँदे माग

काठमाडौं । सुकुम्वासी समस्या समाधान गर्न तीन किसान सङ्गठनले ५ बुँदे माग राखेका छन् । २०८३ असार १२ गते शुक्रबार संयुक्त प्रेस वक्तव्य जारी गर्दै किसान सङ्गठनले सो माग अगाडि सारेका हुन् ।

प्रेसवक्तव्यमा क्रान्तिकारी किसान महासङ्घका अध्यक्ष सीताराम तामाङ ,अखिल नेपाल किसान महासङ्घ (अप्फा) का अध्यक्ष भैरवराज रेग्मी,र अखिल नेपाल प्रगतिशील किसान सङ्घका अध्यक्ष रामदुलार महतोको हस्ताक्षर रहेको छ ।

प्रेसवक्तव्यको पूर्ण पाठ -

"शासनसत्तामा आउनासाथ रास्वपाको बालेन सरकारले सुकुम्वासी बस्तीमाथि डोजर चलाएर आफ्नो सुशासनको सुरुआत गरेको र सुकुम्वासीलाई होल्डिङ सेन्टरमा कैदीबन्दीजस्तै थुनामा राखेर समाधान खोज्ने भनेको थियो । बस्ती उजाडिएको ती सुकुम्वासीलाई अहिले पाँच दिनभित्र ती बाँकी ७ पृष्ठमा

## होल्डिङ सेन्टरबाट जबर्जस्त निकालिए पुरानै बस्तीमा फर्केर छाप्रो हाल्न बाध्य हुने सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको चेतावनी

काठमाडौं । कीर्तिपरस्थित राधास्वामी सत्सङ्ग होल्डिङ सेन्टरमा राखिएको सुकुम्बासीहरूले जबरजस्ती निकालिएमा आफूहरू पुरानै बस्तीमा फर्केर छाप्रो हाल्न बाध्य हुने चेतावनी दिएका छन् ।

सुकुम्बासीहरूलाई भोलि १२ गते सम्म उक्त ठाउँ खाली गर्न सूचना जारी गरेपछि आफूहरू पुरानै बस्तीमा फर्कने चेतावनी दिएको हो ।

उनीहरूले स्थायी विकल्प र बस्ने ठाउँ नदेखाइ जबरजस्ती निकालिएमा आफूहरू पुरानै बस्तीमा फर्केर छाप्रो हाल्न बाध्य हुने बताएका छन् ।उक्त सेन्टरमा बागमती सभ्यता एकीकृत विकास समितिले त्यहाँ रहेका मानिसहरूलाई आफ्नो बैंक खाताको विवरण माग गरेको पनि छ ।

सरकारले दिने भनेको २५००० रकम भुक्तानीको लागि बैंक विवरण मागियको छ। सरकारले ब्याबस्थित बसोबासमा राख्न न सक्ने भएर हटाउनको लागी बैंक विवरण मागेको सुकुम्बासीहरूको बुझाइ छ । हाल यो होल्डिङ सेन्टर भित्र फोटो र भिडियो खिच्न रोक लगाएको छ । बाँकी ७ पृष्ठमा



२०८३ असार ११ गते

**पीडितहरूको सरोकार पत्र**

हामी बसोबास गरिरहेको ठाउँबाट नेपाल सरकारले जवरजस्ती उठाएर यस होल्डिगं सेन्टरमा राखेको पनि २ महिना विति सक्यो । यहाँ बस्नलाइ स्थान त थियो तर खान र अन्य सुविधा भने कठिन रह्यो साथै बालबालिकाको पढाइ अन्योल स्थितीमा छ । काठमाडौं उपत्यका लगायत देशका विभिन्न ठाउँमा अहिलेको सरकार प्रमुखले चुनावको समयमा जग्गा धनी पुर्जा दिने वाचा गरेको थियो । हामीलाइ असुरक्षित बस्ती मात्र हटाउन खोजेको हो, तपाइहरुलाई सुरक्षित स्थानमा स्थायी समाधान दिन चालिएको पहल भनेर यहाँ ल्याइयो । साथै हामीलाई सुरुमा १५ दिन अस्थायी रुपमा राखिएको, ६० दिनभित्र स्थायी समाधान दिने भनियो । त्यही आसमा हामी यस्तो गर्मीमा पनि कठिन परिस्थितीमा सरकारले केहि त गर्छ नी भनि सरकारको दिगो व्यवस्थापनको पर्खाइमा छौं । पीडित दुःख कष्ट सहेर बसिराखेकै थियौ । तर आजसम्म कहाँ, कहिले र कसरी व्यवस्थापन हुने हो भन्ने केही थाहा छैन । यसैबीच अचानक २०८३/०३/०९ गते सरकारी निकायका केही व्यक्तिहरु हामी बसेको होल्डिगं सेन्टरमा आएर राहत भन्दै रु २५,०००÷– -पच्चिस हजार रुपैया_ लिएर होल्डिङ सेन्टर छोड्न र स्व व्यवस्थापन गर्न, सूचना टाँस गरी २०८३/०३/१२ गते भित्र हट्न भनेर हामीलाई बाध्यकारी अवस्था बनाउन खोजिएको छ ।

**सरकारको यस्तो बाध्यकारी सुचनामा हाम्रा सरोकारका विषयहरु निम्न छन् M**

१) हामी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा भूमि समस्या समाधान समिति गठन भइसकेकाले स्थानिय सरकारले नै हाम्रो लगत संकलन र प्रमाणीकरणका लागि हामी उठिबास गराइएका परिवारलाई पहिचान गरियोस्।

२) हामी जवरजस्ती उठिबास भएकाहरूलाई पहिलो प्राथमिकतामा राखी समस्या समाधान गरियोस् ।

३) होल्डिङ सेन्टरबाट स्थायी व्यवस्थापन नहुञ्जेल सम्म सरकारको प्रत्यक्ष सेवा सुविधा पर्याप्त रुपमा दिइयोस वा व्यवस्थापनका लागि हामी जाने ठाउँ देखाइयोस्, हामी जान तयार छौं ।

४) सरकारको नीति र कार्यक्रममा उल्लेख भए बमोजिमको सुकुम्बासी तथा अव्यवस्थित बसोबासी केन्द्रित उपयुक्त र उचित स्थायी व्यवस्थापन गरियोस्।

५) हामीलाई स्थायी विकल्प नदिइकन यस होल्डिङ सेन्टरबाट बाहिर निकालिएको खण्डमा हाम्रो कहीं कतै बस्ने स्थान नभएकाले हामी पहिले नै बसोबास गरेको ठाउँमै गएर छाप्रो हाल्न बाध्य हुनेछौ ।

भुमीहिन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी
कीर्तिपुर, राधास्वामी सत्सगं

# विपरीत तत्व बीचको एकता र संघर्षका नियमबारे



● हुकुमबहादुर सिंह ●

द्वन्द्वात्मक भौतिकवादी दर्शनले यो विश्वमा जे जति विपरित तत्वहरू छन् तीनिहरूको एकता र संघर्ष दुवै हुन्छ भन्दछ । त्यसैले द्वन्द्वात्मक भौतिकवादलाई एकता र संघर्षका नियमहरू बुझाउने दर्शन हो भनिन्छ । यसको एउटा आधारभूत नियम भनेको विरोधी पक्षहरू ज लाई यहाँ विपरितहरू भनिन्छ, को एकताको वा एकत्वको र उनीहरू बीच संघर्षको नियम हो । यो भनेको निकटका मित्र शक्तिहरूसँग घनिष्ट एकता र तत्कालिन प्रमुख शत्रुसँग संघर्ष । तर नेपालको कम्युनिस्ट आन्दोलनमा द्वन्द्ववादको अर्थ निकटका मित्र शक्तिहरूसँग नै सधै लडाई, झगडा गर्ने र सत्ताको लागि भने क्रान्ति र परिवर्तनका प्रधान सत्रुसँग समेत एकता गर्न बाँकी नराख्ने, जसको परिणाम पार्टी विभिन्न गुट उपगुटमा विभाजित भएर जाने र जनतामा सधैभरी भ्रम र अन्यौलता मात्रै सृजना गर्ने रहदै आएको छ ।

यहाँनेर 'एकता' र 'संघर्ष' दुइ शव्दहरू छन् जसलाई अर्थ्याउनु आवश्यक छ । लेनिनको भनाइमा 'एकता'को अर्थ होः प्रथम, हरेक वस्तूहरूभित्र विद्यमान अन्तर्विरोधी पक्षहरू भएका कारणले तिनीहरूको बीचमा संघर्ष हुन्छ र यही संघर्षले गर्दा त्यसमा गति हुन्छ । तर ती पक्षहरू एकअर्कोबाट छुट्टिएर रहने नभई संगसंगै, अन्तर्सम्वन्धित रहन्छन् । एक पक्षको अभावमा अर्को पक्षको अस्तित्व रहन सकदैन् । ती विरोधी पक्षहरू कस्तो ढंगबाट एकसाथ र आपसी निर्भरतामा बाँधिएर रहेका हुन्छन् भने एउटा पक्ष अर्काको अस्तित्वको अवस्थामा बन्दछ । उदाहरणको रूपमा, जीवन नभए मृत्यु हुँदैन, मृत्य नभए जीवन हुँदैन । त्यसैगरी विजय र पराजय, अन्धकार र प्रकाश, तल र माथि, शोषक र शोषित, सर्वहारा र पुँजीपति, मोही किसान र सामन्त, प्रतिक्रान्ति र क्रान्ति आदि । यसरी बाँकी ६ पृष्ठमा

## सम्पादकीय

# वामपन्थी एकता र सहकार्यको सवाल

केही दिनयता वामपन्थी एकता र सहकार्यको चर्चा बाक्लिएको छ । संसदमा प्रतिनिधित्व गर्ने दुई ठूला आफूलाई कम्युनिस्ट भन्ने नवउदारवादी कम्युनिस्टहरूको कित्ताबाट बढी एकता र सहकार्यको कुरा आइरहेको छ । वामपन्थी एकता र सहकार्य किन र के का लागि भन्ने विषयमा भने बहस भएको पाइँदैन । एकता र सहकार्यको बहसमा विचार भन्दा पनि भावनालाई केन्द्रमा राख्ने गरिएको छ । विवेकपूर्ण तर्क भन्दा पनि सत्तास्वार्थबाट प्रेरित हुने गरेको छ । देश, जनता, वर्गलाई भन्दा निहीत स्वार्थलाई केन्द्रमा राखेर गरिने वामपन्थी एकता र सहकार्यको सवालको कुनै अर्थ र औचित्य रहँदैन । कम्युनिस्ट तथा वामपन्थी पंक्ति स्पष्ट हुनुपर्ने र सबैले महसुस गरेको स्थापित सत्य के हो भने संसदीय व्यवस्थाभित्र गरिने आवधिक निर्वाचनबाट समाजवाद आउँदैन । वैज्ञानिक समाजवाद त धेरै परको कुरा हो । आफूलाई कम्युनिस्ट तथा वामपन्थी भन्नेहरूको आधारभूत लक्ष्य भनेको नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादको स्थापना हो । नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्न अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद अनि उनीहरूको घरेलु दलाल प्रतिक्रियावादी सत्ता र व्यवस्थासँग निर्णायक लडाइँ लड्नै पर्छ । यो सबैले बुझेको र बुझ्नै पर्ने कटु सत्य हो । जबसम्म आफ्नो राजनीतिक लाइनलाई, आफ्ना कार्यदिशा, नीति, योजना तथा कार्यक्रमलाई यस दिशातर्फ केन्द्रित गरिन्न, घुमाइफिराइ साम्राज्यवादी शक्तिहरूकै खेलौना बन्ने गरी केवल यही सत्ता, व्यवस्था र संविधानभित्र मात्र सीमित गराउने गरी छलफल बहसहरू हुन्छन् भने यस्तो वामपन्थी एकता र सहकार्य अहिलेको सत्तारुढ रास्वपाको विकल्प बन्न सक्दैन । बरु त्यसकै कुनै भरिन्टमा गोलचक्कर मार्न पुग्छ ।

साम्राज्यवादी पुँजीवादको नवउदारवादी आर्थिक नीतिलाई अँगालेर र अनि उदारवादी लोकतन्त्रको मतियार बनेर आफूलाई वामपन्थी र कम्युनिस्टको पहिचान राख्नु भनेको सरासर बेइमानी हो । रास्वपा र कांग्रेसकै विचार र दृष्टिकोण राख्ने हो, उनीहरूकै जस्तो राजनीतिक लाइन लिएर हिड्ने हो भने किन 'नेकपा' भन्ने ब्राण्ड किन राख्नुपर्‍यो ? यसले जनतालाई भ्रमित मात्रै तुल्याउँछ । र, को वास्तविक कम्युनिस्ट हो र को नक्कली कम्युनिस्ट हो, जनतालाई पहिचान गर्न गाह्रो मात्र हुन्छ ।

सबैलाई थाहा भएको कुरा हो- कम्युनिस्ट पार्टीको आधारभूत सिद्धान्त भनेको 'वर्ग संघर्षको सिद्धान्त' हो । सर्वहारावर्गको अधिनायकत्व, वलप्रयोगको सिद्धान्त, निरन्तर क्रान्तिको सिद्धान्त, सर्वहारा साँस्कृतिक क्रान्तिको सिद्धान्तको सवाल हो । यी आधारभूत प्रस्थापनाहरूलाई एकातिर पन्छाएर केवल सत्तास्वार्थमा मात्रै आधारित भएर यस्ता बहस चलाइने हो भने त्यस्ता बहसको कुनै अर्थ र औचित्य छैन । रास्वपा निर्माणदेखि जेजनी आन्दोलनसम्म, जेनजी आन्दोलनदेखि बालेन्द्र साह सरकारसम्मको राजनीतिक ग्राउण्ड निर्माण गरिदिएको यिनै कांग्रेस, एमाले र माओवादीहरूले हो । उनीहरूकै नालायकीपन, निकम्मा र गैरजिम्मेवारी, भ्रष्ट चरित्रका कारण अहिलेको परिस्थिति निर्माण भएको हो । सत्तास्वार्थका लागि वामपन्थी तथा कम्युनिस्टहरूको एकता र सहकार्यले जनतामा कुनै नयाँ उत्साह सिर्जना गर्दैन । एमाले र माओवादीहरू कस्ता भइसकेका छन् भने सुकुम्बासीहरूमाथि बालेन्द्र सरकारले फासिवादी क्रूरता प्रदर्शन गर्दा पनि, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूमा मानवीय संकट उत्पन्न हुँदा पनि सडकमा उत्रिएर विरोध जनाउन सक्दैन । होल्डिङ सेन्टरमा उपचार नपाएर नागरिकहरूको ज्यान जाँदै गर्दा र घर भत्काइदिएर होल्डिङ सेन्टरमा राखिएको ठाउँबाट पनि उनीहरूलाई विना विकल्प बेदखल गर्ने अल्टिमेटमसहितको सूचना जारी गर्दा पनि उनीहरू मौनता साँधेर बस्न बाध्य छन् । जनतामाथि राज्यले अमानवीय क्रूरतापूर्वक अत्याचार गर्दा मुख नफुटाउने, सडकमा नदेखिने वामपन्थी तथा कम्युनिस्टहरू नेपालमा किन र केका लागि चाहियो ? तसर्थ, प्रश्नहरू निकै गम्भीर छन् । यी र यस्ता ज्वलन्त सवालहरूलाई एकातिर पन्छाएर वामपन्थी एकता र सहकार्यको कुनै अर्थ र औचित्य रहँदैन । सबन्धित सबैले गम्भीर भएर बोध गर्नुपर्ने आधारभूत सवाल यही हो ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ ।

www.moolbato.com

# संसदवादी पाटीमा देखिएको संकट र कार्यगत एकताका कुरा



● डा. केशव देवकोटा ●

नेपालमा खासगरी संसदीय राजनीतिक क्षेत्रमा बिचित्रका घटनाहरू हुने गरेका छन् । त्यसैगरी बेलाबखत बिचित्रकै कुराहरू पनि सुनिन्छन् । त्यसमध्ये हाल केपी ओलीले नेतृत्व गरेको एमाले र पुष्पकमल दाहालले नेतृत्व गरेको नेपाली कम्युनिष्ट पार्टीकाबीचमा फेरी कार्यगत एकताको प्रशंगले राजनीतिक बजार पाएको छ । यतिबेला एकातिर एमालेमा अध्यक्षबाट केपी ओली र नेपाली कम्युनिष्ट पार्टीमा संयोजक पुष्पकमल दाहाल हटाउ अभियान चलिरहेको छ । अर्कातिर पुष्पकमल दाहालको रास्वपासँगको संलग्नता पनि कायमै रहेको देखिन्छ । यसअघि ०७५ मा पार्टी एकता र ७९ मा सरकारमा कार्यगत एकता गरेर तितो अनुभव बटुलिसकेका उक्त दुई समूह र तिन्का दुई नेताकाबीचमा फेरी कार्यगत एकताको प्रशंग कसरी आयो ? त्यो भने बढो रोचक प्रहसन भएको छ । जसको संयोजकमा पूर्ब राष्ट्रपति बिद्या भण्डारीलाई बनाउने बिषय अझ थप रोचक रहेको छ । हिजो आइतबार एमालेका नेता मदन भण्डारीको ७५ औं जन्म जयन्तीको सन्दर्भमा काठमाडौंको राष्ट्रिय सभागृहमा आयोजित नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी विषयक बिचार गोष्ठीमा पनि कार्यगत एकताका बिभिन्न तर्कहरू अगाडि सार्ने प्रयास गरिएका थिए । पूर्वराष्ट्रपति भण्डारी प्रमुख अतिथि रहेको सो कार्यक्रममा एमाले र नेपाली कम्युनिष्ट पार्टीका कतिपय महत्वपूर्ण नेताहरूको उपस्थिति अर्को बिचारणिय पक्ष बनेको छ । नेकपाका संयोजक दाहालले गत शुक्रबार विराटनगरमा आयोजित आफ्नो पार्टीको एकता बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधनगर्दै संसद र सडक दुवै मोर्चामा एमालेसँग मिलेर अघिबढ्ने बताउनुभएको थियो । उहाँले अहिलेको परिस्थितिमा संसदमा बलियो उपस्थिति जनाउन र सडक आन्दोलनलाई सशक्त बनाउन पनि एमालेसँगको सहकार्य अनिवार्य भइसकेको खुलाशा पनि गर्नुभएको थियो । तत्कालै पार्टी एकताको सम्भावना नरहे पनि सहकार्यको वातावरण बनिसकेको र यो कुरा छलफलबाट निष्कर्षमा पुगेको उहाँको भनाइ थियो । दुवै पार्टीले लोकतन्त्र, संविधान र वाम आन्दोलनमाथि देशभित्र तथा बाहिरबाट चुनौती बढेको निष्कर्ष निकाल्दै कार्यगत सहकार्यको आवश्यकता महशुस गरेको उहाँको भनाई थियो । गत २१ फागुनको निर्वाचनमा कमजोर परिणाम आएपछि दुवै दल र नेतृत्व दबाबमा रहेको देखिएको छ । ०७४ को एकता र ०७७ को विभाजनपछि अकल्पनीय गम्भीर क्षति व्यहोरेका एमाले र नेकपा आसन्न स्थानीय तह निर्वाचनलाई समेत ध्यानमा राख्दै कार्यगत एकताको गृहकार्यमा लागेको बताउने गरिएको छ । तर उनीहरूले देश र जनताका जल्दा बल्दा तात्कालीन समस्याप्रति खासै ध्यान दिएको देखिएको छैन । गत एक साताअघि भक्तपुरको गुन्डुमा भएको लामो छलफलपछि एमालेका अध्यक्ष ओली र नेकपाका संयोजक दाहालले पार्टीका आन्तरिक बैठकदेखि सार्वजनिक मञ्चसम्म कार्यगत एकता लगभग सुनिश्चित भइसकेको र त्यसका लागि आवश्यक आधारसमेत तयार भइसकेको बताउने गर्नुभएको छ ।

दुवै नेताबीच ०७४ माजस्तै कार्यगत एकताबाट अगाडि बढेर तत्कालका लागि संसद र सडकमा सहकार्यगर्ने, त्यसपछि स्थानीय तह, प्रदेश तथा केन्द्रिय निर्वाचनमा तालमेलगर्ने र अन्ततः पार्टी एकतासम्म पुग्ने समझदारी बनेको पनि प्रचार गरिएको छ । एमाले र नेकपाबीच हुने कार्यगत एकता भनेको सामान्यतया पूर्ण पार्टी एकीकरण होइन, बरु कुनै निश्चित राजनीतिक मुद्धा, आन्दोलन, वा संसदीय एजेन्डामा सीमित सहकार्य हो भन्ने स्पष्ट छ । यदि कार्यगत एकता स्पष्ट उद्देश्यकासाथ भयोभने संसदमा साझा एजेन्डा अघिबढाउन, जनजीविकाका मुद्धा उठाउन, र नीतिगत बहसलाई बलियो बनाउन सहयोग पुग्न सक्छ । वामपन्थी मतदाताले पनि साझा मुद्धामा समन्वय भएको अनुभवगर्न सक्छन् । तर कार्यगत एकताकै बीचमा विगतमा वैचारिक मतभेद, नेतृत्वको प्रतिश्पर्धा र संगठनात्मक विवादका कारण सहकार्य बीचैमा टुट्योभने त्यो घटना गत भदौ २३ र २४ को भन्दा खतर्नाक हुनसक्ने देखिएको छ । साझा कार्यक्रमको स्पष्टता नभएको खण्डमा कार्यगत एकता अस्थायी वा परिस्थितिजन्यमात्र हुनसक्छ । जसको राजनीतिक प्रभावकाबारेमा पनि यथासमयमै बिचार गरिनुपर्ने हुन्छ । त्यस्तो सहकार्यले सरकार गठन, संसदको शक्ति सन्तुलन, र विपक्ष वा सत्तापक्षको रणनीतिमा प्रभाव पार्नसक्छ । तर यसको वास्तविक प्रभाव दलहरूले कुन विषयमा, कति समयका लागि, र कस्तो प्रतिबद्धताकासाथ सहकार्य गर्छन् भन्ने कुरामा निर्भर हुन्छ । समग्रमा, कार्यगत एकताको मूल्यांकन घोषणापत्रका आधारमा होइन, त्यसले जनताको जीवनसँग सम्बन्धित नीति, सुशासन, आर्थिक विकास, रोजगारी, र लोकतान्त्रिक अभ्यासमा कस्तो परिणाम दिन्छ भन्ने आधारमागर्नु उपयुक्त हुन्छ । यदि सहकार्यले ठोस नीतिगत उपलब्धि दिन्छभने त्यसलाई सकारात्मकरूपमा हेर्न सकिन्छ । यदि यो केवल तत्कालीन राजनीतिक समीकरण व्यवस्थापनमा सीमित रहन्छभने यसको दीर्घकालीन प्रभाव सीमित हुनसक्छ । देशको संसदीय राजनीतिमा प्रतिश्पर्धी राजनीति गरिरहेका दुई ठूला समूहबीचको कार्यगत एकता हालको अवस्थामा देशकै लागि घातक हुनसक्ने अवस्था पनि रहेको छ । उक्त कार्यगत एकताका सन्दर्भमा पुष्पकमल दाहाल र केपी ओलीका भित्री योजना के के छन् ? त्यो तत्काल खुल्ने कुरा भएन । तर यस्तो कार्यगत एकताले राष्ट्रियता संरक्षण, पछिल्ला कतिपय परिवर्तन खासगरी गणतन्त्रलाई संस्थागतगर्ने, सबल राष्ट्रिय अर्थतन्त्र बनाउने, कार्यगत एकताको माध्यमबाट शक्तिशाली केन्द्र बनाउनेतिर कदम चालेको हुनुपर्दछ ।

हालको अवस्थामा एमाले र नेकपाको कार्यगत एकताले नेपाली कम्युनिष्ट आन्दोलनमा खासै सकारात्मक प्रभाव त पार्दैन तर त्यसले समग्र राष्ट्रिय राजनीतिमा सकारात्मक प्रभाव पारेको हुनुपर्दछ । यसैबीचमा बुझ्नुपर्ने कुरा के पनि छभने तत्कालीन एमाले र माओवादी केन्द्रबीचको एकीकरणबाट बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दुईवर्ष नौमहिनामात्र टिक्न सकेको थियो । त्यसैगरी पुष्पकमल दाहालकै चाहनामा गठन गरिएको चार दलीय समाजवादी मोर्चाको अन्त्य पनि दुखद देखिएको थियो । यतिबेला दाहालले एमालेसँगको कार्यगत एकतासँगसँगै उक्त समाजवादी मोर्चालाईसमेत ब्युँताउने कुरा उठाउनु आफैमा खतर्नाक बिषय भएको छ । उहाँले गत फागुन २१ को निर्वाचनपछि कतिपय कार्यक्रममा त पूर्ब माओवादीहरूलाई एकजुट गराएर फेरी जनयुद्धमा जान सकिने समेत बताउनु भएको पाइन्छ । एकैपटक राजनीतिका दुईवटा डुंगामा खुट्टा टेक्ने, बोली र ब्यवहारको कुनै ठेगान नहुने र जतिबेला पनि रंग फेर्न सक्ने नेता दाहालको बानीका कारण नेपालको राष्ट्रिय राजनीतिले धेरै पटक पल्टाबाजी खाइसकेको अवस्था छ । झण्डै २६ वटा समूहबीच एकता भएर बनेको भनिएको नेपाली कम्युनिष्ट पार्टीले गत फागुन २१ को निर्वाचनमा २६ वटा पनि सिट हाँशिलगर्न नसकेपछि सो पार्टी यतिबेला हल न चलको अवस्थामा पुगेको देखिएको छ । आफ्नै पार्टीभित्र नेताहरूकाबीचमा कार्यगत एकता गराउन नसक्ने पुष्पकमल दाहालले एमालेसँग कार्यगत एकताको चाहना राख्नु आश्चर्यकै बिषय छ । नेपाली कांग्रेससँग सत्ता साझेदारीमा रहेकै बेला पुष्पकमल दाहालले ०७४ को निर्वाचनको समयमा एमालेसँग कार्यगत एकता गर्नुभएको थियो । आगामी १५ बर्षसम्म नेपाली कांग्रेससँग कार्यगत एकता हुने र नेपाली कांग्रेस एमालेभन्दा बढी बामपन्थी भएको बताउँदा बताउँदै पुष्पकमल दाहालले कोल्टे फेर्नुभएको थियो । राजनीतिकरूपले नै दुईधार बोकेका एमाले र तत्कालीन माओवादी केन्द्र ०७५ सालको जेठ तीनगते एकताबद्धभई नेकपा बनेको थियो । दुई अध्यक्षात्मक प्रणालीभन्दै केपी ओली र दाहाल अध्यक्ष हुनुभएको थियो ।

पार्टी संचालनका लागि नौ सदस्यीय सचिवालय पनि बनाइएको थियो । ०७४ को निर्वाचनअघि नै गठबन्धन गरेका उक्त दुईदलले संसदमा झण्डै दुईतिहाइ बहुमतसहितको सरकार पनि बनाएका थिए । सातमध्ये छवटाप्रदेशका सरकार एकल बहुमत थिए । दुई पार्टीबीच भएको एकतापछि बनेको नेकपा दक्षिण एशियाकै ठूलो कम्युनिष्ट पार्टी भएको प्रचार पनि गरिएको थियो । एकताको समयमा तत्कालीन नेकपाले छबुँदे घोषणापत्र जारीगर्दै जनतालाई सुखी र समृद्ध बनाउनु आफ्नो लक्ष्य उद्देश्य रहेको भनेको थियो । एकता घोषणा सभामा अध्यक्ष ओलीले तानाशाही चलाउन वा अहंकार देखाउन नभई देश बनाउन एकता गरेको दाबी पनि गर्नुभएको थियो । त्यसैगरी अर्का अध्यक्ष दाहालले समृद्धिको जनचाहना पूरागर्न पार्टी एकता गरेको बताउनुभएको थियो । तर, अध्यक्षद्वयको अहमताको संघर्षले त्यो एकता टिक्न सकेन । जसका कारण साढे दुई वर्षमै नेकपा विभाजन भएको थियो । त्यसैले समग्र रूपमा हेर्दा पहिलो त नेपालको संसदीय राजनीतिक कित्तामा संकटको अवस्था सिर्जना भएको देखिएको छ । दोश्रो एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच कार्यगत एकता भएको खण्डमा त्यो एमालेका लागि घातक साबित हुनसक्ने देखिएको छ । जसले समग्र कम्युनिष्ट आन्दोलनलाई नै संकटतर्फ धकेल्न सक्छ । यो गंभिर बिचारणिय बिषय हो ।

# बालेन सरकार र आदिवासी जनजाति अधिकारमा यसले पार्ने प्रभाव



● पवन मान श्रेष्ठ ●

१. नेपालका भूमिपुत्र आदिवासी जनजातिहरू पृथ्वीनारायणको गोर्खा राज्य विस्तार अघि स्वभाविक विकास प्रकृयामा थिए । तर गोर्खा राज्य विस्तारपछि आदिवासी जनजातिको भूमि हडपेर शासकहरूले तिनका आसेपासेहरूलाई विर्ता र सेना तथा कर्मचारीहरूलाई जागिरको रूपमा भूमि बाँडे । आदिवासी जनजातिका भाषा, कला, संस्कृति र धर्ममाथि उत्पीडन तथा अतिक्रमण गरे । यो प्रकृया राणा काल, पंचायत काल, बहुदल काल र गणतन्त्रमा पनि विभिन्न रूपमा जारी रहेको छ । जनयुद्ध, आदिवासी जनजाति आन्दोलन र मधेशी आन्दोलनले पहिचानसहित संघीयता, स्वायत्तता, स्वशासन जस्ता आदिवासी जनजाति अधिकार स्थापित गर्न प्रयत्न भएको थियो । तर सामन्तवादी-हिन्दूवादी-ब्राम्हणवादी संसदीय पार्टी तथा नेताहरू र विदेशी प्रतिक्रियावादको सामु झुकेका जनयुद्धका प्रमुख नेतृत्वहरूको राष्ट्रिय तथा वर्गीय आत्मसमर्पणले यो तुहियो र ०७२ सालको कथित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गरिएको छ । यो रूपमा संघीयता भएतापनि यथार्थता पहिचान विहिन, स्वायत्तता विहिन सारमा अधिकार विहिन एकात्मक संरचना नै रहेको छ । धर्म निरपेक्षतालाई पनि व्याख्यात्मक टिप्पणी थपेर सारमा नेपाल हिन्दू राज्य बनाइएको छ । राज्यका निकायहरूमा केही हिस्सा समानुपातिक र समावेशी समेटिए पनि आदिवासी जनजाति र उत्पीडित समुदायलाई अधिकार दिने सवालमा राज्य पुरै पछाडि हटेको स्थिति छ । यसले गर्दा सारमा आज पनि आदिवासी जनजाति र उत्पीडित समुदायमाथिको उत्पीडन र थिचोमिचो विगतमा जस्तै निरन्तर जारी रहेको छ ।

२. यसले गर्दा आदिवासी जनजातिका निम्न समस्याहरू अद्यावधि तथा निरन्तर कायम रहेका छन् :

*क) आदिवासी जनजातिहरूको भूमिमाथि अतिक्रमण*

*ख) आदिवासी जनजातिहरूको भाषामाथि अतिक्रमण*

*ग) आदिवासी जनजातिहरूको संस्कृति तथा सम्पदामाथि अतिक्रमण*

*घ) आदिवासी जनजातिहरूको धर्ममाथि अतिक्रमण*

*ङ) आदिवासी जनजातिहरूको प्राकृतिक स्रोत, साधन, सांकृतिक सम्पदा र पेशामा अधिकार विहिनता र आर्थिक जीवनको हरण वा अतिक्रमण*

३. वर्तमान बालेन सरकारको पृष्ठभूमि भनेको मुलतः पुराना तथा ठुला संसदवादी पार्टीहरूको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि सरकार भत्काउने र बनाउने निरन्तर खेल, जनताका भावनामाथि खेलवाड, भ्रष्टाचार, कुशासन, महंगी निरंकुशता आदिबाट आजित तथा आक्रोशित जनताको भावनामाथि खेलवाड गरी अमेरिकी साम्राज्यवादको ग्रायण्ड डिजाइन अन्तर्गत सेनालाई साथमा लिएर गरेको गत वर्षको भाद्र २३ र २४ को कथित जेनजी आन्दोलन तथा आगजनी; ओली सरकारको बर्खास्ती; त्यसै डिजाइन अन्तर्गत सुशीला कार्कीको कठपुतली अन्तरिम सरकार; चुनावी सुरक्षा तथा मतपेटिका समेत सेनालाई जिम्मा दिएर गरिएको गत फागुण २१ को चुनाव र नयाँ तथा युवाको ह्वीम खडा गरेर चुनावमा म्यानुपुलेशन (बाक्सासमेत साटफेर) गरी पूर्व योजना मुताविक रास्वपालाई दुई तिहाईको सिटले विजयी बनाएको परिणाम हो । त्यसैले यो सरकार पनि रूपमा जनअनमोदित तर वास्तवमा अमेरिकी साम्राज्यवादको कठपुतली सरकार नै हो ।

बालेन सरकार गठन भए लगत्तै दुईतिहाईको दम्भसहित कथित कार्की आयोगको प्रतिवेदन लागू गर्ने नाममा रातारात पूर्व प्रम ओली र पूर्व गृहमन्त्री लेखकलाई रातारात गिरफ्तार गरी विरोधी पक्षमाथि आतंक फैलाई आगामी दिनमा आफ्नो उद्देश्य पुरा गर्ने मनसाय देखिन्छ । यसको लगत्तै विद्यार्थी, मजदुर र कर्मचारी संगठनहरू खारेज गर्ने निर्णय; काठमाडौमा विना विकल्प सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूका बस्तीहरूमाथि डोजर चलाई तिनीहरूलाई अलपत्र पार्नु; बोलाई सकेको सदनको बैठक स्थगित गरी अध्यादेशले सरकार चलाउनु; न्यायिक परिषद्मा प्रमलाई निर्णायक बनाउनु र सर्वोच्च अदालतको वरिष्ठ न्यायधिशलाई प्रधान न्यायधिश बनाउने परम्परालाई तोडेर कनिष्ठलाई प्रधान न्यायधिश बनाउनु; बालेनद्वारा संसद तथा राष्ट्रपतिको अवहेलना गर्नु; संसदबाटै नेपालले भारतका धेरै ठाउँमा जमिन मिचेको कुरा बालेनले बोल्नु, बजेटको किताबबाट बजेट भाषण हुने एक दिन अगाडि उक्त किताबबाट १७ पाना गायब गर्नु, महंगो पेट्रोलियम पदार्थको भाउ र महंगीले जनताको ढाड सेक्नु; विजुलीबाट चल्ने गाडिमा धेरै कर लगाउनु, कृषि तथा उद्योगको विकास गरी युवाहरूलाई स्वदेशमा रोजगारीको व्यवस्था गर्नुको सट्टा युवाहरूलाई विदेश पठाउन प्रेरित गर्न वैदेशिक रोजगारीलाई प्राथमिकता दिनु आदिले देशका निम्न वर्गलाई प्राथमिकता होइन मध्यम तथा उच्च वर्गलाई प्राथमिकता दिएर साम्राज्यवादलाई खुशी पार्ने दलाल पूँजीवादी बजेट ल्याइएको छ र यो सरकार फासिवादी दिशामा अगाडि बढेको छ । बालेन सरकारको जातीय समस्या हल गर्ने कुनै नीति छैन । यद्यपि तराई मधेशका जनतालाई खुशी पार्न बढि बजेट छुट्ट्याएको छ । बजेटमा संस्कृति तथा पर्यटन शीर्षकमा आदिवासी जनजाति एक ठाउँमा उल्लेख गरेर कीर्तिपुरको म्युजियमलाई विस्तार गरेर आदिवासी जनजातिको म्युजियम बनाउने कुरा भनिएको छ ।

४. अब रास्वपाको आदिवासी जनजातिप्रतिको दृष्टिकोणलाई हेरौँ । रास्वपाको भेलाको प्रतिवेदन, केन्द्रीय समितिको प्रतिवेदन र चुनावी वाचा पत्र हेर्ने हो भने कहिँकतै आदिवासी जनजाति शब्द उल्लेखसम्म भएको पाइँदैन । रास्वपाको प्रतिवेदनमा रहेको उद्देश्य र नीति कार्यक्रम शीर्षकको २० औं नम्बरमा सनातन वैदिक संस्कृति र आध्यात्मिकताको प्रवर्धन उपशीर्षक दिएको छ । तर यसमा धर्म निरपेक्षताको विरुद्धमा घुमाउरो पाराले हिन्दू राज्यको बकालत गर्न खोजिएको छ । उक्त पार्टीको केन्द्रीय समितिको विस्तारित बैठकको प्रतिवेदनमा संविधान परिमार्जन शीर्षकमा दिइएका पाँच बुँदामध्ये तेस्रो बुँदामा संघीयताको पुर्नसंरचनामा विज्ञले नेतृत्व गर्ने गरी प्रत्यक्ष मुख्यमन्त्री र पाँच प्रदेश मन्त्रालय, अधिकार सम्पन्न स्थानीय सरकार, संख्या पाँच सयभन्दा मुनि भनिएको छ । चुनावी वाचा पत्रमा हाम्रो सैद्धान्तिक धरातल शीर्षकमा .... अप्रिय ऐतिहासिक विरासतको रूपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदहरू विरुद्ध निर्णायक प्रहार गर्न अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोगमा जोड दिइनेछ भनिएको छ । उक्त वाचा पत्रको वर्तमान अवस्थाको झलक शीर्षकका आठौँ नम्बरको चित्रसहित सांस्कृतिक र मौलिक पहिचानको क्षय उपशीर्षक मात्र दिइएको छ, यसको व्याख्या छैन । त्यसै गरी उक्त वाचा पत्रको रूपान्तरणको लागि नीतिगत प्रस्थानका १०० आधारहरूमा आदिवासी जनजाति शब्द उल्लेखसम्म पनि गरिएको छैन । त्यसैले यसको जातीय समस्या हल गर्ने नीति हुने *बाँकी ८ पृष्ठमा*

# क्रान्तिकारी प्रेस संगठन नेपालको सांगठनिक प्रतिवेदन

क्रान्तिकारी तथा जनपक्षीय पत्रकारहरूको गौरवशाली सङ्गठन 'क्रान्तिकारी प्रेस संगठन'को तेस्रो राष्ट्रिय भेलामा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अन्य अतिथिगण, आयोजक, प्रतिनिधि तथा पर्यवेक्षक एवम् सम्पूर्ण पत्रकार साथीहरूमा हार्दिक क्रान्तिकारी अभिवादन व्यक्त गर्दछौं ।

***शहीदप्रति श्रद्धाञ्जली तथा सम्मान***

क्रान्तिकारी प्रेस संगठनको तेस्रो राष्ट्रिय भेलाको प्रारम्भमा हामी महान् जनयुद्ध, जनआन्दोलन र विश्वका विभिन्न मुलुकहरूमा क्रान्तिको प्रक्रियामा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । विशेषगरी नेपाली जनताको मुक्ति, स्वतन्त्रता र समानताका पक्षमा कलम चलाउँदा चलाउँदै तत्कालीन प्रतिक्रियावादी सत्ताबाट हत्या गरिएका अग्रज पत्रकार कृष्ण सेन 'इच्छुक' सहित सम्पूर्ण क्रान्तिकारी एवम् जनपक्षीय पत्रकार सहिद एवम् जनमुक्ति आन्दोलनका योद्धाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै बेपत्ता एवम् घाइते योद्धाहरूप्रति हार्दिक सम्मान छ ।

***भूमिका***

नेपालको कम्युनिस्ट आन्दोलन, जनयुद्ध, जनआन्दोलन, शान्ति प्रक्रिया र गणतन्त्र स्थापना हुँदै वर्तमान राजनीतिक अवस्थासम्म आइपुग्दा देशले नयाँ प्रकारको राजनीतिक, आर्थिक र वैचारिक संकटको सामना गरिरहेको छ । जनयुद्धले उठाएका राष्ट्रिय स्वाधीनता, जनजीविका, श्रमिक मुक्ति, जातीय तथा लैङ्गिक समानता र समाजवादी रूपान्तरणका प्रश्नहरू अझै समाधान भएका छैनन् ।यस प्रक्रियामा पत्रकारिता क्षेत्र केवल सूचना प्रवाहको माध्यम मात्र नभई यो वर्गसंघर्ष, विचारसंघर्ष र जनपक्षीय चेतनाको क्षेत्रका रूपमा विकसित हुन पुगेको छ । त्यसैले जनपक्षीय पत्रकारिताको भूमिका झनै महत्वपूर्ण बन्न पुगेको छ ।

***अन्तर्राष्ट्रिय परिस्थिति***

विश्व पुँजीवाद यतिबेला गम्भीर संकटबाट गुज्रिरहेको छ । आर्थिक असमानता, साम्राज्यवादी प्रतिस्पर्धा, युद्ध, पर्यावरणीय संकट तथा वित्तीय पूँजीको प्रभुत्व बढ्दो छ ।विश्वका प्रमुख शक्तिहरूबीचको प्रतिस्पर्धाले नेपालजस्ता साना राष्ट्रमाथि दबाब सिर्जना गरेको छ । त्यसैले क्रान्तिकारी पत्रकारिताको दायित्व राष्ट्रिय स्वाधीनता, जनअधिकार र श्रमिक वर्गको पक्षमा वैचारिक संघर्षलाई सुदृढ गर्नु हो ।आजको युग सूचना प्रविधिको युग हो । सामाजिक सञ्जाल जस्ता डिजिटल प्लेटफर्महरूले सूचनाको पहुचलाई सहज र तीब्र बनाएको छ । सूचना प्रविधिको अभूतपूर्व विकास र त्यसमा पुँजीवादी तथा साम्राज्यवादीहरूको एकाधिकार रहेका कारण आज विश्व साम्राज्यवादी सूचना भूमण्डलीकरणको साङ्लोमा बाँधिन पुगेको छ ।साम्राज्यवादीहरूले आफ्नो स्वार्थ र अभिष्ट अनुसारको सूचना फैलाएर अरबौं मानिसहरूलाई भ्रमित तुल्याएर प्राकृतिक तथा मानवीय स्रोतसाधनमाथि एकछत्र दोहन गर्दै आएका छन् ।खासगरी अमेरिकी साम्राज्यवादले श्रीलंका, बंगलादेश लगायत एशियाली मुलुकहरूमा प्रत्यक्ष हस्तक्षेप गरिरहेको छ ।

***निहत्था नागरिकको नरसंहार, पत्रकारको हत्या***

प्यालेष्टाइनमा आम नरसंहार मच्चाएर प्यालेष्टाइनलाई खरानी बनाएको इजरायलले लेबनानमा हमला जारी राखेको छ । अमेरिका-इजरायलले इरानमाथि हमला गरेकै कारण मध्यपूर्व क्षेत्र अशान्त छ । अमेरिकाले भेनेजुएलामा आक्रमण गरि त्यहाँको राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई समेत नियन्त्रणमा लिएर बन्दी बनाएर राखेको छ । इजरायल-अमेरिकाले मच्चाएको नरसंहारमा बालबालिका, महिलाहरू मात्र परेका छैनन्, सूचनाका बाहक पत्रकारहरूको समेत हत्या गरिएका छन् ।

गाजामा २ सय भन्दा बढी पत्रकारको हत्या भएको छ भने उपलब्ध अभिलेखअनुसार इरानमा भएको इजरायली आक्रमणमा ४ पत्रकार मारिएका छन्, तर उनीहरूको नामसम्बन्धी आधिकारिक सूची अझै पूर्ण रूपमा सार्वजनिक गरिएको छैन ।

***गाजामा मारिएका पत्रकारहरूको केही विवरणः***

सइद अल टाविल ,मोहम्मद सुब्ह,हिसाम अल नवाज,मोहम्मद अबु हत्तब,समीर अबु दाक,हाम्जा वाइल दाहुह,मुस्ताफा थुराय,इस्मेलअल गोल,

रामी अलरिफी,हसान इसलेह,एनास अल शरिफ,मोहम्मद सलाम,हुसाम अल माम्री,मारिम अबु दाक,अबमेदअबु अजिज,महोज अबु ताह,मोहम्मद वीशाह,असमेद वीशाह लगायत रहेका छन् ।

***यस्तै, लेबनानमा इजरायली हमलामा मारिएका पत्रकारहरूको विवरणः***

इशाम अबदाला, फरह ओमार, रविह मामरी ,हादी अल सेइद,कमिल कराकी ,घास नाजर,मोहम्द रिदा,वीसशाम क्वसिम,सकिना मनसुर,मोहमद फरहत,अलिनुर अल डिन,मोहम्मद सार,हुसान हामोद,अलि शाहिब,फातिमा फ्टोनी ,मोहम्द फ्टोनी घाडा दायख,सुजन खालिल, अमल खालिल रहेका छन् ।

***राष्ट्रिय राजनीतिक परिस्थिति र आमसञ्चार***

२०६२/६३ को आन्दोलन, शान्ति सम्झौता र संविधान निर्माणपछि पनि जनताको जीवनमा गुणात्मक परिवर्तन आएको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि भ्रष्टाचार संस्थागत भएको छ । बेरोजगारी बढिरहेको छ । जसका कारण युवा पलायन तीब्र छ । उत्पादनमुखी अर्थतन्त्र कमजोर बन्न पुगेको छ भने राष्ट्रिय उद्योगहरू ध्वस्त भएका छन् । विदेशी परनिर्भरता बढेको छ ।

नेपालमा परम्परागत दलहरूप्रति व्यापक असन्तुष्टि देखिएको छ । युवाहरूले वैकल्पिक राजनीतिको खोजी गरिरहेका छन् । २०८२ भदौ २३ र २४ गतेको घटना पनि जेनजी पुस्ताका युवाहरूको असन्तुष्टीको परिणाम हो । यद्यपी युवा असन्तुष्टीलाई पश्चिमाहरूले हाइज्याक गरि आफ्नो पकडमा ल्याए र चुनावी प्रपञ्च गरि वैधानिकता दिने काम गरेका छन् ।

फागुन २१ को चुनावबाट निर्वाचित झण्डै दुई तिहाईको सरकारका प्रधानमन्त्री बालेन्द्र साहले संसदको रोष्टममै उभिएर 'भारतले नेपालको भूमि मिचेको मात्र होइन, नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भनेर राष्ट्रघाती अभिब्यक्ति दिएर सीमा विवादमा विदेशी प्रभुलाई खुशी पार्ने काम गरेका छन् ।

यता, आम सञ्चार माध्यामलाई समेत नियन्त्रण गर्ने रणनीतिमा सरकार रहेको पछिल्ला दृष्टान्तहरूले देखाएका छन् । विगतमा निरंकुशताका विरुद्ध जनताका आवाज बोल्ने निजी सञ्चार माध्यामहरूलाई अंकुश लगाउने प्रयत्न भइरहेको छ । निजी सञ्चार माध्यामहरूलाई सरकारी विज्ञापनमा रोक लगाएर मुलधारका मिडिया मात्र होइन, स्वरोजगारमुलक मोफसलका साना मिडियाहरूलाई बन्द गराउने दुष्प्रयास सरकारले गरिरहेको छ ।

लोकतन्त्र, विधिको शासन, नागरिक सर्वोच्चता, प्रेस तथा अभिब्यक्ति स्वतन्त्रता, सूचनाको हकका लागि फेरि पनि सडकमा आउनु परेको अवस्था छ । यो अवस्थामा तमाम क्रान्तिकारी तथा जनपक्षीय पत्रकारहरू एकतावद्ध भई सशक्त आवाज उठाउन जरुरी भएको छ भने युवाहरूलाई मुक्ति संघर्षमा रूपान्तरण गर्न क्रान्तिकारी सुझबुझ आवश्यक देखिन्छ ।

आमसञ्चार तथा पत्रकारिताका सन्दर्भमा विश्वका केही विद्वानहरूको दृष्टिकोणलाई लिन सकिन्छ ।

लुइस अल्थुसरका अनुसार, सञ्चार संस्थाहरूले राज्य र शासक वर्गको विचारधारालाई जनतामा फैलाएर विद्यमान व्यवस्थालाई टिकाइराख्छन् ।

हर्वर्ट शिलरका अनुसार, सञ्चार माध्यमहरू आर्थिक तथा राजनीतिक शक्तिशाली समूहहरूको प्रभावमा रहन्छन् । उनले सञ्चार प्रणालीलाई सांस्कृतिक प्रभुत्व र पूँजीवादी मूल्यहरूको प्रसार गर्ने साधनका रूपमा व्याख्या गरेका छन् ।

नोम चोम्स्की र एडवार्ड एस. हर्मनका अनुसार, सञ्चार माध्यमहरू स्वामित्व, विज्ञापन, समाचार स्रोत, दबाब समूह र विचारधारात्मक नियन्त्रणजस्ता कारकबाट प्रभावित हुन्छन्, जसले समाचारलाई शक्तिशाली वर्गको हित अनुकूल बनाउँछ ।

फ्रान्सको प्रसिद्ध अखबार ले मोण्ड डिप्लोमेटिकका सम्पादक तथा पेरिस विश्वविद्यालयका सञ्चार विषयका प्राध्यापक इग्नासियो रेमोनका अनुसार, आर्थिक शक्तिहरूको भूमण्डलीकरणले गर्दा बहुराष्ट्रिय व्यापारिक कम्पनीहरू सरकारहरूभन्दा शक्तिशाली भएका छन् र उनीहरूले मिडियामाथि पनि प्रभुत्व जमाएका छन् । चौथो शक्तिले जनताको हितको रक्षा गर्नुको सट्टा नाफा कमाउनको लागि उनीहरूको शोषण र दमन गरिरहेको छ ।

'पुँजीवाद तथा साम्राज्यवादले मिडियालाई व्यापार र नाफाको अस्त्र मात्र बनाएको छैन, अरबौं जनतामाथि उसले गरेको शोषण, दमन र उत्पीडनलाई ढाकछोप गर्ने काममा पनि मिडियालाई प्रयोग गर्दै आएको' कुरा आमसञ्चारविज्ञहरूका उल्लेखित भनाइबाट पनि प्रष्ट हुन्छ ।

यसर्थ, साम्राज्यवादीहरूको सूचना आतङ्कका विरुद्धमा जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वैकल्पिक तथा जनपक्षीय मिडिया र पत्रकारिताको विषयमा सघन विमर्श चलाउँदै वैकल्पिक तथा जनपक्षीय मिडियाको थालनी, संरक्षण र सम्बर्द्धन गर्न जरुरी छ । तर आजको अवस्थामा क्रान्तिकारी तथा जनपक्षीय पत्रकारिता झनै कमजोर बन्न पुगेको अवस्था छ ।

***जनयुद्धको ऐतिहासिक महत्व र समीक्षा***

२०५२ सालमा प्रारम्भ भएको जनयुद्ध नेपाली इतिहासको महान् संघर्ष थियो । दशवर्षे जनयुद्धले राजतन्त्र अन्त्य, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संघीयता, धर्मनिरपेक्षता, समावेशी प्रतिनिधित्व जस्ता उपलब्धिहरू हासिल गर्न महत्वपूर्ण भूमिका खेल्यो ।

तर जनयुद्धका मूल लक्ष्य–नयाँ जनवादी क्रान्ति र समाजवादतर्फको संक्रमण-अधुरै रहेको छ । गणतन्त्र स्थापनापछि पनि वर्गीय राज्यसत्ताको चरित्र परिवर्तन भएन ।

खासगरी जनमुक्ति सेनाको विघटन, क्रान्तिकारी शक्तिको संसदीयकरण, वर्गसंघर्षको क्षय, जनयुद्धका लक्ष्यबाट विचलन, जनअपेक्षाको विश्वासघात जस्ता कारणले क्रान्तिकारी आन्दोलनलाई रक्षात्मक अवस्थामा पुर्‍यायो ।

***पत्रकार आन्दोलनको इतिहास र योगदान***

नेपालमा महत्वपूर्ण राजनीतिक परिवर्तनमा नेपाली पत्रकारिता क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यसले निरंकुश पञ्चायतविरुद्ध, राजतन्त्रविरुद्ध, जनआन्दोलनको पक्षमा, गणतन्त्रको पक्षमा लाग्न आम नागरिकलाई उत्प्रेरित गर्‍यो ।

जनयुद्धकालमा जनपक्षीय तथा युद्ध पत्रकारहरू असाधारण जोखिम उठाएर मुक्ति युद्धमा समाहित भए । तर शान्ति प्रक्रियामा आएपछि माओवादीमा आएको विभाजनका कारण क्रान्तिकारी तथा जनपक्षीय पत्रकारिता क्षेत्र कमजोर बन्न पुग्यो ।जनपक्षीय पत्रकारिताको प्रवर्द्धन, गणतन्त्र, संघीयता र राष्ट्रिय स्वाधीनताका पक्षमा अभियान, वैकल्पिक सञ्चारको विकास जस्ता उपलब्धिहरू हुन् । तर, वैचारिक प्रशिक्षण अपर्याप्त, अनुसन्धानात्मक पत्रकारिता कमजोर, डिजिटल संरचना सीमित, संगठनात्मक विस्तार सुस्त जस्ता कमजोरीहरू हामीबीच रहेका छन् ।त्यसैले, अनुसन्धानात्मक पत्रकारिता, श्रमजीवी पत्रकार अधिकार, वैकल्पिक डिजिटल प्लेटफर्म निर्माण, तथ्यमा आधारित जनपक्षीय पत्रकारिता अहिलेको आवश्यकता हो ।

***वर्तमान सञ्चार क्षेत्र***

नेपालको सञ्चार क्षेत्र आज कर्पोरेट नियन्त्रण, दलाल पुँजीको प्रभाव, विदेशी परियोजनामुखी पत्रकारिता, श्रम शोषण, असुरक्षित रोजगारीजस्ता समस्याबाट ग्रस्त छ । डिजिटल माध्यमको विस्तारसँगै सूचना युद्धको नयाँ अवस्था बनेको छ । खासगरी मुलधारका भनिएका मिडियाहरूले श्रमजीवी पत्रकारहरूमाथि श्रम शोषण गरिहेका छन् । न्यूनतम पारिश्रमिक उपलब्ध नगराउनु, महिनौंसम्म तलव रोकेर राख्नु, जस्ता समस्याहरू कायमै छन् । अझ कतिपय मिडियाले आईपीओ (साधारण शेयर) जारी गरेर आम नागरिकको पैसा असुल्ने आफ्नो लगानी फिर्ता लिएर संस्थालाई नोक्सानी देखाउने काम गरिरहेका छन् । नेपाली सञ्चार क्षेत्रको इतिहासमै पहिलो आईपीओ जारी गरेको नागरिक दैनिकले नौ/नौ महिनासम्म पनि तलव सुविधा रोकिरहेका छन् । आफूले गरेको श्रमको मूल्य पाउनका लागि आज श्रमजीवी पत्रकारहरू आफ्नै मिडियाका मालिक विरुद्ध आन्दोलन गर्न परिरहेको छ ।

***युद्ध पत्रकारितादेखि क्रान्तिकारी प्रेस संगठनसम्म***

जनयुद्धको उत्कर्षको समयमा २०६१ मा युद्ध पत्रकारहरूको भेलाबाट क्रान्तिकारी पत्रकारहरू संगठित भएका हुन् । ०६१ पुसमा रोल्पाको इरिवाङमा युद्ध पत्रकारका रूपमा क्रियाशील जनपक्षीय पत्रकारहरूको राष्ट्रिय भेला तथा माघ १५ गते रुकुमको लावाङमा महेश्वर दाहालको संयोजकत्वमा २१ सदस्यीय अखिल नेपाल क्रान्तिकारी पत्रकार सङ्घ, नेपाल आयोजक समिति स्थापना गरियो । तर त्यसभन्दाअघि २०३६ सालको जनआन्दोलनपछिको वातावरणमा जनपक्षीय पत्रकारितालाई नयाँ परिस्थितिमा उर्वर बनाउने अग्रज पत्रकारहरू शक्ति लम्साल, कृष्ण सेन 'इच्छुक', मिलन नेपालीहरूलाई विर्सिने छैनौं । २०४१ सालमा 'योजना' पत्रिकाको प्रकाशनसँगै जनपक्षीय पत्रकारिताको अझ उर्वर बनाउने काम भएको थियो ।

देशव्यापी रूपमा युद्ध संवाददाताहरू बनाएर अखिल नेपाल क्रान्तिकारी पत्रकार सङ्घले जनपक्षीय पत्रकारितामा ठूलो टेवा पुर्‍यायो । ६२/६३ को दोस्रो जनआन्दोलन पश्चात् शान्ति प्रक्रियामार्फत् देशको राजनीति नयाँ बाटोमा अघि बढेपछि २०६३ फागुन २९ र ३० गते सङ्घको काठमाडौंमा प्रथम राष्ट्रिय भेला सम्पन्न भयो । भेलाले सङ्गठनको नाम 'क्रान्तिकारी पत्रकार सङ्घ' राख्यो । विधान र प्रतिवेदन पारित गर्दै महेश्वर दाहालकै नेतृत्वमा ३३ सदस्यीय केन्द्रीय समिति समेत चयन गर्‍यो । २०६७ फागुन १७ गते सम्पन्न केन्द्रीय एकता भेलाले विधान संशोधन गर्नुका साथै १०१ सदस्यीय दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गर्‍यो ।

यसैबीच, तत्कालीन एकीकृत माओवादीको मूल नेतृत्वले संशोधनवादी तथा अवसरवादी बाटो समातेपछि त्यसबाट ०६९ असार ४ मा तत्कालीन पार्टीका वरिष्ठ उपाध्यक्ष मोहन वैद्य'किरण'को नेतृत्वमा विद्रोह गरी नेकपा-माओवादी गठन भयो । तत्कालीन क्रान्तिकारी पत्रकार सङ्घका संस्थापक अध्यक्ष महेश्वर दाहालसहित पत्रकारहरूको ठूलो पङ्क्तिले पनि क्रान्तिकारी धारमा उभिदै तत्कालीन एमाओवादीबाट विद्रोह गर्‍यो ।

यसैक्रममा क्रान्तिकारी पत्रकारहरूको एक भेलाले छरिएर रहेका सबै जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूको साझा सङ्गठनको रूपमा कुमार शाहको नेतृत्वमा ०६९ असोजमा क्रान्तिकारी पत्रकार महासङ्घको गठन भयो ।

क्रान्तिकारी अनलाइन पत्रकार संघ, जनपक्षीय रेडियो पत्रकार संघ, टेलिभिजन पत्रकार संघ, आदिवासी जनजाति उत्थान पत्रकार संघ, जनपक्षीय श्रमिक पत्रकार संघ, दलित पत्रकार संघ र सञ्चारकर्मी महिला संघ आंगिक संगठनका रूपमा रहेर २०६९ कार्तिक ३ गते जिल्ला प्रशासन कार्यालय काठमाडौ.मा 'क्रान्तिकारी पत्रकार महासंघ' दर्ता गरियो । तर एकपछि अर्को गरि पार्टी विभाजन हुँदा क्रान्तिकारी पत्रकार महासंघ पनि फुटको शिकार बन्न पुग्यो । यद्यपी क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणको प्रक्रिया अहिले पनि निरन्तर रहि नै रहेको छ ।

यहिबीचमा महासङ्घको सम्मेलनको तयारी हुँदै गर्दा तत्कालीन नेकपा-माओवादीका सचिव नेत्रविक्रम चन्द'विप्लव' अलग भएपछि केही पत्रकार साथीहरू समेत ०७१ मङ्सिरमा विभाजित हुन पुगे । त्यस लगत्तै सङ्गठन पुनर्गठन गरी सम्मेलनको तयारी गर्दै गर्दा ०७३ जेठमा तत्कालीन पार्टीका महासचिव रामबहादुर थापा 'बादल'को नेतृत्वमा एउटा टिम नवसंशोधनवादी कित्तामा पलायन हुन पुगेपछि पत्रकारहरूको पनि एउटा टिम संशोधनवादी तथा अवसरवादी कित्तामै पलायन हुन पुग्यो ।

त्यस लगत्तै क्रान्तिकारी धारमा बाँकी रहेका क्रान्तिककारी तथा जनपक्षीय पत्रकारहरूको भेलाले महासङ्घका संस्थापक संयोजक कुमार शाहकै नेतृत्वमा सम्मेलन आयोजक समिति पुनर्गठन गर्‍यो । त्यसपछि ०७३ श्रावण २४ गते महासङ्घको प्रथम सम्मेलन सम्पन्न भयो । सम्मेलनले इन्द्र राउतको अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गर्‍यो । तर पार्टी एकता र पुनर्गठनको प्रक्रिया जारी नै रहेको अवस्थामा क्रान्तिकारी पत्रकार महासंघ पनि पुनर्गठनको प्रक्रियामा अघि बढ्यो ।

२०८० असोज ७ गते क्रान्तिकारी पत्रकार महासंघ र क्रान्तिकारी पत्रकार संगठन, नेपालबीच ललितपुरको कुपण्डोलमा सम्पन्न एकता भेलाले संगठनको नाम 'क्रान्तिकारी प्रेस संगठन' पारित गर्‍यो । भेलाले संयोजकमा कमल बुढा र नारायण पंगेनी रहेको ८१ पूर्ण र १० सल्लाहकार सदस्य सहितको ९१ सदस्य एकता राष्ट्रिय भेला आयोजक समिति गठन गर्यो । र, २०८१ साउन ५ गते एकता राष्ट्रिय भेला काठमाडौंमा गर्ने निर्णय गर्यो ।यहीबीचमा, पुनः क्रान्तिकारी कम्युनिस्ट पार्टी र नेकपा (मशाल) बीचको एकताको क्रममा प्रगतिशील पत्रकार संघका नारायण शर्मालाई प्रेस संगठनको संयोजक र कमल बुढा र नारायण पंगेनीलाई सह संयोजक बनाउने निर्णय पार्टीले गर्‍यो । तर एकतामा आएको एक वर्ष नपुग्दै २०८१ साउनमा धर्मेन्द्र बास्तोला पुनः अलग भएसँगै कमल बुढा समूह अलग भयो । पार्टीमा एकता र ध्रुवीकरणको क्रममा संगठनिक गतिविधि वर्षौंदेखि सून्य प्रायः बन्यो ।

***सङ्गठनसम्बन्धी काम :***

तीन संगठनपछि बनेको क्रान्तिकारी प्रेस संगठनले नेपाल पत्रकार महासंघको निर्वाचनमा पनि सक्रिय रूपमा सहभागिता जनाएको थियो । केन्द्रीय पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म केही सदस्यहरू उम्मेदवार पनि बनाएका थियौं । तर तीन ठूला संगठनहरूको गठबन्धनका कारण महासंघमा हाम्रो उपस्थिति सून्य रहन पुग्यो । त्यसयता, संगठनका गतिविधिहरू अघि बढ्न सकेका छैनन् ।

चौतर्फी रूपमा दक्षिणपन्थी नवसंशोधनवादी तथा अवसरवादी विषाक्त हावाहुरी चलिरहेको विषम परिस्थितिमा आवश्यकता र आकस्मिकताले सङ्गठनको जिम्मेवारी सम्हाल्न आइपुगेको हाम्रो नयाँ टिम वैचारिक, राजनीतिक, साङ्गठनिक तथा सङ्घर्षको अनुभवका हिसाबले आवश्यक मात्रामा परिपक्व थिएन । हाम्रो लागि यो जिम्मेवारी क्रान्तिकारी पत्रकारिता आन्दोलनको इतिहासका दृष्टिले एउटा अग्नीपरीक्षा नै थियो । चौतर्फी प्रतिकूलताका बीच यस आन्दोलनमा उभिरहनु र टिकिरहनुलाई पनि एउटा सफलताको रूपमा लिनुपर्ने स्थिति बन्यो । समग्रमा भन्दा यस अवधिमा सङ्गठनले उल्लेखनीय रूपमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकेन । सम्मेलनदेखि विशेष राष्ट्रिय भेला हुँदै पुनः आजको तेस्रो राष्ट्रिय भेलासम्मको स्थितिको मूल्याङ्कन गर्दा यो अवधि सङ्गठनको अस्तित्व रक्षाको अवधि मात्रै रहन पुगेको छ । अहिले एकातिर निराशा, निष्क्रियता र अकर्मण्यताले सङ्गठनलाई नराम्ररी गाँज्न पुगेको छ भने अर्कोतिर आर्थिक व्यवस्थापनको जटिलताका कारण नेतृत्व टिमकै साथीहरू पनि सङ्गठन तथा आन्दोलनमा क्रियाशील बन्न नसक्ने स्थिति पनि पैदा हुँदै गएको छ ।

आगामी योजना तथा कार्यक्रम :

क) विचार, राजनीति, सङ्गठन र सङ्घर्षबारे बुझाइमा एकरूपता कायम गर्न प्रशिक्षण तथा नियमित अन्तर्क्रिया छलफल चलाउने ।

ख) राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाको पक्षमा जनपक्षीय सञ्चार कार्यमा सङ्लग्न क्रान्तिकारी पत्रकारहरूलाई सङ्गठित गर्ने र उनीहरूको पेशागत हक, हित र अधिकारको पक्षमा सङ्घर्षलाई सङ्गठित गर्ने ।

ग) जिल्ला जिल्लामा पत्रकारिता लिएर पढ्दै गरेका तथा पत्रकारितामा रुचि राख्ने विध्यार्थीहरूलाई सङ्गठित गर्ने र आधारभूत प्रशिक्षण दिलाई पत्रकारितामा अभ्यस्त गराउने ।

घ) मुद्दा मिल्ने पत्रकार संगठनहरूको बीचमा संयुक्त मोर्चा निर्माणका लागि पहल गर्ने र जनपक्षीय पत्रकारिता आन्दोलनलाई व्यापक बनाउने ।

ङ) प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र विचार स्वतन्त्रताको पक्षमा निरन्तर आवाज उठाउने ।

च) श्रमजीवी पत्रकारहरूको पेशागत मुद्दा, श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, साना तथा स्वरोजगार लगानीका मिडियाहरूको सम्बर्द्धन, समानुपातिक विज्ञापन नीतिका बारेमा एकल वा संयुक्त रूपमा आवाज बुलन्द गर्ने ।

छ) सत्ता र शक्तिको वरिपरि गोलचक्कर मारिरहेको र कर्पोरेट हाउसहरूको नियन्त्रणमा पुगेको मूलधारको भनिएको नेपाली पत्रकारिताले साम्राज्यवादी तथा पुँजीवादी स्वार्थ अनुसार बहुराष्ट्रिय कम्पनीहरूको बजार विस्तार गर्ने, उपभोक्तावादी संस्कृति र मानसिकताको विकास गराउने, डिजिटल मिडियाको सहारामा मौलाउँदो फासिवाद उन्मुख गतिविधिका विरुद्ध निरन्तर खबरदारी गर्ने, आदि ।

***निष्कर्ष***

नेपाल गम्भीर राजनीतिक संक्रमणबाट गुज्रिरहेको छ । जनयुद्ध, जनआन्दोलन र गणतन्त्रका उपलब्धिहरूलाई रक्षा गर्दै अधुरा क्रान्तिकारी कार्यभार पूरा गर्ने ऐतिहासिक आवश्यकता आज पनि विद्यमान छ । क्रान्तिकारी पत्रकारिता कुनै तटस्थ कर्म मात्र होइन; यो सत्य, जनअधिकार, राष्ट्रिय स्वाधीनता र सामाजिक रूपान्तरणको पक्षमा वैचारिक संघर्षको महत्वपूर्ण मोर्चा हो ।

क्रान्तिकारी प्रेस संगठनले जनताको पक्षमा उभिँदै वैज्ञानिक समाजवादतर्फ अग्रसर नयाँ राजनीतिक चेतनाको निर्माणमा आफ्नो भूमिका अझ प्रभावकारी बनाउनु आजको ऐतिहासिक दायित्व बन्न पुगेको छ ।

*(२०८३ असार ६ गते कुपण्डोल ललितपुरमा सम्पन्न क्रान्तिकारी प्रेस संगठनको तेस्रो राष्ट्रिय भेलामा संयोजक नारायण पंगेनीद्धारा प्रस्तुत तथा पारित)*

# भिमबहादुर श्रीस मगरको संघर्षपूर्ण जीवन यात्राः मजदुर,लाहुरेदेखि राजनीतिकर्मीसम्म

*सुरुवाती*

भिमबहादुर श्रीस कम्युनिस्ट आन्दोलनको एक अनवरत यात्री हुनुहुन्छ। व्यक्तिगत स्वार्थबाट माथि उठेर मात्र सच्चा कम्युनिष्ट बन्न सकिन्छ भन्ने श्रीसको सोचाइ छ। इमान्दारिता, निष्ठावान र सहयोगी भावना श्रीसका चारित्रिक विशेषता हुन्। कम्युनिस्ट आन्दोलनमा भएका अनेकौं टुटफुट र विभाजनका बावजुद पनि आन्दोलनबाट उहाँ निराश हुनुहुन्न। दुःख के हो र खुसी के हो भन्ने कुरा उहाँले जीवनका अनेकौं घुम्तीहरूमा अनुभव लिनुभएको छ। उहाँले सच्चा कम्युनिस्टहरूको एकतामा जोड दिँदै आउनुभएको छ।

*जन्म*

वि.सं. २००६ मंसिर १ गते भिमबहादुर श्रीसको जन्म भएको थियो। उहाँको जन्मस्थान बागलङ जिल्ला साविक राङखानी गाविस वडा नं. ६ (हाल जैमिनी नगरपालिका वडा नं. १०, साहुथर टोल) हो। बुबा पृथी प्रसाद श्रीस र आमा तुलसी पुनबाट उहाँ जन्मनु भएको थियो। बुबा आमाका ३ छोराहरू मध्ये उहाँ जेठो हुनुहुन्छ। माहिला बोमबहादुर श्रीस र कान्छा मिमबहादुर श्रीस हुनुहुन्छ। तर मिम बहादुर श्रीस २०३९ मंसिरमा भारत जान्छु भनी हिंडेका बेपत्ता हुनुभयो र अहिलेसम्म बेपत्ता हुनुहुन्छ।

*पारिवारिक पृष्ठभूमि*

श्रीसको पारिवारिक पृष्ठभूमि हेर्दा कृषक र लाहुरे परिवार हो। उहाँका बुबा ६ भाइहरू मध्ये राइँलो भर्ति हुनु भएन, ५ भाइ तत्कालीन इष्ट इण्डिया कम्पनीमा भर्ति हुनु भयो। ३ भाइ विना पेन्सन घर फर्कनु भयो। दोस्रो विश्व युद्धमा वर्मामा जापानी सेनाद्वारा उहाँका बुबा पृथी प्रसाद श्रीस (पल्टनको नाम पृथीबहादुर राना) कब्जामा परेर तीन वर्ष युद्धबन्दीको रूपमा रहनुभयो। ब्रिटिश सेना मेजर मेक्डन सहित कैयौं कब्जामा परेर युद्ध बन्दी भएका थिए। १९४७ मा युद्ध समाप्त भयो। जापानी सेनाको कब्जाबाट मुक्त भएपछि ब्रिटिशले आ-आफ्ना देशमा फर्क, आवश्यकता पर्‍यो भने बोलाउँछौं भनेर घर - घर पठायो। घर आएपछि उहाँका बुबाले वि.सं.२००४ सालमा विवाह गर्नु भयो। घरमा सामान्य विवाद भएपछि उहाँका बुवा ९ वर्षसम्म लापत्ता हुनु भयो। बुबा लापत्ता भएका बेला घरमा निकै नै दुःख भयो। गाउँमा ढेडी - मजदुरी गरेर बाँच्नु परेको थियो। कहिलेकांही त भिम बहादुर श्रीसको परिवारलाई भोकभोकै पनि रात विताउनु परेको थियो।

९ वर्षपछि बुबा फर्किएपछि कान्छा भाइको जन्म भएको थियो। उहाँका बुबा ९ वर्षमा मन्द्रासबाट फर्किएर आउँदा विना कमाई खाली हात फर्किनु भयो। एक महिनापछि फेरि फर्कनु भयो मन्द्रास। बिस्तारै पारिवारिक सम्बन्ध पनि सुधारियो। थोरै धेरै घर खर्च बुबाले पठाउन थालेपछि परिवारको सामान्य रूपमा आर्थिक सुधार भयो।

२०५४ मा भिम बहादुर श्रीस गाविस अध्यक्ष भएपछि म्याग्दीस्थित ब्रिटिश वेलफेयर अफिसका क्याप्टेन डम्बर बहादुर गुरुङलाई आफ्नै गाउँ बागलुङको राङखानी बोलाउनु भयो र बुबा पृथीबहादुर सहित गाउँका ७ जनालाई ब्रिटिश वेलफेयर मार्फत् नियमित आर्थिक सहयोग दिलाइदिनु भयो। सुरुमा नेपाली रु. ७०० मासिक, त्यसपछि ४००० र ८००० सम्म मासिक सहयोग गर्दथ्यो। बुढाहरू ३/३ महिनामा सहयोग लिन म्याग्दीको ब्रिटिश वेलफेयर कार्यालय जाने गर्थे। बुढाहरू मरेपछि तिनका श्रीमतिहरूले पनि सहयोग पाए र कतिपय श्रीमान मरेका श्रीमतीहरूले त्यो सुविधा लिएका थिए।

*शिक्षा*

भिमबहादुर श्रीस पढ्ने उमेर भएका बेला बागलुङ जिल्लाको राङखानी गाउँपंचायतको देवलडाँडामा एउटा स्कूल थियो। एउटा भू.पू.भारतीय सेना राहल थापा भन्ने चन्द्रबहादुर थापाले देवलडाँडाको स्कूलमा पढाउँथे। त्यो दिन सम्झँदै भिमबहादुर श्रीस भन्नुहुन्छ, "मलाई पढ्न मन लागेर स्कूल गएँ। तर आमाले स्कूल गएको थाहा पाएर कुन तेरो बाबुले गरेको खाने होस् भनेर ढुंगै ढुंगाले हानेर लखेट्नु भयो। त्यतिबेलाको चेतना नै त्यस्तै थियो। जम्मा एक दिन स्कूल गएको हुँ। आज मैले जे लेख्न पढ्न जानेको छु। त्यो भर्ति भएपछि लेख्न पढ्न सिकेको हुँ। आर्मीमा ७ पिरियडमा १ पिरियड लेखाई पढाई अनिवार्य थियो।"

*मजदुर जिन्दगी*

भिम बहादुर श्रीस युवा छँदा नेपालको सरकारले उसिना चामल दिएर सडक खनाउँथ्यो। २०२२ सालमा बागलुङ राङखानीका थुप्रै युवाहरू स्याङ्जाको कुखुरे खोलामा सडक खन्न आएका थिए। श्रीसकी आमाले पोखराबाट जम्मा १० पाथी उसिना चामल लानु भएको थियो। उसिना चामको पैसा तिर्नु नसक्नेले बाटो खन्नु भनेर राङखानी गाउँका मुखिया डम्बरबहादुर राना र हबल्दार पृथीबहादुर रानाले भनेका थिए। हाम्री आमाले उसिना चामलको पैसा तिर्न नसकेपछि स्याङ्जाको कुखुरे खोलामा ६ महिना बाटो खन्नु परेको थियो। खाना खान मकैको ढिंडो घट्टामा पिसेको दिन्थे, लाउन दिन्न थिए। ६ महिना काम गरे वापत चामलको हिसाव त पूरा भयो, भिम बहादुर श्रीसलाई थप ३६रूपैयाँ पाउँछस् भनेका थिए मुख्यले। तर त्यही ३६ रूपैयाँ पनि उहाँले पाउनु भएन। ती दिनमा पंचायती व्यवस्थामा जनतालाई कसरी काम कजाइन्थ्यो र कसरी शोषण हुन्थ्यो भन्ने कुरा १० पाथी उसिना चामल खाए वापत ६महिना सडक खन्नु परेको घटनाबाट बुझ्न सकिन्छ। तर गाउँका मुख्यहरूले भने मस्ती गरे - भैरहवा -पोखरा जहाजा सयर गरे।

उहाँ २०२३ सालको वैशाखमा कुखुरे खोलाको सडक खनेर घर, राङखानी फर्कनभयो। २०२३ सालको भाद्र महिनामा उहाँका जेठा बाको माइला छोरा, भाइ पर्ने नरबहादुर श्रीस दुई भाइ भएर पोखरा आउनुभयो। २०२३ सालको पोखरामा मजदुर जिन्दगीलाई सम्झँदै भिम श्रीस भन्नुहुन्छ, "पोखराको फेवातालबाट झरेको फुर्से खोलाको हाइड्रो पावरमा, सिमेन्ट मुछ्ने, ढुंगा बोक्ने काम गरियो। दिनभरी काम गरेको ठेकेदारले ३ मोहोर ज्याला दिन्थे। हप्तामा एक पटक भैरहवाबाट पोखरा जहाज आउँथ्यो। जहाजमा ब्रिटिश लाहुरे आउँथे। ती लाहुरेहरूको भारी बोकेर म कास्कीको मतिखान, कास्कीको उत्तर तर्फका गाउँ, स्याङ्जाको दरौं सिरुवारी, घण्टे देउराली, पर्वतको आठथर, स्याङ्जाको सिराने, स्याङ्जाको गल्याङ सेवेनी नरेठाँटी लगायतका ठाउँहरूमा लाहुरेको भारी बोकेर गएको थिएँ। मैले जति पनि लाहुरेको भारी बोके, तिनीहरू सबै गुरुङ थिए। सस्तो जमाना थियो। २० पैसामा एक कप चिया पाइन्थ्यो। लाहुरेले भारी वापत २०/२५ रूपैयाँ दिंदा धेरै खुशी लाग्थ्यो। त्यसरी २०२३ को भदौदेखि चैत्रसम्म कहिले पोखरा फेवाताल मुनि फुर्से खोलाको हाइड्रोपावरमा काम गर्ने र कहिले लाहुरेको भारी बोकेर समय बिताएँ।"

श्रीसले २०२४ सालको वैशाखदेखि भाद्रसम्म ५ महिना सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जाको भालु पहाडमा ५ महिना सडक खन्ने मजदुरी गर्नुभयो। त्यो दिन सम्झँदै श्रीस भन्नुहुन्छ, "काठमाडौंको नेवार ठेकेदारले भालु पहाडको ठेक्का लिएका रहेछन्। अप्ठ्यारो चट्टान भएकाले कुनै पनि ठेकेदारले काम लिन नमानिरहेको बेला उनले त्यो ठेक्का लिएका रहेछन्। मलाई पनि लिएर गए। सुरुमा दिनको तीन मोहोर र रक ड्रिल गर्न जानेपछि ५ मोहोर ज्याला दिए। भदौमा उनै भाइ नरबहादुर मलाई लिन आए। माइली आमा रोइरहेका छन्। म तँलाई नलगी जान्न भनेर लिएर गयो। ठेकेदारले नठगिकन पैसा दिएको थियो।। राम्रा कपडा किनियो। चिटिक्क भएर तीजको मेला हेर्न बरेङ गएको थिएँ।

*लाहुरे जिन्दगी*

भिमबहादुर श्रीस वि.सं. २०२५ भाद्रमा (सन् १९६९ सेप्टेम्बर ३ तारिख) मा भारतको गोरखपुरबाट भारतीय सेनामा भर्ति हुनुभयो। २१ दिन गोरखपुर राखेपछि उहाँलाई हिमाञ्चलको सवाथु रंगरुट कम्पनीमा लगिएको थियो। लाहुरे जीवन सम्झँदै श्रीस भन्नुहुन्छ, "मलाई १९६५ र १९७१ को भारत-पाकिस्तान युद्धमा जानु परेन। तर चीनको बोर्डरमा अरुणाचलको हिमालमा असाध्य दुःख पाएको दिनहरू अविस्मरणीय छन्। बरफमा गम बुट लगाएर रात दिन पेट्रोलिङ भनेर हिंड्नु परेको कुरा कहिलै बिर्सिंदैन। एक रात त म हिउँ जमेको खाल्डोमै फसे। साथीहरूले बचाए।"

*राजनीतिक चेतनाको विकास*

सेनामा छँदा भिम श्रीसले गाडी ड्राइभरको जिम्मा (एम.टी.) जिम्मा पाउनु भएको थियो। त्यसबारे उहाँ भन्नुहुन्छ, " वर्माको सिमाना भारतको मनिपुर-मिजोरम-नागाल्याण्ड क्षेत्रमा रहँदा चीनमा कम्युनिष्ट शासन छ। कम्युनिस्टहरूले धनी र गरिवको भेद मेटाउँछ भन्ने सुनिन्थ्यो। त्यसबाट मलाई कम्युनिस्ट व्यवस्था राम्रै रहेछ भन्ने दिमागमा छाप परेको थियो। छुट्टीको बेला घर आउँदा शिक्षक कृष्ण थापा लगायतले कम्युनिस्ट पार्टीकै कुरा गर्थे। सन् १९८४ (२०४० असार) मा म पेन्सन निस्किएँ। गाउँमा आएपछि म पसल पनि गरें र सामाजिक काममा लागें। सर्कुवाका कृष्ण थापा, मेरै गाउँकी बहिनी पुष्पा, भाइ पर्ने जगदिश श्रीस, बहिनी हरिमाया आएर सांस्कृतिक कार्यक्रम गरौंहै भन्थे। हामीले गाउँमा सांस्कृतिक कार्यक्रमको व्यवस्था गरिदिन्थ्यौं। त्यसरी पंचायतकालमा नै हाम्रो गाउँमा प्रगतिशील सांस्कृतिक कार्यक्रम हुन्थ्यो। "फोकल्याण्डको टापु" बाट भन्ने गीतमा ढक पुनले अभिनय गर्दथे। मलाई त्यसले निकै मनमा छुन्थ्यो।

२०४६ सालमा बहुदल आयो। २०४७मा बागलुङको बलेवा नारायणथानमा नेकपा (मसाल) को प्रशिक्षण कार्यक्रम रहेछ। मलाई भरत पौडेल लगायतले प्रशिक्षण कार्यक्रममा लिएर गए। मैले त्यो प्रशिक्षण कार्यक्रम भन्दा पहिले नै नेकपा (मसाल) को उम्मेदवार फारम भरेको थिएँ। त्यो प्रशिक्षणमा मोहन विक्रम सिंह, राम सिंह श्रीस, परी थापा लगायतका नेताहरू जानु भएको रहेछ। मोहनविक्रमको हुन भन्ने पनि मैले चिन्न सकेन। पछि मात्र थाहा भयो। यसरी मेरो जीवनमा राजनीतिक चेतनाको विकास भएको पाउँछु।"



*गाविस अध्यक्ष*

२०४९ र २०५४ को गाविस अध्यक्ष चुनावमा भिम बहादुर श्रीस दुई पटक नै राङखानी गाविसको अध्यक्ष बन्नुभयो। २०४९ मा भिम बहादुर श्रीसको प्रतिद्वन्द्वि नेपाली कांग्रेसका सुबेदार खडक सिं श्रीसले २९६, नेकपा (एमाले) को डण्डपाणि वाग्लेले ४९ र भिम श्रीसको १४८६ मत लिई अत्यधिक मतले विजय प्राप्त गर्नुभयो। २०५४ को स्थानीय निर्वाचनमा निर्विरोध गाविस अध्यक्ष बन्नुभयो। बाटाघाटा निर्माण, शिक्षा सुधार, गाउँमा विद्युतिकरण, हेल्थ पोष्ट भवन निर्माण-लगायत व्यापक श्रमदानका काम भएका थिए। बागलुङबाट पोखरा आए पछि २०७४ सालको स्थानीय तह निर्वाचनमा उहाँ देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको तर्फबाट पोखरा महानगरपालिकाको मेअर उम्मेद्वार बन्नुभएको थियो।

*जनजाति संगठन*

भिम बहादुर श्रीसले तत्कालीन नेकपा (मसाल) मा छँदा अखिल नेपाल जनजाति सम्मेलन बागलुङको कोषाध्यक्ष,केन्द्रीय सदस्य र केन्द्रीय कोषाध्यक्ष समेत भई काम गर्नुभयो। नेकपा (एकीकृत) भएपछि अखिल नेपाल मगर स्वशासित संघ (एकीकृत)को केन्द्रीय कोषाध्यक्ष सम्मको जिम्मेवारीमा रही काम गर्नु भयो। क्रान्तिकारी माओवादी बनेपछि अखिल नेपाल आदिवासी जनजाति महासंघको केन्द्रीय सदस्य रहेर काम गर्नुभयो।

*सामाजिक कार्य*

भिम बहादुर श्रीसले २०६७ देखि २०७१ सम्म ४ वर्ष बागलुङ - पोखरा मगर समाजको अध्यक्ष तथा २०६९ देखि २०७० सम्म बागलुङ - पोखरा समाजको अध्यक्ष भई काम गर्नु भएको थियो।

*विवाह र परिवार*

२०३१ सालमा गाउँकै भद्रकाली पुनसित उहाँको विवाह भयो। एक सन्तान रेशमबहादुर श्रीस हुनुहुन्छ। रेशम पनि ब्रिटिश आर्मीको निवृत्त हुनुहुन्छ।

*पार्टी*

उम्मेदवार सदस्य फारम भरेको ३ वर्ष पछि २०५० सालमा भिम श्रीसले नेकपा (मसाल) को पार्टी सदस्यता प्राप्त गर्नु भएको थियो। नेकपा (मसाल) को बागलुङ दक्षिणभेग ६ नं. एरिया समितिको सदस्य भएर काम गर्नुभयो। २०६२ सालदेखि कास्कीको पोखरा बस्न थाल्नुभयो। २०६६ देखि उहाँ पोखरा नै बसाई सराई गर्नुभयो। २०६३ मा पार्टी विभाजन भएपछि नेकपा (एकीकृत) कास्कीको जिल्ला सजिव भएर काम गर्नुभयो। २०६७ देखि २०७२ सम्म नेकपा (एकीकृत) को कास्की जिल्ला सचिव रहेर काम गर्नुभयो। २०७२ मा नेकपा-माओवादी र नेकपा (एकीकृत) का बीचमा पार्टी एकीकरण भएपछि बनेको नेकपा (क्रान्तिकारी माओवादी) को २०७२ देखि २०७५ सम्म कास्की जिल्ला सचिव रही काम गर्नुभयो। २०७५ मा माघ २३ गते प्यारालाइजको समस्या आएपछि उहाँले सचिवको जिम्मेवारी छाड्नुभयो। २०८० वैशाखमा नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (बहुमत) का बीचमा पार्टी एकता भई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बन्यो र त्यस पार्टीको केन्द्रीय समिति सदस्य बन्नुभयो। २०८१ वैशाखमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल र नेकपा(मशाल) का बीचमा पार्टी एकता भएर बनेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको उहाँ वैकल्पिक केन्द्रीय सदस्य बन्नु भयो।

*दुःखद घटना*

जीवनमा माओवादी र मसालबाट पिटाई खाएको फरकफरक घटना उहाँका लागि दुःखद घटना हुन्। २०६१ साल श्रावण ५ गते विहान ८ बजेदेखि राति ११ बजेसम्म आफ्नै घरमा आई २५ जना जति माओवादी लडाकुको टोलीले कुटपिट गरेको घटना उहाँको जीवनको दुःखद पक्ष हो। सम्झँदै भन्नुहुन्छ, "विहानै आएर भात पकाउनुस् तपाईंकै हातले पकाएको खान्छौं भने। तिमीहरू माओवादी प्रचण्डका मान्छे, म चाहिं राजनीतिक पार्टीकै मान्छे हुँ, म मोहनविक्रमको मान्छे। मसालको "न सुराकी, न खुराकी" भन्ने नीति छ। मैले दिन्न। तिमीहरू आफ्नै हातले जे खान्छौं निकालेर खाऊ भने। मलाई कुटेर भान्छा घरमा थुने। आफै आटो पकाएर खाए। भान्साघरबाट आएको धुवाँले म निस्सासिएँ। पिटाईका कारणले मैले आँखा देख्न नसक्ने अवस्थामा पुगेको थिएँ। पूरै जिउ सुन्निएको थियो। मलाई के लाग्छ भने प्रतिशोधका भावनाले कुटिएको थियो। सच्चा कम्युनिस्ट चरित्र भएको भए त्यसरी अनावश्यक कुटपिट गर्नु हुने थिएन। सच्चा कम्युनिस्टहरू, सही क्रान्तिकारीहरू एक ढिक्का हुनुपर्छ भनेर अहिले विगतका घटनालाई बिर्सिएर भए पनि हामी एकता र ध्रुवीकरणको प्रक्रियामा जानु परेको छ।"

"२०६४ को संविधानसभा चुनावमा नेकपा (एकीकृत) को तर्फबाट बागलुङ क्षेत्र नं. २ बाट लिला थापा उम्मेदवार थिए। पोखराबाट गएर म राङखानी गाउँमा चुनावप्रसारमा लागेको थिएँ। मसालका कार्यकर्ताहरूले म माथि कुटपिट गरे। पछि गुञ्जबहादुर घर्तीलाई मसालका कार्यकर्ताहरूले निर्घात कुटपिट गरे। त्यो दुःखद घटना थियो।"

*सुखद पक्ष*

पार्टी-संगठनमा काम गर्न पाउनु भिम श्रीसका लागि सुखद पक्ष हो। साथी सँगीहरू सित भेट्नु, कुराकानी गर्नु ,आन्दोलनमा हिड्नु देश र जनताको पक्षमा संघर्ष गर्नु - भिम श्रीसको लागि जीवनको सुखद र आनन्ददायी कुरा हो। सामाजिक काममा सक्रिय बन्न पाउँदा पनि उहाहालाई रमाइलो लाग्छ।

*पुछारको कुरा*

जीवनको झण्डै चार दशक सम्म सामाजिक र राजनीतिक काममा लाग्दा उहाँलाई कहिलै पनि अनियमितता वा भ्रष्टाचारको आरोप खेप्नु परेन। उहाँ निष्कलंक चरित्र बोकेको व्यक्ति हो। गा.वि.स. अध्यक्ष हुँदा सानासाना हिसाब पनि उहाँले डायरीमा टिपेर राख्नुहुन्थ्यो, जनतालाई छर्लंग बताइदिनुहुन्थ्यो। पारदर्शिता, प्रलोभनविहीनता श्रीसबाट सिक्नुपर्ने पाठ हो। कहिलै पनि निरास नभई पार्टी, संगठन र सामाजिक काममा निरन्तर लागिरहने उहाँबाट सिक्नुपर्ने अर्को पाठ हो। बाँकी जीवन पनि पार्टी, संगठन र सामाजिक काममा विताउने भीम श्रीसको मन छ। उहाँका पनि कमीकमजोरी छन्। कहिलेकाही अनाबश्यक हौसिने र विनामेसै झर्किने सानातिना कमजोरी पनि छन्। गा.वि.स. अध्यक्ष भएकै बेला २०५५मा मसालले मदिरा विरोधी अभियान चलाएको बेला रोपाईमा खेतालालाई जाँड खुवाएको भनेर कार्वाहीमा पर्नु परेको थियो। एमालेका एक व्यक्तिले उजुरी गरे पछि उहाँलाई मसालले ६ महिना गा.वि.स. अध्यक्षबाट निलम्बन गरेको थियो।

"विश्वका मजदुरहरू एक होऔं भन्ने तर साना-साना कुरामा व्यक्तिगत स्वार्थ, रिसिवी ल्याएर पार्टी फुटाल्ने कम्युनिस्टहरूको तरिका बेठिक हो।" -श्रीसको भनाई छ। कम्युनिस्टहरू कस्तो हुनुपर्छ भन्ने बारेमा श्रीस भन्नुहुन्छ - "कम्युनिस्टहरूले कार्यकर्तालाई मात्र हैन, जनतालाई प्रशिक्षित गर्नुपर्दछ।उत्पीडित जनताहरू/श्रमजीवी जनताको बीचमा सामूहिक काम गर्नुपर्दछ।समूहगत उत्पादनमा लाग्नुपर्दछ। जनतालाई ढाँटछल गर्नु हुन्न।"

*- प्रस्तुति : रामबहादुर बुढा*

# अमेरिकाको क्यूबामाथिको कठोर नाकाबन्दी र घेराबन्दी कहिले होला अन्त्य ?

*चीन भने क्यूवामाथिको अबैधानिक र अन्यायपूर्ण नाकाबन्दीको विरूद्ध रहँदै आएको छ र उसमाथि अमेरिकाले लादेको सबै किसिमको प्रतिबन्ध हट्नु पर्छ भनिरहेको छ। राष्ट्रहरुको सम्बन्ध संयुक्त राष्ट्रसंघको बडापत्र र स्वीकार्य अन्तराष्ट्रिय कानुन र राष्ट्रहरुको समान सार्वभौमिकताको सिद्धान्त अनुसार चल्नु पर्दछ भन्ने कुरा बारम्बार उठाइरहेको छ।*



● लोकनारायण सुवेदी ●

बितेको सात दशकभन्दा बढी समयदेखि अमेरिकी साम्राज्यवाद क्यूबामाथि निरन्तर नाकाबन्दी र घेराबन्दी लगाउँदै क्यूबालाई आत्मसमर्पण गराएर विश्वमा आफ्नो धाक जमाउन उद्यत रहँदै आएको छ। ठूलो संकटका बीच क्यूवाले अदम्य साहस,धैर्य र वीरताकासाथ त्यसको प्रतिवाद र प्रतिरोध पनि निरन्तर गर्दै आइरहेको छ। अहिले क्यूवा अमेरिकाको अझ बढी चौतर्फी घेराबन्दीमा परेर इन्धन, बिजुली, ग्यास, औषधी, खाद्यान्न जस्ता जीवनका आधारभूत वस्तहरूको अत्यन्तै अभावको कठिन र अमानवीय अवस्थाबाट गुज्रिरहेको छ। उनीहरूले दिनको २२ घण्टासम्म बिद्यूतबिहीन भएर अध्यारोमा बस्नु परिरहेको छ।

अहिले पछिल्लो समयमा क्यूवाका पूर्व राष्ट्रपति ९४ वर्षीय राउल क्याष्ट्रोमाथि अमेरिकी फेडरल प्रोसेक्यूटरले आरोपपत्र(चार्जसीट) तयार पारिरहेको खबर पत्रपत्रिकाहरूले दिइरहेका छन्। क्यूवाका वर्तमान राष्ट्रपतिले त्यहाँको कठिनाईपूर्ण नाकाबन्दी र घोर अमानबीय घेराबन्दीको स्थितिलाई सम्हाल्ने अथक प्रयत्न अवश्य गरिरहेका छन्। उनको पनि सामर्थ्यको एउटा सीमा छ। सशक्त र न्यायपूर्ण अन्तर्राष्ट्रिय राजनीतिक हस्तक्षेप बिना क्यूवाको समस्या हल हुने सहज स्थिति बन्ला भन्ने देखिदैन। किनभने अन्तराष्ट्रिय कानुन, संयुक्त राष्ट्रसंघको सर्वाधिक बहुमत (अमेरिका र इजरायल बाहेक)को सम्पूर्ण जनमत क्यूवाको पक्षमा हुँदा हुँदै पनि अमेरिकाले नाकाबन्दी र घेराबन्दी गर्ने क्रूर हठ छाडेको छैन। बरु अझ बढाउदै लगेको छ। यस अवस्था बारे चीन र रुस जस्ता बिश्वका शक्तिशाली देशहरूले मर्यादित तर दबाबकारी सक्रियता लिउन् भन्ने पनि चाहन्छन्। किनभने क्यूवाली जनता र राष्ट्रलाई बचाउन र सुरक्षित अघि बढाउन यो नै अहिलेको एकमात्र सम्भावित विकल्प देखिएको राय विश्व न्यायप्रेमी जनताका बीचबाट पनि प्रकट भइरहेको छ।

हुन त के लाग्दछ भने यति बेला विश्वका महाशक्ति राष्ट्रहरूको उच्च स्तरीय शिखर भेट वार्ताको मौसम हो। गएको १४ र १५ मईका दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चीनको भ्रमणमा बेइजिङ्ग पुगे। उनको भ्रमणपछिको निष्कर्श थियो 'चीनसँग शानदार वार्ता' भयो। यस बारेमा चिनीयाँ सञ्चार माध्यमहरूले पनि दुइ देश बीचको आर्थिक सहयोगको ठूलो सम्भावना रहेको र वर्तमान विश्व स्थितिमा यसको ठूलो महत्व रहेको कुरा प्रकाश पारेका थिए।

त्यसरी नै मई २० मा रुसका राष्ट्रपति भ्लादिमिर पुटीन चीनको भ्रमणमा गएका थिए। यसले दुइ देश बीचको दीगो सुसम्बन्धलाई अझ सबल पार्न २१औं शताब्दी सापेक्ष महत्वपूर्ण विभिन्न रणनीतिक तथा आर्थिक महत्वका सम्झौता पनि गरेको छ। विश्वको बदलिँदो परिप्रेक्षलाई मध्यनजर राखेर रुस र चीनका बीच जुन व्यापक सहमति र सम्झौता भएको छ त्यसले विश्व शान्ति र स्थिरतकासाथै उदाउँदो बहुध्रुवीय विश्व सम्वन्धलाई विश्वसनीय, सबल र सक्षम तुल्याएर समानता, न्याय र सम्बृद्धि खोजीरहेका र त्यसको लागि संघर्ष गरिरहेका विश्व समुदायलाई आश्वाान बनाएको विश्व राजीतिक विश्लेषकहरूले विश्वास लिएका छन्।

त्यसले गर्दा अबको विश्वमा हस्तक्षेप, कब्जा र प्रभूत्व जमाउने जस्ता असमानता, विषता र वैमन्यस्य पैदा गर्ने परिस्थितिको अन्त्य गर्नेतिर उन्मुख हुने र ठूला र शक्ति राष्ट्र अहंकारवादको अन्त्य हुने स्थिति विकसित हुँदै जाने दिशातर्फ विश्व समाज अग्रसर हुने परिकल्पना साकार बन्नेसम्मका कुरा चल्न थालेका छन्। दक्षिण-दक्षिण सहयोग, ब्रिक्सको बिस्तार, शंघाई सहयोग संगठनको सुगठन जस्ता उदाउँदा र विस्तार हुँदै गरेका अन्तर्राष्ट्रिय संस्थाहरूले पनि यही बहुध्रुवीयतालाई मलजल गर्ने स्थिति बन्दैछ।

एकातिर यस्तो परिवर्तनकारी परिवेश बन्न थालेको छ भने अर्कोतिर भेनेजुएलाका राष्ट्रपति मदुरो र उनकी पत्नीलाई जबर्जस्ती अपहरण गरेको अमेरिकाले ईरानमाथि हमला गरेर पहिलो चरण मै इरानको शासन परिवर्तन गर्ने फूर्ति लगाइरहेको थियो। भीषण हमला गरेर त्यहाँको सर्वोच्च धर्मगुरु तथा नेता अली खमेनाई लगायत ठूला नेताहरूको हत्या पनि अमेरिका र इज्रायल भएर गरेका थिए। तर तीन महिना बित्न लाग्दा पनि ईरानले टसको मस गरेको छैन। यसरी निर्णायक प्रतिरोध युद्धमा लागेको ईरान अमेरिकालाई यतिबेला भालुको कन्पट हुन पुगेकोले पछिल्लो समय अहिले युद्ध बिराम र ६० दिने सम्झौता बार्ताको स्थितिबाट गुज्रिन थालेको छ। ईरानसँग आच्छु आच्छु परेर सम्झौतामा पुगेको अमेरिकाले क्यूवा कब्जागर्ने अबाञ्छित हठ भने छोडेको छैन।

ईरानले, विश्वको तेल इन्धन आफूर्ति गर्ने एउटा मूख्य विश्व नाका(जहाँबाट बिश्वको २० प्रतिशत तेल आपूर्ति हुन्छ) किलकिले समाएजस्तै समाए पछि तेल आपर्ति श्रृंखलामै ठूलो अवरोध सिर्जना भएर विश्व भरी नै तेल लगायतका वस्तुहरूमा ठूलो मूल्य वृद्धि भइसकेको र भइरहेको छ। उता अमेरिकाबाट ९० किलोमिटर जति मात्र टाढा रहेको क्यूवाका पूर्व राष्ट्रपति विश्व प्रसिद्ध समाजवादी फिडेल क्याष्ट्रोका भाइ ९४ वर्षीय राउल क्याष्ट्रोमाथि कतिथ आतंककारीको विल्कुलै झूटो फत्तुरमा अमेरिकाको फेडरल कोर्टले मुद्दा चलाउन आदेश दिएको छ। अमेरिकी साम्राज्यवाद आफ्नो विश्व प्रभूत्व जोगाउन यसरी मनपरी अतिक्रमण, थिचोमिचो र हस्तक्षेपकारी दादागिरी गर्न निरन्तर उद्यत छ। तर यो उसको अन्तिम असफल प्रयास हुने कुरा पनि बिश्लेषकहरूले निचोड निकालिरहेका छन्। ईरानमाथि थोपरिएको युद्धमा अमेरिकी साख जसरी गिरेको छ यसले पनि त्यो बिश्लेषणको पुष्टि गरिरहेको छ।

आश्चर्यको कुरा त के छ भने जुन दिन अमेरिकी राष्ट्रपति ट्रम्प बेईजिङ्गमा चीनका राष्ट्रपति सीसँग ईरान युद्ध, ताईवान मुद्दा जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय विषयमा कुराकानी गर्दै रहेका थिए। त्यसै दिन क्यूवाको राजधानी हवानामा अमेरिकी गुप्तचर संस्था सीआईएका निर्देशक जान रेटक्लिफ क्यूवाका वरिष्ठ सैन्य अधिकारीहरूसँग कम्युनिष्ट देशहरूमा ठूलो परिवर्तन ल्याउनुपर्ने आवश्यकता रहेको दाबी गर्दै थिए। परिवर्तन ल्याउनु पर्ने विषयहरूमा त्यस्ता देशहरूको सैन्य नेतृत्वमा परिवर्तन,रुसी र चीनियाँ गुप्तचर एजेन्सीहरूलाई बन्द गरिनुपर्ने र अमेरिकाको मर्जी अनुसार आर्थिक सुधार गरिनु पर्ने जस्ता बिलकुलै आमान्य कुराहरू सामेल रहेको कुरा प्रकाशमा आएको थियो।

यसरी क्यूवाको सर्वोच्च नेतृत्वसँग कुनै औपचारिक कुराकानी र स्वीकृति बिना नै त्यहाँ सिआईए निर्देशनको एकाएक भ्रमण क्यूवामा लगानीका लागि सबैभन्दा बढी मित्रवत देश बनाउने भन्ने ट्रम्पको अनुवर्ती कदम थियो। त्यस अन्तरगत बढी मनोरञ्जनात्म हबहरू खडा गर्ने र ठूला अमेरिकी कर्पोरेटद्वारा वित्तीय लगानी गरिने उद्योगहरू पनि खडा गरिने कुरा थियो। क्यूवामा सत्ता परिवर्तनका लागि अमेरिकाले उठाउन लागेका ती सबै कदहरू यस्तो आर्थिक माहोलमा हुन गराउन लागेको देखिन्छ जतिबेला अमेरिकी नाकाबन्दी र घेराबन्दीले क्यूवाका आम जन असाधारण किसिमले आच्छु आच्छुमा परेका छन्। त्यसमा पनि इन्धनको संकट सबैभन्दा नाजुक अबस्थामा पुगेको बताइन्छ। क्यूवा पूरै अध्यारोमा पारिएको छ।

यद्यपि चीन भने क्यूवामाथिको अबैधानिक र अन्यायपूर्ण नाकाबन्दीको विरुद्ध रहँदै आएको छ र उसमाथि अमेरिकाले लादेको सबै किसिमको प्रतिबन्ध हट्नु पर्छ भनिरहेको छ। राष्ट्रहरूको सम्बन्ध संयुक्त राष्ट्रसंघको बडापत्र र स्वीकार्य अन्तराष्ट्रिय कानुन र राष्ट्रहरूको समान सार्वभौमिकताको सिद्धान्त अनुसार चल्नु पर्दछ भन्ने कुरा बारम्बार उठाइरहेको छ। यसरी क्यूवालाई यसको सार्वभौमिकता र राष्ट्रिय गौरवको सुरक्षा गर्न, बाह्य हस्तक्षेप विरोधको क्यूवाको अडानको समर्थन गर्ने कुरा दोहोऱ्याइरहेको छ। यस सन्दर्भ र परिप्रेक्षमा हालै क्यूवाली क्रान्तिकारी नेता राउल क्याष्ट्रो विरुद्ध लगाइन थालेको अभियोगबारे पनि चीनका पराष्ट्र सम्वन्धि प्रवक्ताले भनेका छन् कि चीन सधै गैर कानुनी र एक पक्षीय प्रतिबन्धहरूको दृढ विरोध गर्दछ जुन कुराले अन्तर्राष्ट्रिय कानुन अनुसार कुनै आधार प्रदान गर्दैनन् र संयुक्त राष्ट्र सुरक्षा परिषदको अनुमति प्राप्त गरेका हुँदैनन्।

निश्चयनै क्यूवाका वर्तमान राष्ट्रपतिले अमेरिकी नाकाबन्दी र उक्साहटका कारण बिग्रिएको स्थितिलाई सम्हाल्न पूरा कोशिश गरिरहेका छन्। तर उनको पनि आफ्नो सीमा र सामर्थ्य छ। अहिले त्यहाँ बढ्दो साम्राज्यवादी नाकाबन्दी र घेराबन्दीले गर्दा आर्थिक स्थिति अत्यन्तै नाजुक तर बनेको छ। अमेरिकाको बढ्दो हस्तक्षेप, दबाब र निरन्तरको नाकाबन्दीले स्थिति अझ बिग्रन सक्ने देखिन्छ। यस्तै बेलामा चीन तथा रुस जस्ता शक्तिशाली राष्ट्रहरूको युद्ध बन्द गराउन, शान्ति स्थापना गर्न र यस्ता अवाञ्छित र अवैधानिक नाकाबन्दी र पतिबन्धहरूको अन्त्य गराउने मह्वत्वपूर्ण भूमिकाका लागि विश्वमा खोजी हुने गर्दछ र भइरहेको देखिन्छ। शक्ति राष्ट्रको मनपरी र दादागिरीले गर्दा विकसित भइरहेको नाजुक क्यूवाको स्थितिप्रति सम्बेदनशील भएर कडा तर सकारात्मक र रचनात्मक कदम चाल्नु अत्यावश्यक भएको विश्व विश्लेषकहरू औंल्याइरहेका छन्। यसमा ब्रिक्स, दक्षिण-दक्षिण सहयोग, शंघर्ष सहयोग संगठन जस्ता बिश्वका उदाउदा संगठनहरूको सहयोगको सर्बत्र अपेक्षा गरिदै रहेको पाइन्छ।

यद्यपि आज बिश्वका बिकसित देशका आम श्रमजीवी जनताहरू पनि तत् तत् देशमा क्यूबामाथिको अमेरिकी घार अमानबीय नाकाबन्दी र घेराबन्दी विरुद्ध ऐक्यबद्धता जाहेर गरिरहेका छन् र क्यूवामाथि अमानबीय र अबाञ्छित प्रतिबन्ध लगाउने साम्राज्यवादी गतिविधि बिरुद्ध जोडदार आवाज उठाइरहेका छन्। ट्रम्प नेतृत्वको अमेरिका प्रशानसन भने त्यहाँको विशाल जनमत क्यूबाको न्यायपूर्ण प्रतिरोधको पक्षमा खडा हुँदा हुँदै त्यो जनमतलाई पनि लत्याउदै क्यूबामा समाजबाको बिघटन र पूँजीवादको अवलम्वन गर्नुपर्ने र क्यूवा अमेरिकी अधिनस्थता स्वीकार्नु पर्ने जिद्दी लिएर घोर अमान्य दबाब दिन छाडेको छैन। ईरान युद्धको पछिल्लो आफ्नो साख गिरेको क्षतिपर्ति क्यूवा कब्जा गरेर उठाउने ट्रम्प प्रशासनको हठ अन्तत पराजित हुने देखिन्छ।

# भौतिकवाद के हो ? भौतिकवादी किन हुने ?



● प्रमोद धिताल ●

***विषय प्रवेश***

दार्शनिक अध्ययनका लागि सर्वप्रथम जिज्ञासु मन हुन जरुरी छ। बिना संदेह र जिज्ञाशा दार्शनिक अध्ययनतिर मानिस जान सक्दैन। जसलाई यो दुनियाँ ठिकठाक चलिरहेको छ, अरु कसैले बुझेको कुरामा विश्वास गरिदिए र त्यसैलाई बोकेर हिडे पुग्छ भन्ने लाग्छ, उसलाई पनि दार्शनिक अध्ययनको जरुरत छैन। त्यस्तो व्यक्तिलाई लाग्छ कि दर्शनको अध्ययन क्षेत्र आम मानिसहरूको चासोको विषय नै होइन। बरु यो फुर्सदिला, सीमित र सौखिन मानिसहरूको क्षेत्र हो। उनीहरूलाई आफै मेहनत गरेर यसलाई बुझ्नुपर्ने, ब्याख्या गर्नुपर्ने र बदल्नुपर्ने लाग्दैन, ती व्यक्तिहरूका लागि न दार्शनिक अध्ययनको आवश्यकता छ न यस्ता कार्यक्रमहरूको। कहिलेकाही उनीहरूका लागि यस्ता विषयहरू क्षणिक मनोरञ्जन र मन बहलावका साधन बन्न सक्छन्, त्यो बेग्लै कुरा हो।

"दर्शन एउटा पुरातन विज्ञान हो। यो अन्य विज्ञानसँग यस कुरामा मिल्दोजुल्दो छ, जसले आसपासको जगतको अध्ययन गर्दछ। तर जगतको अध्ययनप्रति आफ्नो रवैयामा, आफ्नो विषयवस्तु तथा अध्ययन पद्धतिको मामिलामा तिनीहरूबाट भिन्न हुन्छ।....प्रत्येक विज्ञान वरिपरिको जगतको एउटा ठोस अंश या क्षेत्रको त्यसका केही सम्पर्क या सम्बन्धहरूको अध्ययन गर्छ।....दर्शनको प्रमुख विशेषता भनेको यसले हमेशा आसपासको सम्पूर्ण जगतको, त्यसको सार तथा दशाको स्पष्टीकरणको खोज गरिरहन्छ।"१

दर्शनको उत्पत्ति दास युगीन समाजमा भएको थियो। दार्शनिक चिन्तन भ्रूणावस्थामा रहेको आदिम सामुदायिक समाजमा मानव शरीरको संरचना, मृत्युका कारण, शरीरका क्रिया-प्रतिक्रिया, विभिन्न प्राकृतिक घटनाहरूको कारणबारे कुनै जानकारी हुने कुरा भएन। दास प्रथावाला समाजमा हस्तकला, व्यापार र विज्ञानलाई विकसित गर्ने इच्छा राख्ने प्रगतिशील शक्तिहरूद्वारा दास स्वामीहरूका रुढिवादी अभिजात वर्गीय कबीलाहरूको राजनीतिक र आर्थिक शासको विरुद्ध संघर्षको दौरान भौतिकवादी विश्वदृष्टिकोणको विकास भयो। त्यसैगरी भौतिकवादले सामन्तवादी समाजमा आफ्नो विकासका लागि सामन्त वर्ग र तिनका विचारसँग संघर्ष गऱ्यो। त्यसका लागि पूँजीवादले निकै ठूलो जीवन-मरणको लडाई लडेकोछ। तर जब ऊ आफै सत्तासीन भयो भौतिकवादलाई आफ्नो मुनाफाकेन्द्रित स्वार्थमा प्रयोग गर्न थाल्यो। आज पूँजीवादले विज्ञानको त्यसरी विकास गर्न चाहँदैन जसले समाजको हित गरोस् र मुनाफा नदेओस्। यसको अर्थ हो, भौतिकवादले आफ्नो विकासका लागि आज पूँजीवादसँग संघर्ष गर्नुपर्ने आवश्यकता छ।

***भौतिकवाद र यसका विशेषता***

मानव सभ्यताको प्रारम्भिक चरणमा विचार, दर्शन र सिद्धान्त भन्ने केही कुराहरू थिएनन्। सुरुमा मानिसका सामु केबल प्रकृति थियो। उसको एकमात्र काम आफ्नो अस्तित्वरक्षाका लागि प्रकृतिसँग संघर्ष गर्नु थियो। त्यतिखेरको भौतिकवादको चरित्र आदिम खालको थियो। दर्शन, सिद्धान्त, धर्म जस्ता कुराहरूको विकास समाज विकासको दौरानमा धेरै पछि भएका हुन्। मानव जातीले नै विचार, दर्शन, सिद्धान्त, धर्म, ईश्वर लगायतका कुराहरूको आविष्कार गरेको हो।

भौतिकवादको विकासका लागि युरोपको ठूलो योगदान छ। प्राचीन ग्रीक दार्शनिकहरू थेल्स, डेमोक्रिटस(जसलाई पश्चिमी भौतिकवादका पिता भनिन्छ), एपिक्युरस थिए। त्यसैगरी पुनर्जागरण र आधुनिक युगका दार्शनिकहरू थोमस हब्स(१५८८-१६७९), रेने देकार्त(१५९६-१६५०), डेनिस डिटरट, हलबाक, लुडबिग फायरबाख, मार्क्स, ऐंगेल्स उल्लेखनीय छन्। यद्यपि यीमध्य केहि दार्शनिकहरू कैयौं सवालमा भौतिकवादी थिए भने केहि सवालहरूमा अध्यात्मवादी। धर्म र ईश्वरको साम्राज्यमा रुमल्लिएको सामन्तवादसँग संघर्ष गर्ने दौरानमा विज्ञान र भौतिकवादको विकासमा पूँजीवादको निकै ठूलो योगदान छ। सत्तासीन भएसँगै आजको समयसम्म आइपुग्दा जब मुनाफा आर्जन मुख्य बन्यो आज विज्ञान र भौतिकवादको विकासमा त्यही पूँजीवाद बाधक बनेको छ।

त्यसैगरी दक्षिण एसियामा भौतिकवादको विकासमा लोकायत(चारबाकहरूको विचार पद्धति) दर्शनको ठूलो योगदान छ। यस दर्शनको स्थापना वृहस्पतिले गरेका कारणले बार्हसपत्य दर्शन पनि भनिन्छ। यसका अनुयायीहरूको विश्वास के थियो भने विश्व भौतिक छ र पाँचवटा प्राथमिक तत्व पृथ्वी, जल, आगो, वायु र आकासबाट बनेको छ। मनुष्य सहित सबै जीवहरूको उत्पत्ति पनि यिनै तत्वहरूबाट भएको हो। मृत्युपश्चात जीवहरूको शरीर यिनै तत्वहरूमा मिसिन्छ। चारबाकहरूले 'अनश्वर आत्मा'को कुरा, ईश्वर, नर्क, स्वर्गका धारणाहरूको पनि आलोचना गरे। उनीहरूको मत थियो-मृत्युपछि चेतना नष्ट भएर जान्छ। यसकारण पुनर्जन्मको मान्यतालाई इन्कार गरे। चारबाकहरूको विश्वास थियो भौतिक जगत कुनै पनि दैवी अनुग्रहबाट स्वतन्त्र छ। यस दर्शनसँग सम्बन्धित कुनै ग्रन्थहरू नभेटिएपनि यसको महत्वलाई कम आक्न मिल्दैन। कर्मकाण्ड, स्वर्ग-नर्कको मान्यतामाथि यसले ठूलो प्रहार गऱ्यो। त्यसरी नै यस क्षेत्रमा अन्य कैयन विचार पद्धतिहरूमा पनि भौतिकवादी रुझान व्यक्त भएका छन्। ईसापूर्व ६०० पूर्व स्थापित सांख्य दर्शनमा गति, देश र काललाई पदार्थका गुणहरूको रूपमा ब्याख्या गर्दै त्यसबाट अभिवाज्य भएको कुरा उल्लेख गरे।

चीनमा पनि दास प्रथाको विकास र उत्थानसँगै भौतिकवाद र अध्यात्मवाद दुई दर्शनहरूको विकास भयो। भौतिकवादको विकासका लागि मो त्जु(ईसा पूर्व ४७९-३८१) एक महत्वपूर्ण चिन्तक थिए। केहि समयपछि ताओवादसँगै भौतिकवादी विश्वदृष्टिकोणको विकास भयो। जसको स्थापना लाओत्सेले ईसापूर्व छैठौं-पाँचो शताब्दीमा गरेका थिए। "ताओ" अर्थात् प्रकृतिका नियमहरूद्वारा गतिको नियमन र सञ्चालन हुने उनको विश्वास थियो।

जीवन र जगतका बारेमा हरेक मानिसको आफ्नै खालको बुझाई रहेको हुन्छ। त्यसलाई हामी विश्वदृष्टिकोण भन्छौं। जनिसुकै विचारदेखि मुक्त हुन खोजे पनि, दर्शनलाई केही मुट्ठीभर व्यक्तिहरूको बुद्धिविलासको विषय ठाने पनि मानिस विश्व दृष्टिोणरहित हुन सम्भव छैन। त्यही विश्व दृष्टिकोण निर्माणका लागि सैद्धान्तिक आधार दर्शनले दिन्छ। जानेर होस् या नजानेर हरेक व्यक्ति कुनै न कुनै दर्शनको प्रभावमा परेकै हुन्छ। यद्यपि त्यो कुरा उसलाई थाहा नहुन सक्छ। कुनै पनि समस्या, घटना र विषयलाई हेर्ने हरेकका आफ्नै तरिकाहरू हुन्छन्। दर्शन भनेको जीवन तथा आफ्नो वरिपरिको जगतलाई हेर्न सघाउने शास्त्र हो। समाजमा विभिन्न दर्शनहरू छन्, तीमध्य एक भौतिवाद हो। जीवन र जगतलाई हेर्ने सवालमा आधारभूत भिन्नताका कारणले दर्शन दुई खेमामा बाँडिएको छ। एकथरि दर्शनले यो दुनियाँलाई स्थिर, बाह्य शक्ति या चेतनाबाट निर्मित, तथा सञ्चालित, मानिसले चाहेर पनि बुझ्न र बदल्न नसकिने, एक अर्कासँग असम्बन्धित एकाईहरूको जमघटको रूपमा परिभाषित गर्छ भने अर्कोले यसलाई गतिशील, अन्तर्विरोधद्वारा विकास हुने, एक अर्कासँग सम्बन्धित, बुझ्न, व्याख्या गर्न र बदल्न सकिने ठान्छ। यिनै मतहरूका आधारमा दर्शनको विभाजन अध्यात्मवाद र भौतिकवादको रूपमा हुनपुग्यो। संसार र यसमा घट्ने घटनाहरूलाई हेर्ने फरक ढंगका कारणले दर्शन विपरित कित्तामा उभिन पुगे। अध्यात्मवाद (जसलाई प्रत्ययवाद, भाववाद या आदर्शवाद पनि भनिन्छ)ले चेतनालाई प्राथमिक मान्दछ भने भौतिवादले पदार्थलाई। यही आधारमा भौतिकवादी दर्शनलाई सही, वस्तुवादी या वैज्ञानिक र भाववादलाई गलत, अवस्तुवादी या अवैज्ञानिक दर्शन पनि भनिन्छ।

'दर्शन व्यक्तित्वको मर्म हो भने सही दर्शन मर्मको पनि मर्म हो।'२ भौतिवाद जीवन र जगतलाई हेर्ने सही या वैज्ञानिक दर्शन हो, जसले अध्यात्मवादी दर्शनसँग आधारभूत रूपमै भिन्नता राख्छ। शासक वर्गले जहिले पनि गरिखाने वर्गलाई आफ्नो अधीनमा राख्नका लागि बेठिक दर्शनको सहारा लिन्छ। जसले गर्दा शोषित-पीडित वर्ग सत्यको नजिक पुग्न र गलतका विरुद्ध संघर्ष गर्न नसक्ने हुन्छ। "चुसी खानेको दर्शन अलग्गै हुन्छ, गरी खानेको अलग्गै। गरी खानेले पनि चुसी खानेकै आँखाबाट संसारलाई हेर्नथाल्योभने चुसी खानेको स्वर्ग ज्यूँका त्यूँ बाँकि रहन्छ, त्यो कहिल्यै हल्लिदैन।"३

*क्रमशः...*

# सम्झनामा घोराही हमला



● धनेश्वर पोखरेल ●

'पट-टट्,पट् पट्,पट, ट ट ट ढ्याङ्ङ ।' २०५८ साल मंसिर ८ गते घोराहीमा एकाएक चट्याङ बर्स्यो । चट्याङ, घोराहीस्थित नेपाली सेनाको व्यारेक माथि जनमुक्ति सेनाको भिषण हमला थियो । त्यो हमला मंसिर ८ गते राती ११ वजेको समयमा भएको थियो । घोराही बजार धेरै जसो मस्त निन्द्रामा थियो । बजारमा कतै-कतै मानिसहरू टिभीमा रमाईरहेका थिए । सडकमा गल्लीका कुकुरहयाउ-घ्याउ गर्दै कराउदै थिए । मौसम चिसो-चिसो थियो । सडक वत्तीले बजार उज्यालो थियो । वातावरण सुनसान थियो ।

युद्धबिरामका समय दिप्की सकेको थियो । सरकारले युद्धबिराम उलंघन गरेर दोरम्बामा सामुहिक हत्याकाण्ड घटाई सकेकोले जनमानस युद्ध भड्किने कुरामा सशंकित थियो । दोरम्वा घटनाले फेरि युद्ध चर्किने त होइन ? भन्ने आसंका मानिसहरूमा उब्जिदै थियो र गाईय-गुइय एक आपसमा मानिसहरू कानेखुसी गर्दै थिए । मानिसहरू भन्दै थिए सरकारले आफै वार्ता उलङघन गरेर युद्ध निम्त्याएपछि माओवादीलाई 'के खोज्छस् काना-आँखो' भनेजस्तो हुनेनै भयो । अव फेरि युद्ध त चर्किने नै भयो तर कहँवाट शुरु हुन्छ भन्ने अन्दाज कसैले लगाउन सक्ने स्थिति थिएन । दोरम्वा हत्याकाण्डको जवाफ कहाँबाट कसरी दिने ? भन्ने विषयमा पाटीभित्र छलफल जारी थियो । दोरम्वा घटनाले पार्टी र जनमुक्ति सेनाको पंक्तिभित्र आक्रोसको ज्वाला दन्कीरहेको थियो । घटनाले सरकार शान्ती होइन युद्ध नै चाहान्छ र युद्धबाटै माओवादी दवाउन चाहन्छ भन्ने प्रष्ट बुझिन्थ्यो । माओवादी जनयुद्ध भनेको सर्वहारावर्गले आफ्नो सत्ता जनवादी सत्ता स्थापना गर्नको लागि थालिएको वर्गिय युद्ध थियो । सम्पूर्ण उत्पिडीत वर्गको मुक्तिको साथै सिङ्गो राष्ट्रकै मुक्तिको लागि थालिएको एक ऐतिहासिक परिघटना थियो । यसलाई दवाउन सरकारले जुन तानासाही प्रवृति लाद्ने धृष्टता गरेको थियो, त्यो आफैमा दुस्साहसवादी कदम थियो । त्यसबेला सरकारले माओवादीलाई झुकाएर ठिक गर्छु भनेर शान्ति प्रकृयाको समयमा जुन दोरम्वा घटना घटायो, त्यसपछिको परिणाम के हुन्छ ? भन्ने कुरा थोरै पनि आँकलन गर्न सकेन ।

२०५८ साल मंसिर ८ गते राती १० बजे जुन-टहटह लागिरहेको थियो । आकाश चमकमन्न थियो । त्यसबेला मेरो जिम्मेवारी पश्चिमाञ्चल ब्यूरो कार्यालयमा थियो । ब्यूरो कार्यालयको यौटा पोष्ट हामीले घोराही बजारकै पश्चिम क्षेत्रमा राखेका थियौं । पार्टी हेडक्वाटरले घोराही कब्जा गर्ने योजना बनाएको कुरा कार्वाही हुनुभन्दा २ दिन अघिमात्र मलाई सङ्केत आएको थियो । त्यसैले त्यहाँ भएका महत्वपूर्ण सामानहरू सुरक्षित स्थानमा व्यवस्थित गर्नेतिर लागियो । केही लत्ता कपडा. किताब र अन्य सामाग्री त्यहि नै थियो । ८ गते साँझ पोष्टमै खाना खाने गरी कामरेड विप्लव क. हिरामणी लगायतका केही कामरेडहरू त्यहाँ आउनु भयो । संयोगले त्यसै दिन कामरेड सुभद्रा (मेरो जीवन साथी) पनि त्यहाँ आइपुगेकी थिइन । हामी क. विप्लव क.हिरामणी र म अर्को कोठामा गएर थोरै लछफल गऱ्यौ । क. विप्लवले त्यस दिनको फौजी हमलाको याजनाबारे हामीलाई बताउनु भयो, साथै कामरेड हाम्रो आर्क घोराही स्थित मालपोत कार्यालय कब्जा गर्ने र घाईते भई आएका विरामीहरू लाई सम्वन्धीत पोष्टमा सप्लाई गर्ने थियो । त्यसको लागि एउटा सानो सैन्य टुकुडी सहित स्वयंसेवक टीम हाम्रो कामनमा केन्द्रीत भयो । खाना पछि क.विप्लव सेनाको मुख्य फोर्सतिर जानु भयो भने क. सुभद्रालाई कोठामै छोडेर क. हिरामणी र म आफ्नो आर्कतिर सोझियौं । एकछिन सम्बन्धित स्थानमा पुगेर समय पर्खेर बस्यौं । हाम्रा आँखा घडिको सुईमा केन्द्रित थिए । बुडुम-बुडुम-बुडम एट्टीवान बर्षिएको आवाज आयो । घडिको सुइले पौने एघार बजाउदै थियो । एट्टीवानको बर्षाई संगै पटट-पटट-पटट थ्रिनट राइफल र एस एल आरको फाइरिङ आवाज पनि दुबै तिरबाट आयो । रातको बेला चकमन्न जुन लागेको छ । आकाश स्वच्छ छ । ताराहरू जुनको प्रकाशले होला मधुरो प्रकाशमा चम्चमाई रहेका देखिन्थे । केही बेर अघिसम्म झिलिमिली देखिने घोराही बजार छिनभरमै अध्यारोमा बदलियो । तर जुनको उज्याले भने छदै थियो । बम बारुदको धुवाँले घोराहीको आकाश कुइरीमण्डल भएको थियो । आकाशमा चट्याङ वज्रेजस्तै लाग्थ्यो भने धर्ति भुकम्प आएजस्तै थर्थराई रहेको थियो । एकछिन अघिको शान्त घोराही बजार एकछिन पछिनै युद्ध मैदानमा परिणत भयो । गल्लीका कुकुरहरू बेजोडले भुक्न थाले । चारैतिर बिजुलीका लाइनहरू सटअफ भए । घोराहीको सैन्य व्यारेक र प्रहरी हेडक्वाटर मा कोलाहल मच्चियो । जनमुक्ति सेनाको पहिलो फायर सेनाको व्यारेकमा गरियो भने त्यसपछि प्रहरी क्याम्प र अन्य पोष्टहरूमा निरंतर फाएरिङ भयो । उता सेना र प्रहरी कार्यालय संग्राममा भिडीरहेको थियो । सैन्य व्यारेक, जिल्ला प्रहरी कार्यालय र आसपासमा सुरक्षा पोष्टहरूमा घमासान चल्दै थियो । त्यहाँ रुवावासी र कोलाहल मच्चिराखेको थियो त यता अन्य सहायक आँक हरूमा कतै आगजनी त कतै धमाधम कब्जा भै माओवादीको नियन्त्रमा आई सकेका थिए ।

क.हिरामणी र मेरो जिम्माको आर्क पनि कण्नामा आईसकेको थियो । फाईरिङ चलिरहेकै बेला जनमुक्ति सेनाका कमाण्डर कमिसारहरूले माइकद्धारा सेना र प्रहरीहरूलाई नलड्न र आत्म समर्पण गर्न भनि रहेको सुनिन्थ्यो तर पनि शाही नेपाली सेनाहरू जनमुक्ति सेना संग दुस्साहस पूर्वक- लडि रहेका थिए । यसै विचमा जनमुक्ति सेनाका योद्धाहरू मृत्यूको कुनै पर्वाह नगरी कतै क्राउलिङ गरेर त कतै ठाडै तिब्र गतिमा कुदेर वंकर पोष्टहरू कब्जागर्न अगाडी बढ्दै थिए । एसाल्ट ग्रुप संगै स्वास्थ्य कर्मिहरू पनि अगाडी थिए । लडाई सुरु भएको आधा घण्टाभित्र जिल्ला प्रहरी कार्यालय कब्जामा आयो । सेनाको ब्यारेकमा भने अलि समय लाग्यो । कारागर, मालपोत बैकहरू लगायतका महत्वपूर्ण निकायहरू नियन्त्रणमा ल्याउन खासै समय लागेन । कारागारमा भएको वम विश्फोटले केही कैदी वन्दीहरू घाइते भएका पाइयो । उनीहरूको सामान्य उपचार जनस्वास्थ कर्मिहरूद्धारा नै गरियो र आ-आफ्नो ठाउंमा पठाउने काम भयो । यता सेनासंगको लर्डाइमा जनमुक्ति सेनाका केही वीर योद्धाहरूले सहादत प्राप्त गर्नुभयो र वहाँहरूको पार्थिव शरिरलाई रातो सलामी सहित क.नमुना को कमाण्डमा ब्यवस्थापनको लागि पठाइयो । कतिपथ गंभिर घाइतेहरूलाई तुरुन्तै बाहिर पठाउने काम भयो भने सामान्य घाइतेहरूलाई आफ्नै स्वास्थ्य पोष्टहरूमा पठाउने कामभयो ।

क.हिरामणी र मेरो पहिलो काम आफ्नो आर्क मालपोत कब्जा गर्नु थियो भने दाश्रो महत्वपूर्ण काम घाइतेहरूलाई यथासिघ्र स्वास्थ्य पोष्टमा पुऱ्याउनु थियो साथै सहादत योद्धाहरूवाई व्यवस्थित गरी संवन्धित पोष्टमा सप्लाई गर्नु थियो । यसै क्रममा यौटा युगल जोडीको पार्थिव शरिर हाम्रो अगाडी आइपुग्यो । क.विजोग र क.सपना जो रुकुमका योद्धाहरू हुनुहुन्छ । वहाँहरू दुवैजना यौटै मोर्चामा लड्दा-लडदै दुवैलाई पेटमा गोली लागेर आन्द्रा भुडी समेत बाहिर आई क्षतविच्छत भएको अवस्थामा जनसेनाका कामरेडहरूले लिएर हाम्रो जिम्मा लगाई लडाइमै फर्कनु भयो । हामी अत्यन्त भाव विह्वलका साथ वहाँहरूका बाहिर निस्केका क्षत-विक्षत अंगहरूलाई मृत शरिर भित्र घुसारेर तन्नाले पोकोपारी संबन्धित पोष्टमा पठायौं । जुन युगल जोडी चार महिना अघि मात्र वैवाहिक जीवनमा बाधिइ अत्यन्त छोटो समय मात्र संगै बसि आ-आफ्नो फर्मेसनमा लाग्नु भएको थियो । साच्चै भन्ने हो भने वहांहरूले एकअर्काको भावनामा रमाउन पाउनुभएको थिएन, दिल खोलेर आत्मियता साटासाट गर्न पाउनु भएको थिएन । बिवाह पछिको छोटो बसाई पछि छुट्टिने बेला "युद्धमा बाँचे अर्को चोटी रमाउँला है"भनेर दरिला हातहरू मिलाएर विदा हुनुभएको थियो । रक्तापातपूर्ण क्रान्ति कति पेचिलो र निर्मम हुन्छ, यो कसैले आँकलन गर्न सक्ने कुरा होइन । क्रान्तिकारी योद्धाहरू आफूलाई बिचारले स्पात बनाउदै मृत्युलाई जितेर कान्तिमा हाम फालेका हुन्छन् । उनीहरूको निम्ति आफ्नो भौतिक शरिरको भन्दा हजार गुणा बढी लक्षित उद्देश्य पुरागर्नु थियो । त्यो भनेको सर्वहारावर्गको मुक्ति र राष्ट्रको मुक्ति हो अर्थात छोटो शब्दमा सर्वहारावर्गको राज्यसत्ता प्राप्त गर्नु हो ।

दशवर्षको जनयुद्ध कालमा क्रान्तिकारी योद्धाहरूमा यो मिसनले महत्वपूर्ण भूमिका खेल्यो । यद्यपि नेतृत्वको गद्दारीले त्यो मिसन पुराहुन सकेन । फलस्वरूप हजारौ नेता कार्यकर्ताहरूको त्याग र बलिदानले सार्थकता पाएन घोराही जि.प्र.का नियन्त्रमा आएको केही समय पछि जब सेनाको व्यारेक पनि पूर्ण नियन्त्रमा आयो तव ने.क.पा माओवादी जिन्दावाद ! महान जनमुक्ति सेना जिन्दवाद ! लगायत दर्जनौ नाराहरूले चारैतिरको वातावरण खुसिले प्रफूल्ल बन्यो । केहीवेर अघिसम्म बम बारुदले ढाकेको घोराहीमाथिको आकाश चकमन्न देखियो । लाग्थ्यो आकाशका ताराहरू त्यतिवेला खुसिले चम्किइई रहेका छन् । बिहानीपखको करिव ४ वजेतिर बजार सुनसान जस्तो भयो । जनमुक्ति सेनाको टिम कब्जा गरिएका हातहतियार लगायत थुप्रै सामाग्री लिएर होलेरीतर्फ लागेपछि र बाँकी स्वयंसेवक र संपूर्ण सहभागी योद्धाहरू आफ्नो गन्तव्य तर्फ लागेपछि त्यहाँको वातवरण सुनसान भयो । कामरेड हिरामणी आफ्नो गन्तव्य तर्फ लाग्नु भयो । क.विप्लव र हामी पनि आ-आफ्नो सेल्टरतर्फ लाग्यौं । विहान ८/९ बजेतिर क.विप्लव हामी बसेको कोठामा आउनुभयो र एकचोटी साथीको मोटरवाइकमा हामीले युद्ध मैदानको सर्र अवलोकन गऱ्यौ । बिहान व्यारेकको दृश्यदेख्दा कहाली लाग्दो थियो । व्यारेकमा सेनाका लासहरू यत्रतत्र छरिएका थिए । त्यहाँ न. काही सेन्टी थियो न कुनै कमान कन्ट्रोल । व्यारेक आगोले ध्वस्त थियो । बांकी रहेका सेनाका मान्छेहरूले निन्याउरो अनुहार लगाएर आकाशतर्फ हेरी रहेका थिए । व्यारेक हेर्दा आर्यघाटमा मूर्दाहरूको थुप्रोलागेभैm देखिन्थ्यो । जिप्र.का मा कतै मृत लासहर नदेखिता पनि स्थिति सुनसान थियो । बजारमा ९/१० बजे सम्म मानिसको कुनै चहलपहल थिएन । अलि पछि भने घटनाको प्रकृति हेर्न बजार बाहिरको मानिसहरूको ताँती लाग्दै थियो । केही मान्छेहरू जिब्रो टोक्दै थर्थरी काम्दै दृश्यावलोकन गर्दै थिए भने केही मान्छेहरू खुसिले रमाएभैm देखिन्थे हामी कसैसंग कुनै छलफल कुराकानी नगरी स्थिति बुझेर मात्र फर्कियौ ।

घटनाको तेश्रो दिन अर्थात मंसिर १० गते देखि घटनास्थलतर्फ राज्यले आफ्नो गतिविधि बढाउन सुरु गऱ्यो । जनमुक्ति सेना मार्च भएतिर व्यापक हर्वाइ गस्ती बढायो भने घटनास्थल वरपरका गाँउ बस्ती र घोराही बजारमा समेत व्यापक खान तलासी र सर्चअभियान सुरु गऱ्यो। यसै क्रममा ब्यूरो कार्यालय बसेको घर पत्ता लगाई घरबेटीलाई चरम यातना समेत दियो । यद्यपी हाम्रो टिम एकदिन अघिनै त्यहाँबाट सिफ्ट भैसकेको थियो । घटनाको चौथोदिन मंसिर ११ गते देखि प्रतिकृयावादी सरकांरले लाचार भएर संकटकाल घोषणाको आत्मरती लियो । तर पनि पार्टीले आफ्नो फौजी हमला एक पछि अर्को गर्दै निरंतर अघि बढाउदै लग्यो र थुप्रै बिजयहरू हासील गर्दै गयो । घोराहीको सफल कार्वाहीले जनमुक्ति सेनाको मनोवल उच्च मात्र भएन आधुनिक हात हतियारले सुसज्जि भएर ढुक्कका साथ लड्ने ठुलो हौसला प्रदान गऱ्यो । जनमुक्ति सेनासँगको सिमित साधन श्रोत भएर पनि सर्वचिज सम्पन्न त्यति ठूलो राज्यसंयन्त्र माथी धावा बोल्नु र अनपेक्षित ढंगले छोटो समय र कम भन्दा कम क्षतिमा लडाई जित्नु कम आश्चर्यको कुरा हेइन ।

जनमुक्ति सेनाको उच्च मनोवल रणकौसल पार्टी र कान्तिप्रतिको त्याग र बलिदानीभावका अगाडी शाही नेपाली सेना र प्रहरीहरूको कुनै उपाय चलेन । जतिसुकै साधन श्रोत सम्पन र हतियारले सुसज्जित भएता पनि त्याग र बलिदानी भाव विना कसैले पनि युद्ध जित्न सक्दो रहेनछ भन्ने कुराको यो सवुत प्रमाण हो । असली अर्थमा क्रान्तिकारी योद्धाको पूंजी भनेको सहि बिचार उच्चमनोवल पार्टी र क्रन्तिप्रतिको त्याग बलिदानी भाव हो । यो पूजी हरेक नेता कार्यकर्तामा मुनु अनिवार्य हुन्छ । यो यौटा घटनामा मात्र प्रदर्शन भएर पुग्दैनयो निरंतर क्रान्तिको सिद्धान्त अनुसार आफ्नो लक्षमा नपुगुञ्जेल संम सयौ होइन हजारौं घटनामा अभिव्यक्त हुनुपर्छ । विशेष गरी नेतृत्व पंतीमा देखिएके यति पूजीको अभावलेनै विश्वका कम्यूनिष्ट आन्दोलहरू दुर्घटनाको सिकार भएका छन् र परिवार कम्यूनिष्ट आन्दोलनले संड व्याक खानु परेको छ । वयो एउटा तितो यथार्थ हो । तर क्रन्ति अवश्यमभावी छ र बस्तुगत तथा आत्मगत प्रकृया पुरागर्नासाथ यसले आफ्नो महान उद्देश्य पुरा गरेरै छाड्ने निश्चित छ ।

२०८१/१०/१९

❑ यो साता कविता

## पिँजडा

❑ कविता राय 'कोहिनुर'



*ए चरी*
*एक्काईसौ शताब्दीमा झरी*
*पिजडामा परी*
*फरक्क फर्केर इतिहासमा हेरी*
*आफ्नो अस्तित्वको गणना गरी*
*पहिले पनि पिजडामै थिई*
*अहिले पनि पिजडा भित्रै छ उसको जीवन*
*पिजडाको बनावट हेरी*
*खिया लागेको फलामे पिजडा थियो पहिले*
*हेर्दा आकर्षण र फुलबुट्टाले भरिएको छ अहिले*
*तर पनि कैदी नै हो ऊ आजसम्म*
*अनि*
*पिजडा भित्रैबाट आफ्नो आँखाले*
*भ्याए सम्मको संसार नियाली*
*सुन्छिन् उनी पिजडा बाहिर*
*शिकारीहरुले ढुकेर बसेको छ*
*उड्ने सपना छ उसको*
*शिकारीको डर मनभित्र पसेको छ*
*छ उसँग पखेटा हावाको गतिसँगै आकाश छुने*
*आफ्नै फिजाउन नपाएको पखेटा हेर्दै*
*भन्छिन् बिकल्प भयो मात्र रूने*
*के उसँग भएका आकर्षक पखेटा*
*सजावटको लागि मात्र हो ?*
*अरूले निर्माण गरेको झ्यालखानाको*
*के ऊ कैदी पात्र हो ?*
*आफैसँग प्रश्न गरी*
*आफैसँग उत्तर मागी*
*अनि आफ्नो उडानको दायरा निर्धारण गरी*
*पिजडाबाट भूर्रर उडी*
*आज उसको सपनाको जित भएको छ*
*आज उसको उडानको चर्चा भएको छ ।*

## चुलोमा आगो नबले पनि



❑ चन्द्रबहादुर खड्का 'असल'

*बेसीको चुलोमा आगो नबले पनि*
*चुचुरोमा घाम त बिहानै लाग्छ*
*सेपिलो पाखोमा धागो नचले पनि*
*महामहिमको सलामी सबेरै जाग्छ*
*यो चक्र पृथ्वीको घुमाइसँगै घुम्छ*
*फरक यति मात्र छ*
*थोरैलाई सदाबहार वसन्त*
*धेरैलाई नियमित शिशिर ।*

*एउटै आकाशमुनि बाँचिरहेका छौं*
*एउटै माटोमा टेकिएका पाइला छन्*
*कसैको घरमा उज्यालो थुप्रिन्छ*
*कसैको आँगनमा अँध्यारो नै बस्छ*
*कसैका रहरहरु सजिलै फक्रिन्छन्*
*कसैका आवश्यकता पनि ओइलिन्छन्*
*कसैलाई अवसर*
*आफैं ढोका ढकढक्याउँछ*
*कसैले ढोका ढकढक्याउँदै जीवन बित्छ*
*उता महाधिवेशन चलिरहेको*
*न्याय र समानताको नारा घन्किरहेको छ*
*थालमा मासुका पहाड छन्*
*भाषणमा गरिबका आँसु छन्*
*आठ क्वीन्टल मासुको चर्चा छ*
*पनिर र च्याउको बहार छ*
*देश बचाउने योजना बनिरहेका छन् रे*
*तर भोकै पेटको आवाज कहाँ छ ?*
*यता सुकुम्बासी होल्डिङ सेन्टरमा*
*आलु र प्याज पनि गनेर खानुपर्छ*
*बुढाबुढीका आँखाले भोलि खोजिरहेका छन्*
*बालकको पेटले अझै उत्तर मागिरहेको छ ।*

*उता समानताको भाषण सकिँदा*
*तालीको गडगडाहट उठ्छ*
*यता खाली कटौरामा चम्चा ठोकिँदा*
*भोकको प्रतिध्वनि मात्र सुनिन्छ*
*एउटै देश*
*एउटै संविधान*
*एउटै झण्डा*
*एउटै आकाश*
*थोरैका लागि महाभोज सजिन्छ*
*धेरैका लागि राहतको शून्य*
*र अन्त्यमा पनि*
*फरक यति मात्र छ*
*थोरैलाई सदाबहार वसन्त*
*धेरैलाई नियमित शिशिर*
*हाम्रा लागि छुट्टिएको अंश*
*अझै पनि सङ्घर्षको योजना ।*

## विपरीत...

प्रकृति र समाजको हर चीजमा हुने विरोधी पक्षहरूमा एकता, अन्तर्सम्वन्ध, अन्तरनिर्भरताको चरित्र हुन्छ र ती पक्षहरू संगसगै अभिन्न रूपमा रहन्छन् । एकताको एउटा अर्थ यो हो ।

एकताको अर्को अर्थ के हो भने कुनै खास अवस्थामा अन्तर्विरोधी पक्षहरूमा प्रत्येकले आफूलाई विरोधीको स्थितिमा फेर्छ । यसवारे क. माओले एउटा राम्रो उदाहरण दिनुभएको छ र भन्नु भएको छ " युद्ध र शान्तिले एकले अर्कोमा आफूलाइ फेर्छन् । युद्ध शान्तिमा फेरिन्छ र शान्ति युद्धमा फेरिन्छ ।"

नेपालको माओवादी जनयुद्ध कतिपटक युद्धविरामको रूपमा शान्तिमा फेरिएको थियो र फेरि यद्धविराम भंग भएर शान्ति जनयुद्धमा फेरिएको थियो । अहिले पनि विद्यमान शान्ति भोली पुनः रक्तपातपूर्ण जनयुद्धमा वा सशस्त्र जनविद्रोहमा नफेरिएला भन्न सकिदैन् । माओवादीको जनयुद्धका कारण उत्पन्न युद्धरत अवस्था भोली माओवादी र सरकारले सशस्त्र जनविद्रोहमा फेरिने सम्भावना रहिरहन्छ । अहिले पनि चलिरहेको शान्तिप्रक्रिया अगाडि बढिरहेको छ । यहि अघि बढिरहेको शान्तिप्रक्रियालाई यदि नेपालका राजनीतिक दलहरूले यसलाई देश, जनता र परिवर्तनका लागि राम्रोसंग उपयोग गर्दै व्यवस्थापन गर्न सकेनन् भने यो प्रक्रिया फेरी द्धन्द्ध र अशान्तिमा नफेरिएला भन्न सकिदैन् । किन यसो हुन्छ भन्नेवारे लेनिन भन्नु हुन्छ "वर्गविभक्त समाजमा खास अवस्थाहरूमा युद्ध र शान्तिबीच यसखालको एकता रहेको हुन्छ ।"

त्यसैगरी शासक शासितमा र शासित शासकमा फेरिएका घटनाहरू इतिहासमा प्रशस्त छन् । सन १९१७ अगाडि शासित रहेका रसियाली सर्वहारावर्ग अक्टोवर समाजवादी क्रान्तिद्धारा शासकमा फेरिए भने त्यसवेलासम्मको शासक पुँजीपतिवर्ग शासितमा फेरिए । चीन, भियतनाम आदि अनेक देशहरूमा शासित स्थितिमा रहेका जनताहरू क्रान्तिद्धारा शासकमा फेरिएका छन् ।

हाम्रै देशको उदाहरणमा पनि आफ्नो निहीत वर्गस्वार्थले गर्दा २०६२/२०६३को जनआन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक दलहरू र नागरिक समाजका अगुवाहरू अहिलेको अवस्थामा क्रान्ति तथा जनविरोधीमा फेरिएका छन् । त्यसैगरी दशवर्षे जनयुद्धलाई सफलतापूर्वक नेतृत्व गरेका माओवादी नेताहरूले जनयुद्धमा प्रभावकारी नेतृत्व गरेका मध्ये केहीले क्रान्तिबाट थाकेर वा नयाँ वदलिएको परिस्थितिमा जनयुद्धको सान्दर्भिकता छैन् भन्दै पुँजीपति र सामन्तवर्गले चाहे जस्तो शान्ति र संविधानको पक्षमा लागेको उदाहरण छ । त्यही पार्टीभित्रका केहिले नयाँ वदलिएको परिस्थितिमा पनि उही २०५२ सालको जस्तै पुरानै खालको दृघकालीन जनयुद्धको सान्दर्भिकता देखिरहेका पनि छन् भने वाँकी केहीले अहिलेको वदलिएको राजनीतिक परिस्थितिमा नयँ खालको आन्दोलनको र सशस्त्र जनविद्रोहको कार्यदिशा का लागि तैयारीमा लागेका छन् ।

यसरी एउटै माओवादी पार्टीमा पनि विभिन्न विपरित विचारहरू आउन सक्छन् र अहिले आइरहेका पनि छन् । एउटा क्रान्तिकारी पार्टीमा यसो हुनुलाई पुरै गलत भन्न मिल्दैन् । तर ती सबै बीचार समुहहरूलाई क्रान्ति र अग्रगमनकारी परिवर्तनको लागि जनवादी केन्द्रीयताका आधारमा कसैलाई निषेद नगर्ने तरिकाले पार्टीभित्रको अन्तरसङ्घर्षलाई सञ्चालन र व्यवस्थापन गर्ने हो भने पार्टीभित्रको एकता अझ मजवुत वन्दै जान्छ । यो सत्य हो, दशवर्षे जनयुद्धको लागि सकारात्मक भूमिका खेलेको नेतृत्व पछि आएर अहिलेको अवस्थामा दक्षिणपन्थी संसोधनवादी कित्तामा फेरिएको उदाहरण ताजै छ । त्यसैगरी अहिलेका गणतन्त्रवादीहरू निरङ्कुश राजावादी वा सेरिमोनियल राजावादी पक्षमा उभिने सम्भावनालाई पनि पुरै इन्कार गर्न सकिने अवस्था टरेको छैन् । तर पनि शान्ति र संविधानभित्र जनविद्रोहको सम्भावना छदैछैन् भनेर जनविद्रोहको सम्भावना नै छैन् भन्नु गल्ती ठहर्छ । त्यसभित्र त्यसको तयारी पनि आवश्यक छ । अहिलेको परिस्थितिमा सशस्त्र जनविद्रोहको सम्भावनालाई ठाडै अस्विकार गर्ने र संसदवादमानै रमाउन चाहने तर आफूलाई माओवादी चाही भन्न रुचाउने माओवादीहरूको कमि छैन । तर ती संसवदादी माओवादी भित्र पनि भ्रममा परेर रहेका र क्रान्तिप्रति आशावादीहरूको बलियो उपस्थितिलाई पुरै इन्कार गर्नु मार्क्सवादी दृष्टिकोण नभै अधिूतवादी दृष्टिकोण हो । किनभने अधिभूतवादले प्रकृति र समाजमा विद्धमान हरेक वस्तु र प्रक्रियालाई स्थिरता, अलगाउ, एकपक्षीयता र परिवर्तनहीनताको अवस्थामा देख्दछ । यसको उल्टो द्धन्द्धवादले हरेक वस्तु, प्रक्रिया र विश्वलाई गति, पारस्परिक अन्तःसम्वन्ध, बहुविधता र परिवर्तनको अवस्थामा देख्दछ । यसरी कुनै अन्तर्विरोधमा बिरोधी पक्षहरूको एकताको वास्तविक अर्थ यहि हो । धेरैको सोचाइ के हुने गरेको छ भने यसरी कुनै निस्चित कार्य वा सवालमा विरोधी पक्षहरूको बीचमा एकता भयो भने त्यो एकताको मतलव तिनीहरूका माझ संघर्ष हुँदैन् र हुनु हुँदैन् भन्ने रहेको हुन्छ र तिनीहरू सानो भन्दा सानो आलोचना पनि मन पराउँदैनन्, विरोध गर्छन ।

विपरितहरूको बीचको एकता र तिनीहरूबीचको संघर्षको नियमअनुसार हरेक वस्तु र प्रक्रियामा एकता र संघर्ष सँगसँगै रहने कुरा अंगिकार गर्दछ र यसले एकतालाई सापेक्ष (यसको अर्थ विश्वको कुनै पनि कुरा आफैमा स्वतन्त्र नभएर एक अर्कासित कुनै न कुनै रूपमा सम्वन्ध हुन्छ भनेर मान्ने सिद्धान्त) र संघर्षलाई निरपेक्ष(असम्वन्धित) रूपमा लिन्छ र विपरितहरू एक अर्कोमा गुणात्मक ढंगले बदलिने कुरा स्वीकार गर्दछ । यसरी भौतिकवादी द्धन्दवादले वावविवाद मात्रै होइन, सम्वाद, संश्लेषण वा गुणात्मक फड्कोलाई अंगिकार गर्छ । बहुलवाद इतिहासमा जस्तै आज पनि कम्युनिस्ट आन्दोलनभित्रको दुई लाइन संघर्षसम्म मात्रै सिमित छैन् । जसरी भौतिकवादी द्धन्दवाद सिंगो प्रकृति, चिन्तन र वर्गसंघर्षको विशाल क्षेत्रसम्म फैलिएको छ, त्यसैगरी बहुलवादको परिधी पनि फैलिएको छ । विपरितहरूको एकताको नियमको अध्यन, विकास र बहसमा हामी जति स्पष्ट हुन्छौ त्यति नै अनेक खालका संशोधनवादी अवसरवादीसँगका विचारधारात्मक संघर्षमा सफलता प्राप्त गर्न सक्छौ ।

प्रथम विपरितहरूबीच एकता हुन्छ वा हुँदैन् ? यदि विपरितहरूबीच एकता हुन्छ भने त्यो कस्तो हुन्छ ? दोस्रो एकको दुईमा विभाजन हुन्छ वा दुइको एकमा संयोजन ? यी प्रश्नहरूबारे कम्तीमा पनि मार्क्सवादका अनुयायीहरूमा दार्शनिक स्पष्टता हुन सक्यो भने यसले उनीहरूमा पार्टीमा वेलावेलामा आउने र आउन सक्ने विवाद र क्रान्ति र परिवर्तनका लागि पार्टीमा हुने एकतालाई असहज र हुनै नहुने घटनाका रूपमा लिदैनन्, परिणाम मार्क्सवादका अनुयायीहरूमा पार्टीभित्रको विवादले पार्टी, क्रान्ति र परिवर्तनप्रति नैरास्यता आउने र पार्टीमा एकताका केही सकारात्मक घटना हुँदा वित्तिकै त्यसलाई लिएर उछलकुद गर्ने निम्नपुँजीवादी रोगले ग्रसित वन्ने सम्भावना कम हुने छ । यो वर्तमानमा नेपालको कम्युनिस्ट आन्दोलनबारे पनि सत्य हो । यसैलाई नेपालको कम्युनिस्ट आनदोलनमा व्यवहारमा अपनाउन नस्कनुको परिणाम द्धन्द्धवादको नाममा आफ्नै निकटका मित्र शक्तिहरूसँग सधैभरि अस्वस्थ लडाई र झगडा भएका छन् एउटै पार्टीभित्र पनि यो अवस्था देखिएको छ र परिणाम स-साना कार्यनितीक सवालमा मतभेद हुँदा वित्तिकै नेपालको कम्युनिस्ट पार्टीहरूमा सधै विभाजन भएका छन् ।

*hukumsingh@)yahoo.com*
*singhhukum@gmail.com*

## मनाङ...

मनाङगेहरूको नाम लिएर सोध खोज गरे। सबैलाई जम्मा गरी चीन सँगको सिमाँकनबाट नेपालको भूभाग परेकोले नेपाल सरकारलाई समर्थन गर्न भने। मनाङबासी नेपाल सरकारलाई समर्थन गरेर के सुविधा पाईन्छ भनेर सोधे। राजाले मनाङवासीको माँग के हो भनि सोधे। मनाङगेहरूले यहाँ खेतीपाती हुँदैन, जटिबुटी सँकलन गरी हिउदमा समुद्र पार सम्म व्यापार गर्न जानु पर्ने। अत : विदेस-समुन्द्रपार व्यापारको सुविधाको माँग गरे। राजा महेन्द्रले त्यसलाई स्विकार गरी आउदो हिउदमा काठमाण्डुमा आउनु व्यापारको सुविधा दिने भने। सोहि अनुसार २०१८ को सम्भवतः मंसिर महिनामा प्रतिनिधि टोली काठमाण्डु आएर प्रतिनिधि टोली दरवार गए। राजाले उक्त ६ वटा गाँउका वासिन्दाको लागि अन्तरर्राष्ट्रिय व्यापार गर्न लालमोहर दिने व्यवस्था गरे। तत्पश्चात माथिल्लो ६ गाँउ विधिवत रूपमा नेपालको भुभाग मानी प्रशासनिक पहुँच, पन्चायतको गठन लगायतका कार्यहरू सुरु भएका थियो। *(देव गुरुङले २०८३ असार २ गते दिएको लिखित उत्तर)*

***मनाङमा कम्युनिष्ट विचारको शुरुआत***

राणा शासनकालमा मनाङ लार्के हुँदै तिब्बत तर्फको बस्तु विनिमय गर्ने व्यापारी मार्ग पर्थ्यो र मुख्यत नुनको व्यापार हुन्थ्यो। विम्थाङ भन्ने ठाँउमा व्यापारी मार्गमा कर उठाउन लमजुङ धनपोखराको नरजँग गुरुङलाई सुव्वा पदवी दिएर पठाएको थियो। त्यसको थोँचे भन्ने ठाँउमा नरजँगका परिवारहरूको बसोबास हुन थाल्यो। उनकै सन्तती खगेन्द्रजंग गुरुङ थोचेमा बसोवास गर्दै आईरहेका थिए। खगेन्द्र जँग युवा अवस्थामा बनारस गएर संस्कृत शिक्षा पढेको । त्यही समय बनारसमा पुष्पलालसँग सम्पर्क भै कम्युनिष्ट विचारबाट प्रभावित भएको थिए। उनले तल्लो मनाङको ३ गाँउमा प्रौढ कक्षाको सन्चालन गरे। वहाँ मार्फत नै डिल्ली जँग गुरुङ र गणेस बहादुर गुरुङ प्रभावित हुनु भयो र मनाङमा कम्युनिष्ट विचारको प्रभाव शुरुआत भएको देखिन्छ। तर खगेन्द्र जँग गुरुङ स्वयम कम्युनिष्ट पार्टीमा लाग्नु भएन। तमुवान स्वायत्त राज्य बनाउनु पर्छ भनी आदिवासी आन्दोलनमा लाग्नु भयो। पटक पटक गिरफतार पर्नु भयो। जेल बस्नु भयो। कँग्रेसका नेता वि.पि. कोईराला सँग सम्पर्क पुग्नु भयो। वि.पि. कोईरालाले १५ सालमा वहाँलाई आफ्नो मन्त्रिमण्डलमा साहायक वन राज्यमन्त्री पनि बनाए। काँग्रेस सरकार पछि राजा महेन्द्र सँग सम्पर्कमा पुगे। राजा महेन्द्र र चीनमा माओ विच सँबन्ध बढाउन पैदल यात्रा गरी चिन भ्रमण पनि गर्नु भयो। तर लामो समय सम्म स्वतन्त्र बस्नु भयो। माओवादी जनयुद्ध शुरु भए पछि जनयुद्धको समर्थन गर्नु भयो। तमु मोर्चामा सल्लाहाकार बन्नु भयो। प्रचण्ड सँग भेटेर राष्ट्रवादीहरू विच मिल्न र चिनिया कम्युनिष्ट पार्टी सँग भाईचारा सम्बन्ध बढाउन जोड दिनु भयो। त्यसको लागि आफुले सक्दो सहयोगको भुमिका खेल्न सकिने कुरा गर्नु भयो। वहँलाई ज्ञानेन्द्र शाहीको शासन कालमा नेपाली सेनाले गिफ्तार गरी निर्मम यातना दियो। तात्कालीन शाही सेनाले लमजुङ स्थित वहाँको घर लुटपाट र तोडफोड गरे। शान्ति प्रकृया पछि रिहा हुनु भयो। तर १२ बुदे सँम्झौता र वृहत शान्ति सँम्झौताको प्रकृयामा पार्टी सँग मतभेद राख्नु भयो र फेरि कुनै पार्टीमा नलागि स्वतन्त्र बस्नु भयो। २०८२ सालमा ९५ बर्षको उमेरमा वहाँको निधन भयो। गणेस बहादुर गुरुङ तात्कालीन नेकपा(माओवादी) को केन्द्रिय सल्लाहकार हुनु भएको थियो। २०६१ सालमा ६२ वर्षको उमेरमा क्यान्सरबाट पीडित भई वहाँको निधन भयो।. (देव गुरुङले २०८३ असार २ मा पठाएको लिखित अन्तरवार्ता )

खगेन्द्रजंग गुरुङको घर मनाङ र लमजुङ दुवै ठाउँमा थियो । २०८२ सालमा ९५ वर्षको उमेरमा उनको मृत्यु भयो । उनी आफ्नो समयको टाठोबाठो मानिस थिए ।खगेन्द्रजंग गुरुङ लामिछाने गुरुङ थिए र डिल्ली जंग गुरुङ पनि लामिछाने गुरुङ थिए , साइनोले नजिक थिए ,जसले गर्दा पनि डिल्ली जंग छिटै कम्युनिष्ट आन्दोलन प्रति प्रभावित हुन सम्भव भयो । खगेन्द्रजंग गुरुङ, राजा महेन्द्रको चिठी लिएर चीनमा माओलाई भेट्न गएका थिए । चिनियाँ पुस्तकहरू "रातो लालटिन", "ओ याङ्ग हाइको गीत" जस्ता पुस्तकहरू घर लिएर आएका थिए । उनले डिल्ली जंग गुरुङ जस्ता युवाहरूलाई ती किताव पढ्न दिए । कम्युनिस्ट भनेको धनी र गरिव नहुने, सबैले काम गर्ने, सबैले खान लाउन पाउने व्यवस्था हो र यो राम्रो व्यवस्था हो भन्ने छाप डिल्ली जंग गुरुङ जस्ता युवाहरूको दिमागमा पऱ्यो । चीनबाट आएका ती किताबहरू निकै जाँगरले पढे । चीनबाट आएका किताबले कम्युनिस्ट पार्टीप्रति झुकाव बढायो । (डिल्ली जंग तमु सित गरिएको कुराकानी)

निर्मल लामा पार्टीका महासचिव भएका बेला अनेरास्ववियुका केन्द्रीय नेता तारा न्यौपाने मनाङ पुगेका थिए । तारा न्यौपाने लमजुङका थिए । तारा न्यौपाने डिल्ली जंग गुरुङको घर पुग्नुभन्दा पहिले डिल्ली जंग गुरुङहरू कम्युनिस्ट सिद्धान्तप्रति खगेन्द्रजंग गुरुङका कारण आस्थावान भइसकेका थिए । तर कमिटीमा आबद्ध थिएनन् । मनाङबाट फर्किए पछि तारा न्यौपानेले पार्टीका नेताहरूलाई भनेछन्, "मनाङमा कम्युनिस्टहरू रहेछन् । खै तपाईहरू के हेरेर बसेको पार्टीका नेताहरूले ? पार्टीमा संगठित गर्नुपर्दैन ? निर्मल लामा महासचिव (२०३४-२०३६) भएका बेला मनाङमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । केन्द्रीय नेता चित्रबहादुर के.सी., खम्बासिंह कुँवरसहित ३ जना मनाङ पुगे । चित्रब. के.सी. समेतको उपस्थितिमा ३ जनाको नेकपा मनाङ जिल्ला संगठन समिति बनेको थियो । जसको सेक्रेटरी डिल्ली जंग गुरुङ थिए भने अरु दुई जना खड्वीर गुरुङ र गणेशबहादुर गुरुङ थिए । निर्मल लामाले गोरखपुर बोलाए पछि पंचायतकालमा उनीहरू गोरखपुर पुगेर प्रशिक्षण लिएका थिए । २०४० मा पार्टी विभाजन हुँदा डिल्ली जंग गुरुङ निर्मल लामाको पक्षमा रहैं । (डिल्लीजंग गुरुङले हाँक साप्ताहिकलाई दिएको अन्तर्वार्ता र देव गुरुङ सित २०८३ असार २ गतेको लिखित अन्तर्वार्ता)

२०५१ मा पार्टी विभाजन हुँदा पनि डिल्लीजंग निर्मल लामा भएकै पार्टीमा बसे । धेरैपछिसम्म नारायण काजी, अमिक शेरचन, लिलामणि आबद्ध भएकै पार्टीमा बसें ।

मनाङको कम्युनिष्ट आन्दोलनमा देव गुरुङको योगदान महत्वपूर्ण छ । उनी कास्कीमा हाइस्कुल पढ्ने बेलाबाटै वामपन्थी विचारबाट प्रभावित भएका थिए। उनी २०३१ सालमा कास्कीको पोखरा स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा आठमा भर्ना भएका थिए। ९ र १० का पुराना विद्यार्थीहरूले कक्षा आठमा भर्ना हुन आएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्ने कार्यक्रम अन्तर्गत नास्ता खाने बेलामा कागजहरूमा नास्ता दिने बेला संयोगले देव गुरुङले खाने कागजमा माओकोक ठूलो फोटो परेछ। चीनबाट प्रकाशित हुने सचित्र चिन भन्ने पत्रिकामा छापिएको माओको फोटो थियो त्यो। शिक्षक हेमराज पहारीले तिमी हो यस्तै मान्छे जस्तै ठूलो मान्छे बन्नुपर्छभनेर बताउनु भएछ। एसएलसी दिएपछि मनाङको ठोँचेमा पढाउँदा त्यहाँ पूर्णप्रसाद सुवेदीसँग सम्पर्क भयो। सुवेदी पनि नेकपा चौथो महाधिवेशन धारकै थिए।एसएलसी पास गरेपछि ललितपुरको पुलचोक इन्जिनियरिङ कलेजमा भर्खर भर्ना भएको बेला ललितपुरको ठैबमा भएको अनेरास्ववियुको छैठौं राष्ट्रिय सम्मेलनमा गुरुङले मनाङबाट प्रतिनिधित्व गर्ने अवसर पाएका थिए। २०३८ सालमा काभ्रेको जङ्गलमा अनेरास्ववियुको सातौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो। त्यो सम्मेलनबाट गुरुङ केन्द्रीय सदस्य चयन भए। २०४० सालमा गोरखपुरमा सम्पन्न भएको आठौं राष्ट्रिय सम्मेलनबाट गुरुङ अनेरास्ववियुको केन्द्रीय अध्यक्ष बने। (अनेरास्ववियु छैठौंको केन्द्रीय मुखपत्र ,योद्धा ,वर्ष ११ पूर्णाङ्क १३ ,२०७४ ) २०४१ मङ्सिरमा सम्पन्न नेकपा मशालको पाँचौं महाधिवेशनबाट गुरुङ केन्द्रीय सदस्य बनेका थिए। मनाङमा जन्मिएर नेपालको वामपन्थी राजनीतिको राष्ट्रियस्तरमा योगदान गर्ने व्यक्तिहरूमध्ये देव गुरुङ एक हुन् ।

***एमाले धार***

नेकपा (एमाले) निकै पछि मात्र मनाङमा प्रवेश गऱ्यो । मनाङमा एमालेको प्रभाव दुईतिरबाट पर्यो। एकातर्फ कास्कीमा आई पिएन क्याम्पसमा पढ्ने विद्यार्थीहरू र अर्कोतर्फ सोलुखुम्बुका पूर्व पञ्चहरू पछि एमाले बने र तिनै सोलुखुम्बुका एमालेहरूको नातेदारहरूले मनाङमा एमाले विस्तार गर्न मद्दत गरे । ( देव गुरुङ २०८३) २०८१ कार्तिकमा सम्पन्न नेकपा (एमाले) मनाङको पाँचौं जिल्ला सम्मेलनबाट अध्यक्ष पोल्देन छोपाङ गुरुङको नेतृत्वमा ४२ सदस्यीय समिति गठन भएको छ (ई कान्तिपुर)

***चुनावी राजनीति***

चौथो महाधिवेसन भित्र पटक पटक पार्टी विभाजन र एउटा घटकबाट २०५२ देखि जनयुद्धको शुरुआत भए पछि मनाङमा तत्काल पार्टी कमजोर बन्न पुग्यो। ठिक त्यहि बेला मनाङमा कार्यरत लमजुङका शिक्षकहरूबाट एमाले पार्टीको शुरुआत गरियो । नाचै गाँउ निवासी मँगल बहादुर गुरुङ, सँसदीय निर्वाचनको उमेदवार पनि हुनु भयो। मनाङमा पन्चायत काल देखि पन्चहरूको प्रभुत्व रहेको, दोस्रोमा कँग्रेस र तेस्रो कमजोर अवस्थामा कम्युनिष्टहरू रहँदै आएको अवस्था थियो।

१० वर्षको जनयुद्ध र बृहत शान्ति सम्झौता पश्चात मनाङमा फेरि कम्युनिष्ट पार्टी विस्तारको सम्भावना बढ्यो। २०६४ सालको सँविधान सभा निर्वाचनमा तात्कालिन नेकपा(माओवादी)को उमेदवार देव गुरुङले जितेका थिए। त्यस पछि माओवादीमा भएको विभाजनले फेरि असर पऱ्यो र काँग्रेसले जित्न थाले। पछिल्लो समयमा पन्चायत काल देखिको पूर्व पन्चहरूको ठूलो समुह एमाले प्रवेस गऱ्यो । परिणाम त एमाले पनि सापेक्षिक रूपमा बढ्दो अवस्थामा पुग्यो। २०७४ मा सबै वाम एक ठाँम हुँदा एमाले उमेदवार पोल्देन छोपाङले जिते । तत्पश्चात वाम एकता हुन नसकेकोले काँग्रेस कै उमेदवारले निरन्तरता पाईरहेकोछ। (देव गुरुङ-२०८३ असार २)

***अन्त्यमा***

मनाङमा कम्युनिस्ट विचार फैलाउनमा खगेन्द्रजंग गुरुङ जस्ता पंचहरूको देन रह्यो तर सांगठनिक हिसावले नेकपाको पहिलो सुरुवातकर्ता चौथो महाधिवेशन धार हो । थोंचेमाविका प्र.अ. पूर्ण सुवेदी (लमजुङ निवासी) हाल निधन ) लागयत पार्टीमा जोडिए गण्डक ब्यूरो इन्चार्ज ओम ब.गुरुङ(लमजुङ)लाई शिक्षक बनाएर मनाङ पठाएको थियो । २०४६ सपछि यशोदा सुवेदी नेकपा एकताकेन्द्रको सेक्रेटरी भएर काम गरेकी थिइन ।

## वर्गदृष्टि...

सहयोगको अपेक्षा पनि गर्दछौं ।

हरेक मिडियाका आफ्ना विश्वदृष्टिकोण हुन्छन् र पक्षधरता पनि हुन्छन् । हाम्रो मिडियाको पनि आफ्नो विश्वदृष्टिकोण र पक्षधरता रहेको हामी सगर्व घोषणा गर्दै आएका छौं । स्थापपनाकालदेखि नै हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई प्रमुखताका साथ उठाउँदै आएका छौं । चौतर्फी आर्थिक संकट, संशोधनवादी, अवसरवादी र प्रतिक्रियावादी वर्गको घेराबन्दीका बाबजुद निकै ठूलो श्रम, पसिना र मिहनेतका बिच हामीले यो प्रकाशनको प्राणलाई आजका दिनसम्म बँचाएर ल्याउन सफल भएका छौं । र, आगामी दिनमा यो प्रकाशनलाई अझ सबल बनाएर निरन्तर रूपमा अगाडि बढाउन सम्बन्धित सबैको रचनात्मक र उत्साहपूर्ण सहयोग र हौसला प्राप्त हुने पनि अपेक्षा गरेका छौं ।

पत्रपत्रिकाहरू भनेका जनताका बौद्धिक सम्पत्ति हुन् । पत्रपत्रिका केवल सूचना प्रवाह गर्ने साधन मात्र होइनन्, वर्गीय स्वार्थ, राजनीतिक चेतना र क्रान्तिका शक्तिशाली हतियार पनि हुन् । कार्लमार्क्सले पत्रिपत्रिकालाई 'जनताको विवेक र आलोचनाको हतियार' मानेका छन् । मार्क्सले पूँजीवादी व्यवस्थामा सञ्चारमाध्यममाथि धनाढ्य वर्गको नियन्त्रण हुने र त्यसले सर्वहारा वर्गको आवाज दबाउने कुरा औंल्याएका छन् । उनका अनुसार पत्रपत्रिका नाफा कमाउने व्यापार व्यवसाय नभएर सत्य उजागर गर्ने माध्यम हुन् र हुनु पर्दछ । लेनिनले "पत्रिका केवल सामूहिक प्रचारक र सामूहिक आन्दोलक मात्र होइन, यो एक सामूहिक संगठक पनि हो" भने । माओले पत्रपत्रिकालाई "मास लाइन" (जनदिशा) को सिद्धान्तसँग जोडेर परिभाषित गरे । उनले पत्रपत्रिकाहरू पार्टी, सरकार र जनताका साझा "मुखपत्र" हुन् भने । माओले क्रान्ति सम्पन्न गर्न दुईवटा मोर्चा आवश्यक पर्ने बताएका थिए– एउटा बन्दुकको मोर्चा (सैनिक) र अर्को कलमको मोर्चा (सांस्कृतिक/वैचारिक) । पत्रपत्रिका कलमको मोर्चाका मुख्य हतियार हुन्, जसले जनताको चेतना रूपान्तरण गर्छन् ।

माओले प्रेस कहिल्यै पनि तटस्थ हुन नसक्ने र यसले सधैं कुनै न कुनै वर्गको प्रतिनिधित्व गर्ने वकालत गरे । समाजवादी व्यवस्थामा पत्रपत्रिकाले सर्वहारा वर्गको हित र प्रतिक्रियावादी तत्वहरू विरुद्धको संघर्षलाई प्रवर्द्धन गर्नुपर्छ भन्ने उनको मान्यता थियो ।

मार्क्सवादी दृष्टिकोणमा "प्रेसको तटस्थता" वा "निष्पक्ष पत्रकारिता" लाई एउटा बुर्जुवा भ्रम वा ढोंग मानिन्छ । मार्क्स, लेनिन र माओ प्रश्न गर्छन्– जब समाज नै वर्गमा विभाजित छ भने समाजको एउटा हिस्सा रहेको प्रेस कसरी तटस्थ हुन सक्छ ? "प्रेस कि त शासक वर्गको पक्षमा हुन्छ, कि त शोषित वर्गको पक्षमा ।" यी दुईको बीचमा कुनै तेस्रो वा तटस्थ ठाउँ हुँदैन । पूँजीवादी व्यवस्थामा सञ्चारमाध्यमहरू ठूला घराना वा कर्पोरेट हाउसहरूको लगानीमा सञ्चालित हुन्छन् । बुर्जुवा (पूँजीवादी) पत्रपत्रिकाहरूले आफूलाई "निष्पक्ष" वा "स्वतन्त्र" दाबी त गर्छन्, तर संकटको बेला उनीहरूले सधैं शासक वर्ग र पूँजीवादी व्यवस्थाकै रक्षा गर्छन् । उनीहरूले 'तटस्थता' को नारा दिएर वास्तवमा सर्वहारा वर्गको क्रान्तिकारी चेतनालाई भुत्ते बनाउने र यथास्थितिलाई कायमै राख्ने काम गर्छन् । त्यसैले यो तटस्थता जनतालाई भ्रममा राख्ने एउटा हतियार मात्र हो । लेनिनले त झन् खुला रूपमा भनेका छन् कि प्रेस कहिल्यै पनि गैर-राजनीतिक वा गैर-वर्गीय हुन सक्दैन । लेनिनका अनुसार, बुर्जुवा प्रेसको 'छद्म तटस्थता' भन्दा कम्युनिष्ट प्रेसको 'खुला पक्षधरता' इमानदार र क्रान्तिकारी हुन्छ । कम्युनिष्ट प्रेसले आफूलाई लुकाउँदैन, यसले खुला रूपमा भन्छ कि यो सर्वहारा वर्ग र कम्युनिष्ट पार्टीको हतियार हो ।

माओका अनुसार क्रान्ति भइरहेको बेला वा समाजवाद निर्माणको चरणमा प्रेस कि त क्रान्तिको पक्षमा उभिनुपर्छ, कि त प्रतिक्रान्तिको पक्षमा । 'म तटस्थ बस्छु' भन्नुको अर्थ अप्रत्यक्ष रूपमा शोषक वर्गलाई नै मद्दत गर्नु हो । मार्क्सवादी विचारधाराले मिडियालाई समाजको 'सुपरस्ट्रक्चर' (उपरिसंरचना) मान्छ, जसलाई आर्थिक रूपमा बलियो भएको वर्गले नियन्त्रण गर्छ । त्यसैले पूँजीवादी मिडियाले दाबी गर्ने "प्रेसको तटस्थता" वास्तवमा पूँजीपति वर्गको स्वार्थ लुकाउने एउटा वैचारिक मुकुण्डो मात्र हो, जसलाई मार्क्सवादले पूर्ण रूपमा अस्वीकार गर्छ ।

हो हामीले यही उल्लेखित विचारकहरूको प्रेस सम्बन्धी दृष्टिकोणलाई आफ्नो विश्वदृष्टिकोणको रूपमा अपनाउँदै नेपालका श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको मुक्तिपथको सहयात्रीको रूपमा आफूलाई उभ्याउँदै आएका छौं । र, अहिले डिजिटल मिडिया र एआईले खडा गरेको चुनौतिलाई पनि सामना गर्दै हाम्रो पत्रकारितालाई आगामी दिनमा अझ नयाँ आयामका साथ प्रखर रूपमा अगाडि ल्याउने प्रतिबद्धता पनि व्यक्त गर्दछौं । र, रचनात्मक सुझाब तथा आलोचनासहित सबैको प्रत्यक्ष परोक्ष रूपमा सहयोग प्राप्त हुने पनि अपेक्षा गर्दछौं । *-प्रकाशन परिवार*

## बिना...

रेशम थापामगर र नेकपाका नेता कृष्णहरि भट्टले यस्तो चेतावनी दिएका हुन् ।

नेताहहरूले संसदीय व्यवस्था भनेकै सुकुम्बासीहरू उत्पादन गर्ने व्यवस्था भएको भन्दै नयाँ जनवादी व्यवस्था हुँदै वैज्ञानिक समाजवादी व्यवस्था नभएसम्म यो मुलुकमा सुकुम्बासी समस्याको स्थायी समाधान नहुने दावी गरे ।

वर्तमान दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्था गरिब, निमुखा, किसान, मजदुर, सुकुम्बासीहरूको नभएको भन्दै सरकारले ल्याएको नीति कार्यक्रम र बजेटले पनि यसलाई थप पुष्टि गरिसकेको बताए । यो सरकार जनघाती मात्रै होइन राष्टघाती समेत रहेको भन्दै उनीहरूले यो दलाल पुँजीवादी व्यवस्थाको समूल अन्त्य गरेर श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको राज्य व्यवस्था स्थापना गर्न र देशको स्वाधीनताको रक्षा गर्न आमूल परिवर्तनको लागि संघर्ष गर्न तयार हुनुपर्ने पनि बताए ।

नेताहरूले जेनजी विद्रोह नेपाली जनताको यही आकांक्षा पूरा गर्नका लागि भएको भए पनि नयाँ संसदवादी तथा विदेशी दलालहरूले हाइज्याक गरेर यही संसदीय व्यवस्थामा अल्झाउन पुगेको विश्लेषण गरे । जनताले व्यवस्था परिवर्तन चाहेको भएपनि नव सम्भ्रान्तवर्गले यथास्थितिमै अल्मल्याएको उनीहरूको ठहर थियो ।

सुकुम्बासीमाथिको बर्बरतापूर्ण दमन, होल्डिङ सेन्टरमा देखाइएको अमानवीय क्रूरता र राज्यआतंकले बालेन्द्र साह नेतृत्वको सरकारले फासिवादी उन्माद प्रदर्शन गरिरहेको भन्दै त्यसलाई मध्यमवर्ग र सहरीया सम्भ्रान्तवर्गले पनि मलजल गरिरहेकोप्रति आक्रोश व्यक्त गरे ।

कार्यक्रममा कीर्तिपुर लगायत होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासीहरूलाई विना स्थायी विकल्प नहटाउन राज्यका सरोकारवाला निकायहरूसँग माग समेत गरेका छन् र सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथि अमानवीय अत्याचार भइरहँदा मौनता साँधेर बसिरहेका पुराना संसदवादी दलहरू कांग्रेस, एमाले र माओवादीप्रति पनि उनीहरूले आक्रोश पाखेका थिए ।

कार्यक्रममा दलाल बालेन्द्र सरकार मुर्दावाद, होल्डिङ सेन्टरबाट हटाउने सूचना फिर्ता गर, विस्थापित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई क्षतिपूर्तिसहित स्थायी बसोबासको ग्यारेन्टी गर, सुकुम्बासीमाथिको बर्बरतापूर्वक राज्य आतंकत बन्द गर, राष्टिय स्वाधीनता जिन्दावाद लगायतका नाराहरू लगाइएको थियो ।

## देशव्यापी...

वक्तव्यमा भनिएको छ, "कठपुतली बालेन्द्र सरकारले थप सुकुम्बासी बस्तीहरूमाथि डोजर लगाउने र आफैले राखेका होल्डिङ सेन्टरहरूबाट सुकुम्बासी परिवारलाई पुनः बलपूर्वक लखेट्ने सुचनाले हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण गरेको छ । संघर्षरत सुकुम्बासीहरूसँग वार्ता तथा संवाद गरी वर्षौंदेखि भूमि, आवास र सम्मानजनक जीवनयापनको अधिकारबाट वञ्चित नागरिकहरूको समस्यालाई कानुनी प्रक्रिया र वैकल्पिक तथा न्यायोचित व्यवस्थापनबाट समाधान गर्नुपर्नेमा बलप्रयोग, त्रास र विस्थापन कार्यले सरकार फासिस्ट साबित हुँदै गएको प्रस्ट गर्दछ । त्यसकारण हाम्रो पार्टी समुचित वैकल्पिक व्यवस्थापन नगरिकन सुकुम्बासीलाई होल्डिङ सेन्टरबाट हटाउने र सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने कुकार्यको घोर निन्दा र भर्त्सना गर्दै देशव्यापी सुकुम्बासीहरूको न्यायपूर्ण संघर्षमा भाग लिन समग्र पार्टी पंक्तिलाई निर्देशन समेत गर्दछ ।"

## सुकुम्बासी...

होल्डिङ सेन्टर छोड्न उर्दी सुनाएर उनीहरूमाथि बिचल्लीको थप अर्को चरणको सुशासन प्रदर्शन गरेको छ । अव्यवस्थित बसोबासीका लालपुर्जा र जीवन धान्ने रोजगारी पाइएला भनेर आशा गरिरहेका सुकम्वासीका भविष्य यसरी अनिश्चित र अन्यौलपूर्ण तुल्याइएको छ ।

सुकुम्वासीलाई यसरी बिचल्ली तुल्याउने, सुनिश्चित बसोबास र समुचित रोजगारीको व्यवस्था नगरी उनीहरूको जीवनमाथि खेलबाड गर्ने गैरजिम्मेवार र दमनकारी सरकारी कदमको हामी तीन किसान सङ्गठन घोर निन्दा र भर्त्सना गर्दछौं ।

कुनै पूर्वतयारी नगरी हचुवाको भरमा सुकुम्वासी बस्तीमाथि डोजर आक्रमण गर्ने र बिचल्ली पारेर छोड्ने सरकारले सुकुम्वासी समस्या हल गर्नेभन्दा उनीहरूमाथि थप समस्या थोपर्ने जुन काम गर्दैछ, यसले आवास, रोजगारी, शिक्षा र स्वास्थ्यसम्बन्धी मौलिक संवैधानिक हकको पनि धज्जी उठाएको छ ।

अतः हामी तत्काल निम्नलिखित माग पूरा गर्न र दीर्घकालीन रूपमा यस समस्याको सही समाधान खोज्न जोडदार माग गर्दछौं :-

१.तत्काल सम्पूर्ण सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई सुनिश्चित र सुरक्षित बसोबासको व्यवस्था तुरुन्त मिलाऊ ।

२. सुकुम्वासीका छोराछोरीले पढ्न, लेख्न पाउने समुचित व्यवस्था गर ।

३. बिरामी र अशक्त सुकुम्वासीका सम्पूर्ण उपचारखर्च सरकारले व्यहोर्ने व्यवस्था गर ।

४. बस्ती उजाडिएका सुकुम्वासी र गैरसुकुम्वासीको विवरण सार्वजनिक गर ।

५. सम्पूर्ण सुकुम्वासीलाई दीर्घकालीन रूपमा आवास, शिक्षा, स्वास्थ्य सबै हिसाबले सुरक्षित बसोबास र काम गर्ने उमेरका सबैलाई रोजगारी दिने व्यवस्था गर ।"

## होल्डिङ...

सरकारले पाँच दिनभित्र २५ हजार रूपैयाँ लिएर आफैं व्यवस्थापन गर्न र होल्डिङ सेन्टर छोड्न बाध्यकारी दबाब दिएपछि पीडितहरू आक्रोशित बनेका छन।सुकुमवासीहरूले सरकारको यो शैलीमा असन्तुष्टि जनाउँदै किर्तिपुरस्थित होल्डिङ सेन्टरबाहिर 'पीडितहरूको सरोकार पत्र' टाँस गरेका छन् । उनीहरूले विभिन्न माग राखेका छन् ।

भूमि समस्या समाधान समिति गठन भइसकेकाले स्थानीय सरकारमार्फत उठिबास गराइएका परिवारको तत्काल लगत संकलन, प्रमाणीकरण र पहिचान गर्नुपर्ने जबरजस्ती उठिबास गराइएका परिवारलाई पहिलो प्राथमिकतामा राखी समस्या समाधान गर्नुपर्ने, स्थायी व्यवस्थापन नहुञ्जेलसम्म होल्डिङ सेन्टरमा पर्याप्त सेवा सुविधा वा जाने सुरक्षित ठाउँ देखाउनुपर्ने,सरकारी नीति र कार्यक्रममा उल्लेख भएबमोजिम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी केन्द्रित उपयुक्त र उचित स्थायी व्यवस्थापन गर्नुपर्ने माग राखेका छन् ।

## गरिब...

नागरिकको रोजीरोटी खोसिएको छ । कानुनी प्रक्रिया र मानवीय संवेदनालाई कुल्चँदै बालेन्द्र सरकारले सुकुम्बासीहरूलाई 'अपराधी' र 'हुकुमबासी' का रूपमा चित्रित गर्ने भाष्य निर्माण गर्न मिडिया सेललाई प्रायोजित रूपमा परिचालन गरियो ।

नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई'उपयुक्त आवासको हक' ग्यारेन्टी गरेको छ । साथै, सुरक्षित आवास सम्बन्धी ऐन, २०७५ ले विकल्प विना कसैलाई पनि उसको आवासबाट हटाउन नपाइने व्यवस्था गरेको छ । त्यसमा पनि सम्पत्तिको हक, सम्मानपूर्व बाँच्न पाउने हक, गोपनीयताको हक, शिक्षा, स्वास्थ्यको हक आदि सबै हकहरू डोजर लगाएर सरकारले खोसेको अवस्था छ ।

***चार कम्युनिस्ट पार्टीको चेतावनी***

यस्तो अमनवीय क्रूरताका विरुद्धमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेकपा (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिष्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले आयोजना गरेको सुकुम्बासी विस्थापनका विरुद्ध विरोध प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै उल्लेखित चारवटै कम्युनिस्ट पार्टीका नेताहरूले विना स्थायी विकल्प जबर्जस्त होल्डिङ सेन्टरबाट सुकुम्बासीहरूलाई विस्थापित गरिए देशव्यापी रूपमा सशक्त संघर्ष गर्ने चेतावनी दिएका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय नेता प्रकाश खतिवडा, नेकपा (बहुमत)का नेता बाबुराम गजमेर, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका नेता रेशम थापामगर र नेकपाका नेता कृष्णहरि भट्टले यस्तो चेतावनी दिएका हुन् ।

नेताहहरूले संसदीय व्यवस्था भनेकै सुकुम्बासीहरू उत्पादन गर्ने व्यवस्था भएको भन्दै नयाँ जनवादी व्यवस्था हुँदै वैज्ञानिक समाजवादी व्यवस्था नभएसम्म यो मुलुकमा सुकुम्बासी समस्याको स्थायी समाधान नहुने दावी गरे ।

वर्तमान दलाल तथा नोकरशाही पुँजीवादी व्यवस्था गरिब, निमुखा, किसान, मजदुर, सुकुम्बासीहरूको नभएको भन्दै सरकारले ल्याएको नीति कार्यक्रम र बजेटले पनि यसलाई थप पुष्टि गरिसकेको बताए । यो सरकार जनघाती मात्रै होइन राष्टघाती समेत रहेको भन्दै उनीहरूले यो दलाल पुँजीवादी व्यवस्थाको समूल अन्त्य गरेर श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको राज्य व्यवस्था स्थापना गर्न र देशको स्वाधीनताको रक्षा गर्न आमूल परिवर्तनको लागि संघर्ष गर्न तयार हुनुपर्ने पनि बताए ।

नेताहरूले जेनजी विद्रोह नेपाली जनताको यही आकांक्षा पूरा गर्नका लागि भएको भए पनि नयाँ संसदवादी तथा विदेशी दलालहरूले हाइज्याक गरेर यही संसदीय व्यवस्थामा अल्झाउन पुगेको विश्लेषण गरे । जनताले व्यवस्था परिवर्तन चाहेको भएपनि नव सम्भ्रान्तवर्गले यथास्थितिमै अल्मल्याएको उनीहरूको ठहर थियो ।

सुकुम्बासीमाथिको बर्बरतापूर्ण दमन, होल्डिङ सेन्टरमा देखाइएको अमानवीय क्रूरता र राज्यआतंकले बालेन्द्र साह नेतृत्वको सरकारले फासिवादी उन्माद प्रदर्शन गरिरहेको भन्दै त्यसलाई मध्यमवर्ग र सहरीया सम्भ्रान्तवर्गले पनि मलजल गरिरहेकोप्रति आक्रोश व्यक्त गरे ।

कार्यक्रममा कीर्तिपुर लगायत होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासीहरूलाई विना स्थायी विकल्प नहटाउन राज्यका सरोकारवाला निकायहरूसँग माग समेत गरेका छन् र सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमाथि अमानवीय अत्याचार भइरहँदा मौनता साँधेर बसिरहेका पुराना संसदवादी दलहरू कांग्रेस, एमाले र माओवादीप्रति पनि उनीहरूले आक्रोश पाखेका थिए ।

कार्यक्रममा दलाल बालेन्द्र सरकार मुर्दावाद, होल्डिङ सेन्टरबाट हटाउने सूचना फिर्ता गर, विस्थापित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई क्षतिपूर्तिसहित स्थायी बसोबासको ग्यारेन्टी गर, सुकुम्बासीमाथिको बर्बरतापूर्वक राज्य आतंकत बन्द गर, राष्टिय स्वाधीनता जिन्दावाद लगायतका नाराहरू लगाइएको थियो ।

***भत्काइएकै बस्तीमा फर्किने सुकुम्बासीहरूको चेतावनी***

कीर्तिपरस्थित राधास्वामी सत्सङ्ग होल्डिङ सेन्टर लगायत सबै होल्डिङ सेन्टरमा राखिएको सुकुम्बासीहरूले जबरजस्ती निकालिएमा आफूहरू पुरानै बस्तीमा फर्केर छाप्रो हाल्न बाध्य हुने चेतावनी दिएका छन् ।

सुकुम्बासीहरूलाई भोलि १२ गते सम्म उक्त ठाउँ खाली गर्न सूचना जारी गरेपछि आफूहरू पुरानै बस्तीमा फर्कने चेतावनी दिएको हो ।

उनीहरूले स्थायी विकल्प र बस्ने ठाउँ नदेखाइ जबरजस्ती निकालिएमा आफूहरू पुरानै बस्तीमा फर्केर छाप्रो हाल्न बाध्य हुने बताएका छन् ।उक्त सेन्टरमा बागमती सभ्यता एकीकृत विकास समितिले त्यहाँ रहेका मानिसहरूलाई आफ्नो बैंक खाताको विवरण माग गरेको पनि छ ।

सरकारले दिने भनेको २५००० रकम भुक्तानीको लागि बैंक विवरण मागिएको छ । सरकारले ब्याबस्थित बसोबासमा राख्न न सक्ने भएर हटाउनको लागी बैंक विवरण मागेको सुकुम्बासीहरूको बुझाइ छ । हाल यो होल्डिङ सेन्टरभित्र फोटो र भिडियो खिच्न रोक लगाएको छ ।

सरकारले पाँच दिनभित्र २५ हजार रूपैयाँ लिएर आफैं व्यवस्थापन गर्न र होल्डिङ सेन्टर छोड्न बाध्यकारी दबाब दिएपछि पीडितहरू आक्रोशित बनेका छन।सुकुमवासीहरूले सरकारको यो शैलीमा असन्तुष्टि जनाउँदै किर्तिपुरस्थित होल्डिङ सेन्टरबाहिर 'पीडितहरूको सरोकार पत्र' टाँस गरेका छन् । उनीहरूले विभिन्न माग राखेका छन् ।

भूमि समस्या समाधान समिति गठन भइसकेकाले स्थानीय सरकारमार्फत उठिबास गराइएका परिवारको तत्काल लगत संकलन, प्रमाणीकरण र पहिचान गर्नुपर्ने जबरजस्ती उठिबास गराइएका परिवारलाई पहिलो प्राथमिकतामा राखी समस्या समाधान गर्नुपर्ने, स्थायी व्यवस्थापन नहुञ्जेलसम्म होल्डिङ सेन्टरमा पर्याप्त सेवा सुविधा वा जाने सुरक्षित ठाउँ देखाउनुपर्ने,सरकारी नीति र कार्यक्रममा उल्लेख भएबमोजिम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी केन्द्रित उपयुक्त र उचित स्थायी व्यवस्थापन गर्नुपर्ने माग राखेका छन् ।

***सुकुम्बासीहरूको न्यायपूर्ण संघर्षमा भाग लिन पार्टी पंक्तिलाई निर्देशन***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले एक प्रेस वक्तव्य जारी गर्दै देशव्यापी सुकुम्बासीहरूको न्यायपूर्ण संघर्षमा भाग लिन पार्टीपंक्तिलाई निर्देशन दिएको छ । पार्टी प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा सुकुम्बासीहरूमाथि डोजर लगाउने र आफैले राखेका होल्डिङ सेन्टरहरूाट विना विकल्प बलपूर्वक निकाल्ने बालेन्द्र सरकारको सूचनाप्रति गम्भीर रूपमा ध्यानाकर्षण भएको भन्दै समुचित वैकल्पिक व्यवस्था नगरिकन सुकुम्बासीहरूलाई होल्डिङ सेन्टरबाट हटाउने र सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने कार्यले सरकार फासिस्ट साबित हुँदै गएको उल्लेख गरिएको छ ।

वक्तव्यमा भनिएको छ, "कठपुतली बालेन्द्र सरकारले थप सुकुम्बासी बस्तीहरूमाथि डोजर लगाउने र आफैले राखेका होल्डिङ सेन्टरहरूबाट सुकुम्बासी परिवारलाई पुनः बलपूर्वक लखेट्ने सुचनाले हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको गम्भीर ध्यानाकर्षण गरेको छ । संघर्षरत सुकुम्बासीहरूसँग वार्ता तथा संवाद गरी वर्षौंदेखि भूमि, आवास र सम्मानजनक जीवनयापनको अधिकारबाट वञ्चित नागरिकहरूको समस्यालाई कानुनी प्रक्रिया र वैकल्पिक तथा न्यायोचित व्यवस्थापनबाट समाधान गर्नुपर्नेमा बलप्रयोग, त्रास र विस्थापन कार्यले सरकार फासिस्ट साबित हुँदै गएको प्रस्ट गर्दछ । त्यसकारण हाम्रो पार्टी समुचित वैकल्पिक व्यवस्थापन नगरिकन सुकुम्बासीलाई होल्डिङ सेन्टरबाट हटाउने र सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने कुकार्यको घोर निन्दा र भर्त्सना गर्दै देशव्यापी सुकुम्बासीहरूको न्यायपूर्ण संघर्षमा भाग लिन समग्र पार्टी पंक्तिलाई निर्देशन समेत गर्दछ ।"

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- ww.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- हाँक साप्ताहिक

# आलोपालो

## मनाङ जिल्लाको कम्युनिष्ट आन्दोलन: संक्षिप्त ऐतिहासिक रूपरेखा

*राणा शासनकालमा मनाङ लार्के हुँदै तिब्बत तर्फको बस्तु विनिमय गर्ने व्यापारी मार्ग पर्थ्यो र मुख्यत नुनको व्यापार हुन्थ्यो। बिम्थाङ भन्ने ठाँउमा व्यापारी मार्गमा कर उठाउन लमजुङ धनपोखराको नरजँग गुरुङलाई सुव्वा पदवी दिएर पठाएको थियो । त्यसको थौँचे भन्ने ठाँउमा नरजँगका परिवारहरूको बसोबास हुन थाल्यो। उनकै सन्तती खगेन्द्रजंग गुरुङ थोचेमा बसोवास गर्दै आईरहेका थिए । खगेन्द्र जँग युवा अवस्थामा बनारस गएर संस्कृत शिक्षा पढेको । त्यही समय बनारसमा पुष्पलालसँग सम्पर्क भै कम्युनिष्ट विचारबाट प्रभावित भएको थिए ।*



● रामबहादुर बुढा ●

***स्थान परिचय***

मनाङ हिमालपारीको सुन्दर जिल्लाको रूपमा परिचित छ। नेपाल सरकारको मापदण्ड अनुसार दुर्गम जिल्लाको “क” वर्गको जिल्लाको रूपमा यो जिल्ला पर्दछ। जिल्लाको भौगोलिक विकटताको साथसाथै अत्यन्तै मनमोहक भौतिक एवं सांस्कृतिक विशेषताहरूले यो जिल्ला भरिपूर्ण छ। प्राकृतिक छटाले भरिपूर्ण हिमालको काखमा अवस्थित यस जिल्लामा अग्ला भिराला पहाडहरू र उच्च हिमश्रृखलाहरूले लाखौ स्वदेशी तथा बिदेशी पर्यटकहरूको गन्तब्य मार्ग, बहुमुल्य जडिबुटि र वनसम्पदा, अपार जलश्रोत र ,जौविक विविधताले भरिपूर्ण छ। विश्वको सर्वाधिक अग्लो स्थानमा रहेको तिलिचो ताल तथा अन्य असंख्य कुण्ड एवं स-साना तालहरूको बेजोड संगम भएको यो जिल्लाको कुल क्षेत्रफल २२४६ वर्ग कि.मि. छ। (चिनारी नेपाल) मनाङमा तिब्बती लामा धर्मको प्रभाव छ। तिब्बती लामा धर्म जुनसुकै भए पनि आपसी भावनात्मक सम्बन्ध छ। (देव गुरुङ, २०८३) यो नेपालको सैबभन्दा कम जनसंख्या (५,६५८) भएको जिल्ला हो।

***मनाङ जिल्लाको एतिहासिक पृष्ठभूमि***

नेपाल ३५ जिल्ला भएको बेला २०१८ साल भन्दा पहिले मनाङ जिल्ला लमजुङ जिल्ला अन्तर्गत पर्दथ्यो। ७५ जिल्ला बनाए पछि मनाङ अलग जिल्ला बन्यो । अहिले म्यार्दी खोलाले लमजुङ र मनाङ जिल्लालाई छुट्र्याउँदछ। उत्तरी मनाङका ६ वटा गाउँहरू-मनाङ, भ्राका, खँसार, ङावल, घ्यारु र पिसाङ छुट्टै स्वायत्त क्षेत्र थियो। हिमाल पारीको बस्ती, नेपाल - चिन विच २०१६ सालमा व्यबस्थित रूपले सिमाँकन भैसके पछि नेपाल भूमिको प्रष्ट त भयो। तर नेपाल सरकारको पहुच पुगेको थिएन। मनाङ उत्तरी भेगमा जटिबुटी पाईने अन्य खेती पाती पेसा व्यवसाय कम हुने र बर्षातको मौसममा जटिबुटी सँकलन गरी हिउदमा पोखरा, नारायणगढ, काठमाण्डु लगायतका शहरी क्षेत्रमा झरेर व्यापार गर्थे। यही क्रममा कलकत्ता लगायतका भारतीय शहरहरूका साथै वर्मा, बैंकक, सिगापुर र मलेसिया सम्म पुग्थे। (देव गुरुङसित २०८३ वैशाख २४ मा गरेको कुराकानी ) बुढा पाकाहरूबाट प्राप्त मौखिक जानकारीका अनुसार सायद २०१७ सालको हिउदमा राजा महेन्द्र सिँगापुर भ्रमणमा गएको बेला सिँगापुरका सडकका छेउछाउमा जटिबुटी व्यापार गरिरहेका केही मनाङगेहरू सँग भेटे। जटिबुटी व्यापारका केही समस्याहरू बुझे। नाम ठेगाना टिपेर आउदो वर्षातमा मनाङ आउने कुरा गरे।त्यही भेटको आधारमा २०१८ सालको बर्षातमा राजा महेन्द्र हेलीबाट मनाङ गए र भ्राका भन्ने ठाउँमा हेली ल्याण्ड गरी सिँगापुरमा भेटेका


*बाँकी ७ पेजमा*

# परीक्षाफलमा त्रुटी देखिएको भन्दै ११ विद्यार्थी संगठनको आपत्ति, पीडितहरू आन्दोलित

काठमाडौं। अखिल (क्रान्तिकारी)सहित विभिन्न ११ विद्यार्थी संगठनहरूले छिटो नतिजा सार्वजनिक गर्ने नाममा विद्यार्थीको मेहनत र जीवनमाथि खेलवाड गरिएको भन्दै आपत्ति प्रकट गरेका छन् । बिहीबार संयुक्त प्रेस वक्तव्य प्रकाशित गरी विद्यार्थी संगठनहरूले कक्षा १२ को परीक्षाफलमा देखिएका त्रुटिप्रति सम्बन्धित निकायलाई सचेत गराएका छन् ।

‘हालै कक्षा १२ को परीक्षाफलमा देखिएका त्रुटिहरू तथा केही समयअघि एसईईको नतिजामा व्याप्त कमजोरीहरू सार्वजनिक भएका छन्। परीक्षाफल समयमै प्रकाशन गर्ने शिक्षा मन्त्रालयको प्रयासलाई हामी सकारात्मक रूपमा लिन्छौँ’ विज्ञप्तिमा उनीहरूले भनेका छन्, ‘तर, छिटो नतिजा प्रकाशन गर्ने नाममा गरिएका लापरबाही र गम्भीर त्रुटीले विद्यार्थीको मेहनत र जीवनमाथि खेलबाड गर्ने विषयलाई कुनै पनि अर्थमा सहि मान्न सकिँदैन।’

मूल्याङ्कन प्रक्रियामा पारदर्शिताको अभाव, पुनर्मूल्याङ्कन तथा रिटोटलिङको प्रभावकारी व्यवस्था नभएको कारण असन्तुष्ट विद्यार्थीहरूले काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गर्ने निर्णय गरेका उनीहरूको भनाई छ। उक्त आन्दोलन न्यायोचित र आवश्यक रहेको ठहर गर्दै, संयुक्त विद्यार्थी संगठनको तर्फबाट प्रभावित विद्यार्थीको आवाजप्रति समर्थनका साथै ऐक्यबद्धता व्यक्त गरिएको छ।



संयुक्त प्रेस वक्तव्य

विद्यार्थीहरूको भविष्यसँग जोडिएको शैक्षिक परीक्षा र नतिजाको गम्भीरता प्रति हामी सचेत छौं। हालै कक्षा १२ को परीक्षाफलमा देखिएका त्रुटिहरू तथा केही समयअघि एसईईको नतिजामा व्याप्त कमजोरीहरू सार्वजनिक भएका छन्। परीक्षाफल समयमै प्रकाशन गर्ने शिक्षा मन्त्रालयको प्रयासलाई हामी सकारात्मक रूपमा लिन्छौं। तर, छिटो नतिजा प्रकाशन गर्ने नाममा गरिएका लापरबाही र गम्भीर त्रुटीले विद्यार्थीको मेहनत र जीवनमाथि खेलबाड गर्ने विषयलाई कुनै पनि अर्थमा सहि मान्न सकिँदैन।

मूल्याङ्कन प्रक्रियामा पारदर्शिताको अभाव, पुनर्मूल्याङ्कन तथा रिटोटलिङको प्रभावकारी व्यवस्था नभएको कारण असन्तुष्ट विद्यार्थीहरूले काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गर्ने निर्णय गर्नुभएको छ। उक्त आन्दोलन न्यायोचित र आवश्यक रहेको ठहर गर्दै, हामी संयुक्त विद्यार्थी संगठनको तर्फबाट सम्पूर्ण प्रभावित विद्यार्थीको आवाजप्रति पूर्ण समर्थनका साथै ऐक्यबद्धता व्यक्त गर्दछौं। यस शान्तिपूर्ण प्रदर्शनको सफलताको शुभकामना समेत व्यक्त गर्दछौं।

अन्त्यमा, शिक्षा मन्त्रालयले यस घटनाप्रति गम्भीर ध्यान दिई त्रुटिको समाधान, पुनर्मूल्याङ्कनको वैज्ञानिक व्यवस्था र भविष्यमा यस्तो पुनरावृत्ति नहुने गरी सुधारका कदम चाल्न समेत माग गर्दछौं।

**मिति: २०८३ असार ११**

| | | | | | |
|---|---|---|---|---|---|
| करुणा कटुवाल | दीपक धामी | विजय प्रकाश शर्मा सापकोटा | महेश श्रेष्ठ | नरेन्द्र सी | विरेन्द्र शाह |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | संयोजक |
| नेपाल विद्यार्थी संघ | अनेरास्ववियु | अनेरास्ववियू (क्रान्तिकारी) | अनेरास्ववियू | अखिल (समाजवादी) | अखिल (क्रान्तिकारी) |

| | | | | |
|---|---|---|---|---|
| महेश श्रेष्ठ | सुवाश जिसी | ह्याल तामाङ | सुनिता बुढाथोकी | पोषण कुमार यादव |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | संयोजक |
| अखिल (क्रान्तिकारी) | अखिल (छैठौं) | वैज्ञानिक समाजवादी विद्यार्थी संगठन, नेपाल | जनपक्षीय विद्यार्थी युनियन नेपाल | विद्यार्थी जनमत संघ |

विद्यार्थी संगठनहरूले यस घटनाप्रति गम्भीर ध्यान दिई त्रुटिको समाधान, पुनर्मूल्याङ्कनको वैज्ञानिक व्यवस्था र भविष्यमा यस्तो पुनरावृत्ति नहुने गरी सुधारका कदम चाल्न समेत शिक्षा मन्त्रालयसँग माग गरेका छन् ।

शिक्षामन्त्री सस्मित पोखरेलको निर्देशनमा परीक्षा बोर्डले ४५ दिनमै परीक्षाफल प्रकाशित गरेको थियो । तर, राष्ट्रिय परीक्षा बोर्डले हतारमा परीक्षाफल प्रकाशित गर्दा गडबड भएको भन्दै कक्षा १२ का विद्यार्थीहरू असन्तुष्ट बनेका छन् । बिहीबार उनीहरूले काठमाडौंको माइतीघर मण्डलमा प्रदर्शनसमेत गरेका छन् । हतारमा परीक्षाफल प्रकाशित गर्दा धेरै विद्यार्थीको नतिजा बिग्रिएको उनीहरूको भनाइ छ। धेरै विद्यार्थीले पुनर्योग गर्नुपर्ने र मौका परीक्षा दिनुपर्ने अवस्था आएको उनीहरूले बताएका छन् ।

त्यस्तै, पुनर्योग र मौका परीक्षाका लागि पनि शुल्क धेरै राखेको विद्यार्थीको गुनासो छ । एउटा विषयको पुनर्योग गर्न एक हजार रूपैयाँ शुल्क तोकिएको छ ।

## बालेन...

कुरै भएन र यो पनि एक नम्बरको ब्राम्हणवादी पार्टीको रूपमा देखा परेको छ ।

वर्तमान संसदमा आदिवासी जनजाति प्रत्यक्षमा २७ र समानुपातिकमा ३० जना निर्वाचित हुँदा २७५ जनामा जम्मा २१ % मात्र प्रतिनिधित्व भएको छ। प्रत्यक्षमा १६५ जनामा १६ % र समानुपातिकमा ११० जनामा २७ % प्रतिनिधित्व गराइएको छ। विडम्बना जबकि सरकारी तथ्याङ्क अनुसार पनि आदिवासी जनजातिको संख्या ३४.५१ % रहेको छ। यी आदिवासी जनजातिको रूपमा प्रतिनिधित्व गरिएका सांसदहरूलाई आदिवासी जनजातिका समस्या र मुद्दा के हो भन्ने कुराको जानकारी भएका कति जना होलान् र यसको समाधानका लागि तत्पर हुने कति जना होलान् ? अर्थात् आदिवासी जनजातिको वास्तविक प्रतिनिधित्व कति जनाले गर्लान् भन्ने गंभीर प्रश्न पनि छ। यसले नेपालमा संसदीय पार्टीहरूमा कति धेरै ब्रम्हाणवाद हावी छ भनेर देखाउँछ।

त्यसैले आदिवासी जनजातिको दृष्टिबाट हेर्दा बालेन सरकार र रास्वपाले आदिवासी जनजातिमाथि गणतन्त्र स्थापनापछि विगत संसदीय पार्टीहरूले जसरी उत्पीडन गरे, आज उत्पीडनको निरन्तरता मात्र होइन, त्यो कयौँ गुणा बढेर जानेछ। यसले आदिवासी जनजातिका अधिकारमाथि थप गंभीर असर तथा चुनौती थपिनेछन्। यसको परिणाम भनेको आदिवासी जनजातिका आदिभूमिमाथि जब्बरजस्त थप अतिक्रमण हुने र आदिवासी जनजातिहरू त्यस भूगोलबाट विस्थापित र भूमिहीन बनाउँदै जानेछ। उसको भाषा क्रमशः लोप गराइँदै लानेछ। तिनको आदिभूमिबाट विस्थापन, विभिन्न भूगोलमा विकेन्द्रीकरण र भाषाको लोपले तिनको धर्म, संस्कृति र तिनको जीविका स्वतः बिनास हुनेछ। अन्ततः आदिवासी जनजातिहरूको पहिचान जब्बरजस्ती रूपमा लोप गराइनेछ र व्यक्तिको नामको पछाडि थरमात्र बाँकि रहनेछ। आदिवासी जनजातिका भाषा, कला, संस्कृति, धर्म र जीविका जस्ता जातिको पहिचान म्युजियममा लगेर थन्काइनेछ।

५. यी समस्याको मूल जड भनेको नेपालको दलाल पूँजीवादी तथा सामन्तवादी-ब्राम्हणवादी सत्ता वा ब्राम्हणवाद र यसलाई आड भरोसा दिने साम्राज्यवाद तथा विस्तारवाद हुन्। यसबाट मुक्त हुन यसको समुल नष्ट गरी नेपालमा जनतन्त्र र विदेशी हस्तक्षेप मुक्त स्वाधीन नेपाल हुन अपरिहार्य छ। त्यसैले यो सत्ता र राजनीतिसँग जोडिएको विषय हो। आदिवासी जनजातिका अधिकार जनतन्त्र अर्न्तगत पर्दछ। जनतन्त्र अर्न्तगत आदिवासी जनजातिको समस्या हल गरी उत्पीडन र थिचोमिचोबाट मुक्त हुन आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित पहिचानसहितको संघीयता, स्वायत्तता, स्वशासन पूर्ण समानुपातिक र समावेशी प्रतिनिधित्व अपरिहार्य छ। स्वाधीन नेपालका लागि देशभक्तहरूको शक्ति सत्तासीन हुनु पर्दछ। यो अवस्था र अधिकार संघीय जनगणतन्त्रले मात्र नेपालका आदिवासी जनजातिलाई प्रदान गर्न सक्दछ। यसका लागि स्वाधीन संयुक्त सरकार निर्माणको दिशाबाट अगाडि बढ्नु पर्दछ।

यसका लागि सबै आदिवासी जनजातिहरू तथा जनतामा ब्रम्हाणवादी तथा सम्राज्यवादी उत्पीडनको विरुद्ध चेतनाको शसक्त विकास, सबै आदिवासी जनजातिहरूको शसक्त संगठन निर्माण र ब्रम्हाणवादी सत्ताका विरुद्ध सबै आदिवासी जनजातिहरूको एकीकृत शसक्त आन्दोलनको निर्माण आवश्यक छ। यसका साथै यस आन्दोलनलाई देशको स्वाधीनताको आन्दोलन र वर्गीय, क्षेत्रीय, भाषिक, लिङ्गीय तथा सामाजिक उत्पीडनका विरुद्ध हुने आन्दोलनसँग जोडेर समग्र तथा एकीकृत आन्दोलन निर्माण गरेर मात्र आदिवासी जनजातिको समस्या वा जातीय (राष्ट्रिय) आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन सकिनेछ। संघर्षका लागि आवश्यकता अनुसार संयुक्त मोर्चा बनाउनु पनि अपरिहार्य छ। यसले मात्र माथि उल्लेख गरिएका आदिवासी जनजातिमाथि भइरहेको उत्पीडनबाट मुक्त हुन आवश्यक अधिकारहरू प्राप्त हुनेछ। त्यसैले आदिवासी जनजातिहरू अब खुम्चिएर बस्ने होइन, न्यायप्रेमी जनसमुदायमा पुग्न जरुरी छ।


## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- वर्षाको समयमा बाढी पहिरो तथा चटचाङको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदी किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरू विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरियाजस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।**

नेपाल सरकार
विज्ञापन बोर्ड







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।